# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोधविषय परिचय

साहित्यकार हरिहर पौडेलले कथा, कविता, यात्रा संस्मरण, मुक्तक, गजल, जीवनी जस्ता नेपाली साहित्यका विविध विधामा निरन्तर कलम चलाएका छन् । वि.सं. २०५१ सालमा **इतिवृत्त** नामक कथासङ्ग्रहका माध्यमबाट नेपाली साहित्यिक फाँटमा कथाकारका रुपमा स्थापित पौडेलका साहित्यिक कृतिहरू निम्नानुसार छन् :

अ. **इतिवृत्त** (कथासङ्ग्रह, २०५१)

आ. **कालो उज्यालो** (लघुकथासङ्ग्रह, २०६२)

इ. **नोबेल पुरस्कार विजेता साहित्यकारहरू** (जीवनी २०६२)

**ई. अनुभ्रम प्रतिभ्रम** (कथासङ्ग्रह, २०६६)

हरिहर पौडेलद्वारा सम्पादित कृति र पत्रपत्रिकाहरू निम्नानुसार छन् :

अ. **चिन्तन** कथा २०५८ द्वैमासिकको अङ्क १

आ. **मधूलिका** अङ्क ३ देखि अङ्क १० सम्म

इ. **शब्दहरू अविराम यात्रामा** २०५७

ई **चितवन साहित्य सर्वेक्षण र विश्लेषण २०५२**

हरिहर पौडेल एक कुशल समीक्षक पनि भएकाले उनीद्वारा समीक्षा गरिएका कृतिहरू निम्नानुसार छन् :

अ. **समय र पोखरी** (कथासङ्ग्रह, २०५८ चैत्र ३१)

आ. **आँखीभ्याल** (लघुकथासङ्ग्रह, २०५९ जेठ १८)

इ. **बहलिया** (कथासङ्ग्रह, २०५९ कार्तिक ३०)

साहित्यकार हरिहर पौडेलले विज्ञानका विद्यार्थीहरूलाई उपयोगी हुने दुई वटा पुस्तक प्रकाशित गराएका छन् ।

**अ. भौतिक शास्त्रका नोबेल पुरस्कार विजेता** (विज्ञान ग्रन्थ, २०५८)

**आ. विज्ञान शब्दकोश** (सह-२०६०)

वि.सं. २०४३ साल चैत्रमा 'चिसो पेटीमा समय र वर्तमान युद्ध एक टिप्पणी' नामक कविता **राष्ट्र पुकार** पत्रिकामा प्रकाशित गराएर साहित्यिक यात्रामा औपचारिक पाइला टेकेका पौडेल

मूलतः कथाकार हुन् । उनले साहित्यका विविध विधाहरूमध्ये कथालाई आफ्ना रुचिको क्षेत्र बनाएका छन् । उनले कथा, कविताका अतिरिक्त गजल, मुक्तक, जीवनी, यात्रा संस्मरण आदि पनि

प्रकाशित गराइसकेका छन् । हालसम्म साहित्यिक र साहित्येतर गरी उनका आधा दर्जन पुस्तकाकार कृति प्रकाशित भैसकेका छन् ।

यसरी आधा दर्जन पुस्तकाकार कृति र विभिन्न साहित्यिक पत्रिकाहरूमा फुटकर साहित्यिक लेख रचनाहरू प्रकाशित गराइसकेका सिर्जनशील साधक हरिहर पौडेल एक अनुसन्धेय व्यक्तित्व हुन्, तर उनका बारेमा हालसम्म अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको पाइँदैन । यसैले साहित्यकार पौडेलको जीवनी, व्यक्तित्व र  कृतित्वको अध्ययनलाई यस शोधपत्रको विषय बनाइएको छ ।

## १.२ समस्याकथन

**साहित्यकार हरिहर पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकसँग सम्बद्ध भएर गरिएको शोधकार्यमा निम्न समस्याहरू देखापरेका छन् :

क. साहित्यकार हरिहर पौडेलको जीवनी के-कस्तो छ ?

ख. उनको व्यक्तित्व के-कस्तो छ ?

ग. साहित्यकार पौडेलका साहित्यिक यात्राका क्रममा देखिएका प्रवृत्ति र चरणहरू के-कस्ता रहेका छन् ?

घ. उनका साहित्यिक कृतिहरूको अध्ययन के- कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कन यस शोधपत्रमा प्रस्तुत गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

कथाकार हरिहर पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकमा चयन गरिएका उद्देश्यहरू निम्नानुसार छन् :

क. साहित्यकार हरिहर पौडेलको जीवनी पहिचान गर्नु

ख. उनको व्यक्तित्व पहिचान गर्नु

ग. साहित्यकार हरिहर पौडेलको साहित्यिक यात्राका क्रममा देखापरेका प्रवृत्ति र चरणहरूको चर्चा गर्नु

घ. उनका साहित्यिकार कृतिहरूको अध्ययन विश्लेषण गर्नु ।

यिनै उद्देश्यमा केन्द्रित रही प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

आधुनिक नेपाली साहित्यका क्षेत्रमा उत्तरआधुनिक चेतनाका प्रखर प्रयोक्ता रूपमा बढी चर्चित पौडेलका बारेमा विभिन्न पुस्तकाकार कृति तथा पत्रपत्रिकाहरूमा विभिन्न साहित्यकार एवम् समालोचकहरूद्वारा दिइएका जानकारी तथा टिप्पणीहरूलाई यसरी प्रस्तुत गरिएको छ :

क. इतिवृत्त कथासङ्ग्रहको चर्चा गर्दै लक्ष्मणप्रसाद गौतमले साहित्यकार पौडेललाई टाल्सटाय चेखभ, दोस्तोएम्स्की, मिलान कुन्देरा, ग्राबियल ग्रासिया मार्खेज, निर्मल वर्मा, राजेन्द्र यादव आदिका लेखन मन पराउने र उनको कथालेखन मनुब्राजाकी, किशोर पहाडीको नजिकबाट अगाडि बढेको छ भनेका छन् । गौतमले पौडेलको कथाको कथ्य, संरचना शिल्पमा नयाँ प्रयोगधर्मिता ल्याउन खोज्नु उनको कथाकारिताको नौल्याइ हो भनेका छन् । उनले इतिवृत्तमा प्रयोग भएका विषयवस्तु, परिवेश, द्वन्द्व, चरित्र, भाषाशैली, घटना आदिलाई केलाउने काम गरेका छन् । गौतमले इतिवृत्तमा सामाजिक यथार्थलाई व्यङ्ग्यात्मक रूपमा पौडेलले प्रस्तुत गरेका छन् भनेका छन् । यथार्थताको अतिक्रमण, अपरोक्ष रूपमा साङ्केतिक पृष्ठभूमि विनाको सूक्ष्म सत्यताको प्रस्तुतिका दृष्टिले इतिवृत्तभित्रका कथाहरूमा नौलो संसार छ र अन्य समकालीन नेपाली कथाकारका सापेक्षतामा विभेदकता छ भन्छन् ।[ज्ञ]

ख. हरिहर खनालले चितवनका स्थापित लेखकहरू मध्ये हरिहर पौडेल एक भएको स्वीकार गरेका छन् । पौडेलले विविध विधामा कलम चलाएता पनि मूलतः पौडेल कथाकार हुन् भनी उल्लेख गरेका छन् । यिनको लेखन कार्य २०४० को पछिल्लो दशकबाट सुरु भएको र यिनको पहिलो कृति इतिवृत्तले नारायणी वाङ्मय पुरस्कार (२०५१) प्राप्त गरेको कुरा व्यक्त गरेका छन् ।[द्द]

ग. ध्रुवचन्द्र गौतम, **कालो उज्यालो** (२०६२) कभर पृष्ठमा पौडेल समकालीन लेखनका क्षेत्रमा पृथक पहिचानका साथ आफ्नो लेखकीय छवि बनाइसकेका सशक्त कथाकार हुनुका साथै यिनका कथाले आजका मान्छेका जीवन उसका भोगाइ र विविध सङ्गतिहीनतालाई प्रतिनिधित्व गर्छन् भनी उल्लेख गरेका छन् ।[घ]

घ. शालिकराम ढकालले कालो उज्यालो लघुकथासङ्ग्रहभित्रका कथाहरूको सङ्क्षिप्त विश्लेषण गर्नुका साथै पौडेललाई उत्तर आधुनिक लेखकका रूपमा हेरेका छन् ।[द्ध]

ङ. नन्दु परिश्रमीले पौडेललाई कथा बगैँचाको एक कुशल युवा माली भनेका छन् । उनले कथा के हो ? कथाले के दिनुपर्छ ? कथा कति गहिरिदा राम्रो हुन्छ ? कति कल्पनामा उड्दा ठीक हुन्छ ? भन्ने कुराको सन्तुलन राख्न सक्छन् भनेका छन् । समय, जीवन

---

[१] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** (चितवन :चितवन वाङ्मय प्रतिष्ठान, २०५२) पृ. .

[२] हरिहर खनाल, **चितवनको साहित्य एक विङ्गम दृष्टि,** चितवन महोत्सव स्मारिका (चितवन : उद्योग वाणिज्य सङ्घ, २०५५) पृ. ।

[३] ध्रुवचन्द्र गौतम, **कालो उज्यालो,** (चितवन :चितवन वाङ्मय प्रतिष्ठान, २०६२) कभर पृष्ठ ।

[४] शालिकराम ढकाल, *समसामयिकताको फोटोग्राफी कालो उज्यालो,* **मधूलिका** वर्ष १३, पूर्णाङ्क १०, (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०६५) पृ. ११५ ।

जगत्का बोध भएका, व्यक्तिभित्र उब्जने व्यथा र वेदनालाई आफ्नो कलात्मक क्षमताले कुदेर प्रस्तुत गर्ने, कथाकार मानेका छन् ।[छ]

च. सूक्ष्म सत्यको खोजी गर्दै भाव र विचारलाई अणु बनाएर विस्फोट गर्ने पौडेल व्यङ्ग्यात्मक वा प्रहसनात्मक तरिकाबाट जीवनको यथार्थ प्रस्तुत गर्नुका साथै जीवनलाई विविध कोणबाट हेर्ने कथाकार हुन् भन्ने विचार कपिल अज्ञातको पाइन्छ । बहुआयामिक प्रवृत्ति अनौपचारिक शैली, नवीन प्रस्तुति, आलङ्कारिक प्रवृत्ति, आधुनिक विचार, विविधता, बहुलतावादी चिन्तन, साङ्केतिकता, जीवन भोगाइका जटिलता, आडम्बरविहीन यथार्थता आदि पौडेलका कथानकीय पहिचान र विशेषता हुन् भनी उल्लेख गरेका छन् ।[ट]

छ. कृष्ण गौतमले हरिहर पौडेललाई वेथितिका कथाकार भन्दै उनी खुल्ला, ठट्यौला, हसिला, खोजेको कुरा चिटिक्क पारी भनेर पाठकलाई मख्ख पार्छन् भन्दछन् । उनका कथामा व्यङ्ग्या, विडम्बना, हास्य, पिछडिएको गाउँको लक्षणलाई सहजताका साथ देखाइएको पाइन्छ भन्दछन् । प्रहसनात्मक तथा व्यङ्ग्यात्मक र विडम्बनात्मक तरिकाले जीवनको यथार्थलाई नङ्ग्याएर देखाउने पौडेलका कृतिहरूमा घटनाको वर्णनमा, चित्रणमा, वाक्यहरूको विन्यासमा अथवा पात्रका आचरण र स्वभावमा कथाकारको तर्फबाट प्रस्तुत गरिएका अनुच्छेदहरूमा कतै न कतै विरोध पार्छन् र हामीलाई झस्काउँछन् ।[ठ]

ज. सीताराम कोइरालाले विसङ्गत परिस्थितिलाई औंल्याउँदै कथा लेखनमा शैली, विषयवस्तु, संरचनामा नयाँ-नयाँ प्रयोग गर्ने पौडेल प्रयोगपरक, नवीन किसिमका कथा लेख्ने ऊर्जाशील कथाकार हुन् भनी उल्लेख गरेका छन् ।[ड]

हरिहर पौडेललाई विभिन्न साहित्यकारहरूले आ-आफ्नै ढङ्गले विश्लेषण गरे तापनि ती अझै अधुरै देखिन्छन् । मूलतः पौडेलका प्रारम्भिक लेखनमा समाजका यथार्थताको सजीव चित्रण पाइनुका साथै समाजका वेथिति, विसङ्गतिलाई केलाउँदै व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । पौडेलका पछिल्लो समयमा लेखिएका कथाहरूमा भने नवीन प्रयोग देख्न सकिन्छ । विज्ञान जस्तो जटिल कुरालाई पनि साहित्यिक रङ्ग भरेर आफ्ना रचनामा समावेश गराएको पाइन्छ । उनका पछिल्ला चरणका कथाहरूमा भने उत्तरआधुनिक प्रवृत्तिले समेत स्थान पाएको पाइन्छ । पौराणिक पात्रहरूलाई समेत उनले कथाहरूमा विभिन्न प्रतीकका माध्यमबाट नवीन ढङ्गले देखाएको पाइन्छ । उनका लघु र लघुत्तर कथाहरूमा भने समाजका विकृति, विसङ्गतिलाई औंल्याउँदै त्यसप्रति तिखो व्यङ्ग्य प्रहार गर्नुका साथै समाज सुधारको सन्देश पनि पाइन्छ । अन्तमा हरिहर

---

५ नन्दु परिश्रमी, *इतिवृत्तको वृत्तान्त,* **मिर्मिरे** (काठमाडौँ : नेपाल राष्ट्र बैंक, २०५२) पृ. १२० ।

६ कपिल अज्ञात, *'अनुभ्रम प्रतिभ्रम' प्रभाव र प्रयोगको नमूना,* **मधूलिका,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, वर्ष १४, पूर्णाङ्क ११, २०६६), पृ. .

७ कृष्ण गौतम, *साहित्यमा विज्ञानका दुई भाइ, 'आफ्नै विधा आफ्नै आवाज',* **गरिमा,** वर्ष १४, अङ्क ६, पूर्णाङ्क १६१, २०५३, पृ. ३६ ।

८ सीताराम कोइराला, **संवादमा स्रष्टाहरू,** (चितवन : नारी साहित्य प्रतिष्ठान) प्रथम संस्मरण, २०६४) पृ. १५१ ।

पौडेलले कथा, लघुकथाका गुणात्मक कृतिहरू लेखेर नेपाली साहित्यमा गरेको योगदान सराहनीय छ ।

## १.५ शोधकार्यको औचित्य र महत्व

हरिहर पौडेल मोफसलका प्रबुद्ध साहित्यकार हुन् । उनलाई केन्द्रीय तहमा चिनाउन यो शोधपत्र सक्षम रहेको छ । नेपाली साहित्यको क्षेत्रमा कलम चलाउने साहित्यकारका बारेमा शोध हुनु आफैंमा महत्वपूर्ण कार्य हो तर साहित्यकार र उसका कृतिका सूक्ष्म पक्षलाई केलाउनु एउटा जटिल कुरा हो । अनुसन्धान गहन हुनुपर्ने भएकाले विभिन्न स्रोत साधन जुटाएर व्यवस्थित रूपमा गरिएको यो अध्ययन अनुसन्धान स्वयम्मा औचित्यपूर्ण छ । साहित्यकार हरिहर पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन समकालीन तथा उत्तरवर्ती प्रतिभाहरूको लागि प्रेरणादायी रहेको छ ।

## १.६ शोधपत्रको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रमा साहित्यकार हरिहर पौडेलको जीवनी र व्यक्तित्वको जानकारी दिँदै उनका हालसम्म प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन गरिएको छ । हरिहर पौडेलको जीवनका आरोह, अवरोह र व्यक्तित्वका विभिन्न पाटाहरूको रूपरेखा खिच्दै साहित्यिक कृतिहरूको अध्ययन प्रस्तुत गर्नु शोधको सीमा रहेको छ । यो शोध **इतिवृत्त** कथासङ्ग्रह, **कालो उज्यालो** लघुकथासङ्ग्रह, **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रह र **नोबेल पुरस्कार विजेता साहित्यकारहरू** नामक कृतिरूको अध्ययन, विश्लेषणमा सीमित रहेको छ । उनका साहित्येतर कृतिहरूको भने यसमा अध्ययन गरिएको छैन ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

यो शोधपत्र तयार पार्दा प्रस्तकालयीय विधिका आधारमा सम्बद्ध पुस्तक, पत्रपत्रिका तथा समीक्षात्मक लेख आदिको अध्ययन गरी त्यसैमा प्राप्त सामग्री सङ्कलन गरिएको छ । अन्तर्वार्ता पद्धतिद्वारा कुराकानी, वार्तालाप वा साक्षात्कार गरिनुका साथै आवश्यकता अनुसार वर्णनात्मक व्याख्यात्मक विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सु-संगठित ढाँचामा बाँधिएको छ । यसलाई परस्पर शृङ्खलित र सु-व्यवस्थित बनाउनका लागि छ परिच्छेदमा विभाजन गरी आवश्यकता अनुसार तिनमा पनि विभिन्न शीर्षक उपशीर्षकहरूमा बाँडिएको छ । प्रस्तुत शोधपत्रको ढाँचा निम्नप्रकारको रहेको छ :

**परिच्छेद : एक – शोधपरिचय**

यस परिच्छेदमा मुख्य शीर्षक शोधपरिचय राखिएको छ । यस अन्तर्गतका उपशीर्षकहरूमा शोधविषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्व, शोधपत्रको क्षेत्र र सीमा, सामग्री सङ्कलनविधि, शोधविधि, शोधपत्रको रूपरेखाजस्ता शीर्षक उपशीर्षक माथि प्रकाश पारिएको छ ।

**परिच्छेद : दुई – साहित्यकार हरिहर पौडेलको जीवनी**

यस परिच्छेदमा साहित्यकार हरिहर पौडेलको जीवनी मुख्य शीर्षक राखिएको छ । यस शीर्षक अन्तर्गत उपशीर्षकहरूमा पृष्ठभूमि, जन्म, बाल्यकाल र शिक्षादीक्षा, वैवाहिक र पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, कार्यक्षेत्र, प्रवेश र निरन्तरता, सामाजिक क्षेत्रमा संलग्नता, रुचि र भ्रमण, सम्मान र पुरस्कार, जीवनदर्शनमाथि प्रकाश पारिएको छ । अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद : तीन – साहित्यकार हरिहर पौडेलको व्यक्तित्व**

यस परिच्छेदमा मुख्य शीर्षक साहित्यकार हरिहर पौडेलको व्यक्तित्व राखिएको छ । यस अन्तर्गतका उपशीर्षकहरूमा पृष्ठभूमि बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्व रहेका छन् । आन्तरिक व्यक्तित्वका उपशीर्षकहरूमा कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, मुक्तककार व्यक्तित्व, नियात्राकार व्यक्तित्व, गजलकार व्यक्तित्व, वार्ताकार व्यक्तित्व, जीवनी लेखक व्यक्तित्व, स्तम्भकार व्यक्तित्व, समीक्षक व्यक्तित्व, अनुवादक व्यक्तित्व, सम्पादक व्यक्तित्व, कोशकार व्यक्तित्व, प्राध्यापक व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व, वैज्ञानिक व्यक्तित्व रहेका छन् । अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद : चार – साहित्यकार हरिहर पौडेलको साहित्ययात्राका क्रममा देखिएका प्रमुख प्रवृत्ति र चरण विभाजन**

यस परिच्छेदमा मुख्य शीर्षक साहित्यकार हरिहर पौडेलका साहित्यिक यात्राका क्रममा देखिएका प्रवृत्ति र चरण विभाजन राखिएको छ । यसका उपशीर्षकहरूमा उनका साहित्यिक यात्रालाई साहित्यिक चिन्तनका आधारमा पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई भागमा विभाजन गरी त्यसका

विशेषता प्रस्तुत गरिएका छन् । परिच्छेदको अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद : पाँच – साहित्यकार हरिहर पौडेलका प्रकाशित साहित्यक कृतिहरूको अध्ययन**

यस परिच्छेदमा मुख्य शीर्षक साहित्यकार हरिहर पौडेलका प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन राखिएको छ । यस परिच्छेदमा उनको पहिलो प्रकाशित साहित्यिक कृति **इतिवृत्त**लाई संरचना, शीर्षक, कथावस्तु, पात्र, संवाद, परिवेश, उद्देश्य, भाषाशैली, दृष्टिबिन्दुका आधारमा कथालाई विश्लेषण गरिएको छ । यस परिच्छेदमा **कालो उज्यालो** कृतिको लघुकथाका साथै **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहका कथाहरूको विश्लेषण गरिएको छ । अन्त्यमा तीनै कथाको विश्लेषण पश्चात् निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद : छ – उपसंहार**

यस परिच्छेद अन्तर्गत उपसंहार भाग राखिएको छ । त्यसपछि सन्दर्भ पुस्तकसूची र पत्रपत्रिकासूची राखिएको छ ।

# परिच्छेद : दुई
# साहित्यकार हरिहर पौडेलको जीवनी

## २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिले जीवनभर गरेका काम कुराको क्रमबद्ध लेखन, कथन, जीवनचरित्र अर्थात् कसैको जीवन सम्बन्धी इतिवृत्त नै जीवनी हो ।[ज्ञ] जीवनी विशिष्ट व्यक्तिको मात्र लेखिन्छ जो समाज र देशका निम्ति राम्रा काम गर्दछन् । जीवनीलाई नै जीवन चरित्र भनिन्छ ।[ड़] कुनै व्यक्तिका जीवनमा घटेका घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । व्यक्तिका जीवनमा घट्ने सबै घटनाहरूलाई जीवनीमा उल्लेख नगरे तापनि सर्वाधिक महत्वपूर्ण र उसको व्यक्तित्व निर्माणमा प्रभाव पार्ने घटनाहरूलाई जीवनीमा समेटिएको हुन्छ । कुनै पनि व्यक्तिको जीवन स्थिर नभई गतिशील हुने हुँदा विभिन्न आरोह-अवरोह पार गर्दै आफ्नो जीवनयात्रा पूरा गर्दछ । संसारका हरेक मान्छेका जीवनी हुन्छ । यति हुँदाहुँदै पनि साहित्यिक, सामाजिक, राजनैतिक, धार्मिक आदि क्षेत्रमा उल्लेख्य योगदान दिन सक्ने व्यक्तिको जीवनी नै महत्वपूर्ण मानिन्छ । यस्ता व्यक्तिको जीवनका सङ्घर्ष, लगनशीलता, पुरुषार्थ, सफलता, बौद्धिक चातुर्य पछिल्लो पुस्ताका लागि पदप्रदर्शक प्रेरणादायी र अनुकरणीय सावित हुन्छन् । यहाँ हरिहर पौडेलले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानहरूलाई हेरेर उनको जन्मदेखि हालसम्मको सङ्क्षिप्त वृतान्त प्रस्तुत गरिएको छ । यिनले प्रशस्त लघुकथा लेखेका छन् । यिनका कथा आयामका दृष्टिले अति छोटा छन् । नेपाली लघुकथा पाटोका माली[घ] हरिहर पौडेलले नेपाली साहित्यका क्षेत्रमा नयाँ-नयाँ प्रयोग गरी उल्लेख्य योगदान गरेको हुँदा उनको जीवनी अध्ययन, विश्लेषण गर्न आवश्यक मानिएको छ ।

### २.१.१ जन्म

हरिहर पौडेलको जन्म वि.सं. २०२५ श्रावण २२ गते मंगलबार भारतको पूर्वीराज्य असमको डिब्रुगढ जिल्लाको तीनसुकियामा माता इमाकुमारीको कोखबाट भएको हो ।[ढ] उनका चार दाजुभाइ र तीन दिदीबहिनी छन् , आत्रेय गोत्रीय उपाध्याय ब्राह्मण परिवारका मोतीप्रसाद हरिहरका पिता पर्वत जिल्लाको धुवाँकोटका सम्पन्न किसान थिए ।[छ] त्यस समय गाउँमा आयआर्जन (जीविकोपार्जन) का लागि निश्चित स्रोत नभएकाले जागिरको खोजमा मोतीप्रसाद गाउँले लाहुरेको साथ लागि छिमेकी राष्ट्र भारतको असमतर्फ लागेका थिए । मोतीप्रसादले

---

[१] बालकृष्ण पोखेल (निर्देशक), **नेपाली वृहद् शब्दकोश,** पाँचौ संस्करण (काठमाडौं : ने.रा.प्र.प्र., २०५८), पृ. ४७० ।

[२] कृष्णप्रसाद पराजुली, **राम्रो रचना मिठो नेपाली,** २० औं आवृत्ति (काठमाडौं : सहयोगी प्रेस, २०५४), पृ. ३०१ ।

[३] कपिल अज्ञात, *लघुकथाका विशिष्ट प्रयोक्ता : हरिहर पौडेल,* साप्ताहिक चितवन (वर्ष १४, अङ्क ११, पूर्णाङ्क ६५६, २०६६) पृ. ३ ।

[४] शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

[५] ऐजन ।

भारतीय तेल निगममा स्थायी कर्मचारीका रूपमा जीवनका चौतीस वर्ष बिताएका थिए ।[६] यसरी कामको सिलसिलामा भारत रहँदा मोतीप्रसाद पौडेल र इमाकुमारी पौडेलका दोस्रो पुत्रका रूपमा हरिहर पौडेल यस धर्तीमा जन्मिएका थिए ।

तीनसुकियाको सवापत्थरमा मोतीप्रसादको आफ्नै जग्गाजमिन, घर खेतीपातीसमेत रहेको थियो । यसरी जागिरे जीवन बिताएका मोतीप्रसादले जीवनलाई नजिकबाट नियाल्ने मौका पाएका थिए । उनले जीवनका आरोह-अवरोह पार गर्नका लागि शिक्षाले सेतुको काम गर्छ भन्ने राम्ररी बुझेका थिए त्यसैले आफ्ना सन्तानलाई शिक्षाको उज्यालोबाट वञ्चित गर्नुहुन्न भन्ने महान् भावना लिएका थिए । उनले आफ्नो घरमा **महाभारत, रामायण, चण्डी, श्रीस्वस्थानी व्रतकथा**जस्ता प्रशस्त धार्मिक पुस्तकहरू राखेका थिए ।[७]

### २.१.२ बाल्यकाल र शिक्षादीक्षा

सम्पन्नशाली परिवारमा जन्मेका हरिहर पौडेलको बाल्यकाल अत्यन्त मायालु, स्नेहपूर्ण, सुखमय वातावरणमा बितेको थियो ।[८] बाल्यावस्थाले मानव जीवनको मार्गचित्र कोर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उनी आफ्नो बाल्यवस्था अत्यन्त सुखमय र पूर्णस्वादले भरिएको ठान्दछन् ।[९] जीवनका विभिन्न पाटाहरूबाट बाल्यकाल हटाइदिंदा जीवन अपूर्ण कथा हुन्छ भन्ने धारणा हरिहर पौडेलको छ । प्रायः सबैको बाल्यकाल निर्मल, अबोध, चञ्चल, सरल प्रकृतिको हुन्छ, हरिहर पौडेलको बाल्यकाल पनि त्यस्तै किसिमका थियो । मोतीप्रसादले जीवनको प्रौढावस्थामा मात्र छोराछोरी जन्माउन सफल भएको हुँदा निःसन्देह उनलाई अत्यन्त मायालु र हार्दिक वातावरणमा हुर्काएका थिए ।[१०]

'घर नै बालबालिकाको पहिलो पाठशाला हो' भन्ने भनाइ कथाकार पौडेलको जीवनबाट पनि अछुतो रहन सकेन । शिक्षाको महत्वलाई राम्रोसँग बुझेका मोतीप्रसादले हरिहर पौडेललाई घरमै राखेर अनौपचारिक शिक्षा दिने प्रबन्धसमेत मिलाएका थिए ।[११] पाँच वर्षको कलिलो उमेरमै हरिहरका पिताले सवापत्थरको स्थानीय प्राथमिक विद्यालयमा उनको पढ्ने प्रबन्ध मिलाएर औपचारिक शिक्षाको श्रीगणेशसमेत गराइदिएका थिए ।[१२]

सन् १९७० को दशकको सुरुका वर्षतिरैबाट भारतको असम राज्यमा गैर असमीरूप्रति सामाजिक दुर्व्यवहार गर्दै त्यहाँ बसेका नेपालीहरूलाई असम छोड्न बाध्य पार्न सुरु गरिएको थियो । लामो समयसम्म जागिरे जीवन बिताइसकेको र नेपालमा रहेकी आफ्नी आमाको स्वास्थ्य

---

[६] शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] ऐजन ।

नाजुक भएकाले सन् १९७३ मा मोतीप्रसाद जागिरबाट राजीनामा दिई आफ्नो चल-अचल सम्पत्ति बेचबिखन गरी सपरिवार नेपाल फर्किएका थिए ।[ज्ञघ] आफ्ना पिताको नेपाल आगमनसँगै उनी पनि नेपाल फर्की राष्ट्रिय प्राथमिक विद्यालय आनन्दपुरमा आफ्नो कक्षा दुई र तीनको पढाइ पूरा गरे । त्यसपछि उनले कक्षा चारदेखि प्रवेशिकासम्मको पढाइ विश्वप्रकाश माध्यमिक विद्यालय मङ्गलपुरबाट पूरा गरे । उनी जेहेन्दार छात्र हुनुका साथै पढाइमा तेज भएको हुँदा सधैँ प्रथम, द्वितीय स्थान ल्याई स्कुले जीवनमा पुरस्कृत हुँदै आएका थिए ।[ज्ञद्ध] प्रथम श्रेणीमा प्रवेशिका उत्तीर्ण गरेपछि हरिहर आफ्नो पढाइलाई अगाडि बढाउन वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा विज्ञान विषय लिएर आइ.एस्सी. अध्ययन गर्न थालेका[ज्ञछ] र वि.सं २०४४ सालमा प्रमाणपत्र तह उत्तीर्ण गरी २०४७ सालमा त्रिचन्द्र कलेज काठमाडौँबाट बी.एस्सी. उत्तीर्ण गरेका हुन् । त्यसपछि भौतिक शास्त्र केन्द्रीय शिक्षण विभाग कीर्तिपुरबाट वि.सं. २०५१ मा एम.एस्सीसम्मको अध्ययन पूरा गरेका छन् ।[ज्ञट] यत्तिमा मात्र आफ्नो अध्ययनलाई सीमित नराखी उनले भारतको बनारस हिन्दू विश्वविद्यालय वाराणसीको भू-भौतिकशास्त्र विभागबाट **नेपाल र यस वरिपरिको क्षेत्रको भूकम्पीय बनोट र जोखिम** शीर्षकमा सन् २००८ मा विद्यावारिधिसमेत सम्पन्न गरेका छन् ।[ज्ञठ]

### २.१.३ वैवाहिक र पारिवारिक स्थिति

जीवनसाथी विना जीवन नै अधुरो हुने महसुस गरी हरिहर पौडेल अट्ठाइस वर्षको उमेरमा नारायणी अञ्चल चितवन जिल्ला भरतपुर, १० हाकिमचोक निवासी कौशिक गोत्रीय बोधराज शर्मा र मीरा रेग्मीका तीन छोरीहरूमध्ये कान्छी पुष्पा रेग्मीसँग वि.सं. २०४४ वैशाखमा विवाह बन्धनमा बाँधिन पुगेका थिए । तेइस वर्षको उमेरमा हरिहरको जीवनसंगिनी बन्न पुगेकी पुष्पा घरेलु, सामाजिक, बौद्धिक कार्यमा एक असल सहयोगी एवम् सहयात्रीका रूपमा रहेको कुरा थाहा भएको छ ।[ज्ञड] आफ्नो भूमिका कुशलतापूर्वक निर्वाह गर्न सक्षम पुष्पा आफ्ना श्रीमान्ले कमै उमेरमा प्राप्त गरेको उच्चपद (सहप्राध्यापक) एवम् साहित्यिक, बौद्धिक क्षेत्रमा चलेको लोकप्रियता र नामले आफूलाई ज्यादै खुसी लागेको बताएकी छन् ।[ज्ञढ] आफूलाई पत्नी प्रेमी रहेको बताउने हरिहर पौडेल एवम् पुष्पा पौडेलका दुई जना छोरीहरू छन् । जेठी छोरी अङ्किता र कान्छी छोरी अन्तराले बाबु आमाको अपार माया, प्रेम र स्नेहको छहारीमा आफ्नो बाल्यकाल सुखद र ममतामयी वातावरणमा बिताउँदै आएकी छन् । जेठी छोरी हाल कक्षा ९ मा अध्ययनरत छिन् भने

---

[१३] शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

[१४] ऐजन ।

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] >ीमती पुष्पासँगको मौखिक अन्तवार्ता अनुसार ।

कान्छी छोरी अन्तरा कक्षा ३ मा अध्ययनरत छिन् ।[२०] सुशील, भद्र र सहयोगी पुष्पाले पनि नेपाली विषयमा स्नातकोत्तर गरिसकेकी छिन् । साहित्यका क्षेत्रमा नारीप्रधान कथाहरू लेखेर पाइला चाल्दै गरेकी पुष्पा नारी हस्ताक्षरका रूपमा उभिन प्रयत्नशील देखिन्छिन् ।

### २.१.४ आर्थिक अवस्था र पेसा

हरिहर पौडेलका पिताको पेसा जागिर थियो तापनि जागिरबाट अवकास प्राप्त गरेपछि भ.न.पा. १३ मा रहेको जग्गा जमिनमा खेतीपाती र गाईवस्तु पाल्ने गरेको देखिन्छ । हरिहरका पिता एक मेहनती, कर्मठ किसान भएकाले घरमै प्रशस्त अन्नपात र दुध दही हुने गर्थ्यो । पिताजीको पेन्सनका अतिरिक्त अरू सबै खर्च खेतीपातीबाट प्राप्त आम्दानीबाट हुने गर्थ्यो । मध्यम वर्गीय हरिहर पौडेलको पैतृक सम्पत्तिका रूपमा रहेको जग्गा जमिनमा विभिन्न किसिमको खेतीपाती हुने गरेको छ । कर्मठ, परिश्रमी, लगनशील, मेहनती र चतुर हरिहर पौडेल आफ्नो लागि आफैले आर्जन गर्नुपर्छ भन्ने लक्ष्यका साथ जीवनलाई क्रियाशील, स्वावलम्बी बनाउन तल्लीन छन् ।

वि.सं. २०५१ सालमा स्नातकोत्तर उत्तीर्ण गरी सोही वर्ष चार महिना आंशिक शिक्षकका रूपमा रही कार्य गरी पुस महिनाबाट वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा सहायक प्राध्यापकका रूपमा उनको प्राध्यापकीय पेसा सुरु भएको हो ।[२१] वि.सं. २०५४ साल असारबाट उपप्राध्यापक पदमा खुला प्रतिस्पर्धाबाट स्थायी भएको पाइन्छ । सफलतालाई चुम्न खप्पिस हरिहर २०६६ सालमा पुनः पदोन्नति भई सहप्राध्यापक पदमा हालसम्म कार्यरत छन् । प्राध्यापकीय पेसा अँगाल्दा सधैँ आर्थिक अभाव रहे तापनि यो पेसा स्वच्छ, पवित्र रहकोले आफू सन्तुष्ट रहेको बताएका छन् । आफूले ज्ञान दिएका विद्यार्थी उच्चपदमा पुग्न सफल भएको देख्दा आफ्नो जीवन नै सार्थक भएको मानेका छन् । यसरी आफ्नो पेसाप्रति सन्तुष्ट रहने हरिहरको मुख्य आम्दानीको स्रोत जागिर नै हो र यसबाट प्राप्त पैसाले उनको घर खर्च चलेको देखिन्छ ।[२२] आफ्नै पेसासँग सम्बन्धित वागेश्वरी आदर्श कलेज नामक विज्ञान १०+२ शैक्षिक संस्था वि.सं. २०५४ मा स्थापना गरी सञ्चालनसमेत गरेका थिए र तीन वर्षसम्म सो संस्थामा आबद्ध रहेका थिए ।[२३] यसका साथै उनले चितवनका विभिन्न उ.मा.वि.हरूमा भौतिक शास्त्र विषयको प्रध्यापन गरेको पाइन्छ । समग्ररूपमा हेर्दा उनी आफ्नो पेसामा कुशल, दक्ष र सफल देखिएका छन् । उनको आर्थिक अवस्था पनि सन्तोषजनक र सफल नै रहेको पाइएको छ ।

---

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] ऐजन ।

[२३] ऐजन ।

## २.१.५ कार्यक्षेत्र र प्रवेश निरन्तरता

"आफू बाँचिरहेको समय र स्पेश नै मेरो लेखनको आन्तरिक प्रेरणा हो"[२४] भन्ने पौडेल टाल्सटाय चेखभ, दोस्तोएभ्स्की, मिलान कुन्देरा, ग्राबियल ग्रासिया मार्खेज, निर्मल वर्मा, राजेन्द्र यादव आदिका लेख मन पराउँछन् । उनको कथालेखन यात्राचाहिँ मनुब्राजाकी र किशोर पहाडीको कथायात्राको नजिकबाट अगाडि बढेको देखिन्छ ।[२५] स्कुले तहमा अध्ययन गर्दा विद्यालयमा हुने साहित्यिक प्रतियोगीताका लागि कविता लेख्ने क्रमबाट उनको साहित्यिक लेखन सुरु भएको हो । स्कुले जीवनमा पुस्तकालयमा रहेका साहित्यिक कृतिहरूको निरन्तर अध्ययनले साहित्यप्रति उनको रुचि बिस्तारै बढ्दै गयो । प्रवेशिका पछिको फुर्सदको समयमा नारायणगढ स्थित नारायणी पुस्तकालयका सबैजसो महत्वपूर्ण साहित्यिक कृतिहरू र साहित्यिक पत्रिकाको अध्ययनपछि आफू साहित्य लेखनतर्फ आकर्षित भएको मान्दछन् । हिन्दी साहित्यका थुप्रै कथा, उपन्यास पढेपछि भने उनी कथा लेखनतर्फ आकर्षित भएका छन् । वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको पुस्तकालयमा रहेका साहित्यिक पुस्तक, पत्रिका आदिको अध्ययनले पनि उनको साहित्यिक अध्ययनको गहिराइ बढाउँदै लग्यो । यसरी प्राप्त गरेको साहित्यिक खुराकले उनको कथा, कविता लेख्ने क्रमलाई तीव्रता र गुणस्तरीयता प्रदान गऱ्यो । यसै गरी वि.सं. २०४२ सालमै गुलाफबाग नारायणपुरमा स्थानीय युवाहरूको सक्रियतामा स्थापित समाज सेवा युवा क्लबले मासिक रूपमा प्रकाशित गर्ने भित्ते पत्रिका जुनकीरीका सम्पादक मण्डलमा रही उनले कार्य गरेका र सोही पत्रिकामा आफ्ना कविताहरू छपाउन लागेका थिए ।[२६] समाज सेवा युवा क्लबले स्थापना गरेको पुस्तकालय र त्यसले आयोजना गर्ने साहित्यिक गोष्ठीहरूले उनको लेखन कार्यमा परिमाणात्मक र गुणात्मक वृद्धि गर्दै लगेको पाइन्छ । २०४२ पछिका दुई वर्षमा उनले थुप्रै साहित्यिक गोष्ठीहरूमा कविता वाचन गरी पुरस्कारसमेत हासिल गरेको देखिन्छ । वि.सं. २०४३ चैत्रमा उनका दुई कविता *चिसो पेटीमा समय* र *वर्तमान युद्ध एक टिप्पणी* **राष्ट्रपुकार** साप्ताहिकमा काठमाडौँबाट प्रकाशित भएको पाइन्छ । यो नै उनको पहिलो प्रकाशित कविता हो ।[२७] २०४४ सालमै उनको एक दर्जनभन्दा बढी कविताहरू साप्ताहिक पत्रिकाहरू **मधुपर्क, छहरो** आदिमा प्रकाशित भएका छन् । **मधुपर्क, गरिमा** आदि नेपाली र **हंस, सारिका** आदि हिन्दी साहित्यिक पत्रिकाको २०४२ देखि निरन्तर रूपमा अध्ययन गरेका पौडेलले प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेपछि बी.एस्सी. अध्ययनका लागि काठमाडौँ गएपछि उनका रचनाहरू नियमित रूपले प्रकाशित हुने क्रम सुरु भएको पाइन्छ । उनको पहिलो प्रकाशित कथा **कारण** (२०४४, समष्टि) हो । सोही वर्ष उनका *कलाकार* **उत्साह,** *आत्महत्याको प्रयास* **गरिमा** आदि पत्रिकामा उक्त कथाहरू प्रकाशित भएका थिए । त्यसपछि

---

[२४] सीताराम कोइराला (संम्पा.), *लेख्नु त आफूलाई अभिव्यक्त गर्नु हो,* **संवादमा स्रष्टाहरू,** (काठमाडौ : नारी साहित्य प्रतिष्ठान, २०६४), पृ. १५२ ।

[२५] लक्ष्मणप्रसाद गौतम, *चितवनको कथा साहित्य परम्परा र पृष्ठभूमि,* **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२), पृ. ८७ ।

[२६] शोधनायकसागको मौखिक अन्तर्वार्ता अनुसार ।

[२७] ऐजन ।

उनको कथा, लेखन र प्रकाशनको क्रम निरन्तर चलिरहेको पाइन्छ । लघुकथाका युवा माली[२८] पौडेलको **बाटो र विचार** पहिलो प्रकाशित लघुकथा हो । २०५४ सालदेखि उनका थुप्रै लघुकथाहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनको एउटा लघुकथासङ्ग्रह **कालो उज्यालो** (२०६२) पनि प्रकाशित भइसकेको छ । आफ्नो साहित्यिक यात्रालाई निरन्तर अगाडि बढाउने क्रममा उनका थुप्रै यात्रा संस्मरण, मुक्तक, समीक्षा, गजल पनि निरन्तर प्रकाशित भएको देखिन्छ । उनको कलम अनुवादतर्फ पनि सक्रिय देखिन्छ । उनले फ्रान्त्स काफ्काका अस्तित्ववादी चिन्तनले भरिएका कथाहरूको नेपालीमा अनुवादसमेत गरेका छन् । उनले नेपालीमा अनुवाद गरेका कथाहरू *रुखहरू र एउटा सानो कथा* हो । त्यस्तै युयुत्स आरडी शर्माको विसङ्गतिवादी, अस्तित्ववादी चेतनाले भरिएका दुई कविताको पनि नेपाली अनुवाद गरेका छन् । मेसेडोनियाका महाकवि योजो वोस्केभस्कीका केही कविताहरू पनि उनको अनुवादकत्वमा नेपालीमा प्रकाशित भएका छन् ।

हरिहर पौडेलले थुप्रै पुस्तक पत्रपत्रिकाहरू सम्पादन गरेका छन्, जसको विवरण यसप्रकार रहेको छ :

क. **चिन्तन** (कथाप्रधान  द्वैमासिक पत्रिका) २०४८

ख. **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** २०५२

ग. **शब्दहरू अविराम यात्रामा** (संयुक्त कवितासङ्ग्रह) २०५९

घ. **मधूलिका** (राष्ट्रिय साहित्यिक पत्रिका) २०५५ देखि निरन्तर

हरिहर पौडेलका हालसम्म प्रकाशित साहित्यिक कृतिहरू यसप्रकार छन् :

क. **इतिवृत्त** कथासङ्ग्रह (२०५१, चितवन वाङ्मय प्रतिष्ठान)

ख. **कालो उज्यालो** लघुकथासङ्ग्रह (२०६२, चितवन वाङ्मय प्रतिष्ठान)

ग. **नोबेल पुरस्कार विजेता साहित्यकारहरूको जीवनी** (सहलेखन) २०६२, रत्नपुस्तक भण्डार, काठमाडौँ ।

घ. **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रह (२०६६, चितवन वाङ्मय प्रतिष्ठान)

हरिहर पौडेल साहित्यकारका अतिरिक्त विज्ञानका विद्यार्थीसमेत भएकाले विज्ञान विषयसँग सम्बन्धित पुस्तकहरू पनि प्रकाशित गरेका छन्, ती यसप्रकार रहेका छन् :

क. **भौतिक शास्त्रका नोबेल पुरस्कार विजेता** (विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, २०५८)

ख. **विज्ञान शब्दकोश** सहलेखन (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०)

यी पुस्तकाकार कृतिका अतिरिक्त फुटकर लेख, रचनातर्फ पनि उनको कलम द्रुततर गतिमा अगाडि बढेको देखिन्छ । उनका लघुकथा, कविता, यात्रा संस्मरण, मुक्तक, गजल आदि साहित्यिक रचनाहरू **गरिमा, मधुपर्क, रूपरेखा, मिर्मिरे, अभिव्यक्ति, आरोहण, मारुनी, पल्लव, दोभान, आयाम,**

[२८] कपिल अज्ञात, *लघुकथाका विशिष्ट प्रयोक्ता हरिहर पौडेल,* **साप्ताहिक चितवन,** (वर्ष १४, अङ्क ११, पूर्णाङ्क ६५६), पृ. ३ ।

**तन्नेरी, गोरखापत्र, अक्षर, सगर, रत्नश्री, चिन्तन, जनमत** आदि दर्जनौं पत्रपत्रिकाहरूमा निरन्तर रूपमा प्रकाशित भएका छन् ।[29] यसरी उनका हालसम्म पाँच दर्जनजति कथा, चार दर्जनजति कविता, एक दर्जन यात्रा संस्मरण, डेढ दर्जनजति मुक्तक, आधा दर्जनजति गजल प्रकाशित भएको पाइन्छ ।

उनले समकालीन साहित्यकर्मीहरू खुमनारायण पौडेल, लक्ष्मणप्रसाद गौतम, लीलामणि भट्टराई, धर्म प्रधान 'अकिञ्चन', प्रकाश थापासँग मिलेर २०५१ सालमा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन र समन्वयनका लागि उत्कृष्ट कृतिको प्रकाशन, प्रतिभा, सम्मान आदिका माध्यमबाट विशिष्ट साहित्यिक योगदान पुऱ्याउने उद्देश्यले **चितवन वाङ्मय प्रतिष्ठान** नामक साहित्यिक संस्था स्थापना गर्न र संगठित रूपमा अगाडि बढाउन विशेष योगदानसमेत दिएको देखिन्छ । साथै उक्त संस्थामा संस्थापक उपाध्यक्षसमेत रही सक्रिय रूपमा साहित्यिक गतिविधिमा संलग्न रहेको देखिन्छ ।[30] चितवन वाङ्मय प्रतिष्ठानले अनुसन्धानात्मक, सृजनात्मक स्तरीय कृतिहरू प्रकाशन गर्दै जाने क्रममा हालसम्म विभिन्न लेखकहरूका पन्ध्र पुस्तक प्रकाशित गरिसकेको छ भने **मधूलिका** नामक राष्ट्रिय साहित्यिक पत्रिका निरन्तर प्रकाशित गरिरहेको छ । यसका अतिरिक्त सो संस्थाले विभिन्न साहित्यिक कार्यक्रमहरू पनि निरन्तर रूपमा गर्दै आएको छ ।

विज्ञान एउटा जटिल विषय हुँदाहुँदै पनि विज्ञानका कुरा सबैले बुझ्नुपर्छ भन्ने मान्यता राखी सरल, सहज रूपमा विज्ञान विषयक लेखहरू पौडेलले प्रकाशित गराइसकेका छन् । यसका अतिरिक्त उनले आफ्नो विषयगत शोध, अनुसन्धान गरेर लेखेका अनुसन्धानात्मक शोधपत्रहरू सम्बन्धित विषयका राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलहरूमा डेढ दर्जनभन्दा बढी प्रकाशित भएका छन् । साथै स्नातक तहका भौतिकशास्त्रका विद्यार्थीका लागि उनले सहलेखनका रूपमा तीनवटा पाठ्यपुस्तक लेखेका छन् । यसरी प्राध्यापकीय कार्यमा लागेका हरिहरले फुर्सदको समयको सही सदुपयोग गर्दै नेपाली साहित्यको उत्थानमा जग थप्ने कार्य गरेका छन् ।

---

[29] शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

[30] ऐजन ।

### २.१.६ सामाजिक क्षेत्रमा संलग्नता

मानिस सामाजिक प्राणी हो तसर्थ ऊ समाजबाट छुट्टै रहेर आफ्नो छुट्टै अस्तित्व स्थापित गर्न सक्दैन । त्यसैले प्रत्येक मान्छे समाजमा हुने सकारात्मक कार्यहरूमा आफूलाई पनि समावेश गराएर आफ्नो छुट्टै पहिचान बनाउन चाहन्छ । हरिहर पौडेल पनि यस्तै उच्च विचारका साथ सामाजिक उन्नतिका निम्ति सक्रिय देखिन्छन् । उनले गाउँमा विशेषतः युवा जमातमा पठनपाठन गर्ने संस्कृतिको विकास होस् भन्ने महान् उद्देश्य लिएर समकालीन मित्रहरूसँग मिलि २०४२ सालमा समाजसेवा युवा क्लब गठन गरेको देखिन्छ । समाजसेवा युवा क्लबमा आर्थिक अभाव भएकाले देउसी भैलो कार्यक्रम गरी उक्त कार्यक्रमबाट प्राप्त पैसाले पुस्तकालयमा साहित्यिक कृतिहरू किन्ने प्रबन्ध मिलाई एकदशक उक्त पुस्तकालय चलाएको देखिन्छ । हरिहर पौडेल आफ्ना सहकर्मीसँग मिली २०५१ सालमा चितवन वाङ्मय प्रतिष्ठान जस्तो गरिमामय साहित्यिक संस्थाको स्थापना गरी चितवनको साहित्यिक गतिविधिलाई अग्रता दिलाउन निरन्तर क्रियाशील देखिन्छन् ।[घज्ञ] उनी हाल उक्त संस्थाको अध्यक्ष पदमा समेत रहेका छन् । प्रध्यापकीय जीवनमा २०५२-२०५४ सालसम्म नेपाल प्राध्यापक सङ्घ वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको सचिव पदमा रही कार्यभार सम्हालेको देखिन्छ ।[घद्द] यसैगरी उनी २०५७-२०५९ को समयमा वीरेन्द्र बहुमुखी क्याम्पसको सहायक क्याम्पस प्रमुखका रूपमा एक पूर्ण कार्यकाल सम्हालेका थिए । हाल उनी क्याम्पसको स्नातकोत्तर तह भौतिकशास्त्रको कार्यक्रम संयोजक रहेका छन् । हरिहर पौडेलले समाजका विभिन्न धार्मिक, सामाजिक सङ्घ संस्थाहरूमा प्रशस्त आर्थिक सहयोगसमेत गरेका छन् ।[घघ] उनी नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य बन्नुका साथै नेपाल भौतिक विज्ञान समाजका आजीवन सदस्य पनि हुन् ।[घद्ध] उनी त्रिभुवन विश्वविद्यालय, भौतिकशास्त्र विषयका विषय समितिका सदस्य पनि हुन् ।

यस्तै गरी उनले विद्यार्थी जीवनमा दुई पटक विद्यार्थी युनियनको चुनाव पनि लडे । यसका अतिरिक्त उनी २०५१/०५२ मा कान्तिपुर दैनिकका चितवन संवाददाता भई कार्य गरेको देखिन्छ । हाल उनी नेपाली काँग्रेसका क्रियाशील सदस्य पनि छन् । उनले प्रजातान्त्रिक विचार समाजका चितवन जिल्ला सचिव भई कुशलतापूर्वक कार्य सम्पन्न गरेका छन् । यसरी विभिन्न साहित्यिक, सामाजिक सङ्घ संस्थासँग आबद्ध हुँदै उनले आफ्नो पृथक अस्तित्व बनाउन सङ्घर्ष गरेको देखिन्छ ।

### २.१.७ रुचि र भ्रमण

---

[३१] कपिल अज्ञात, *लघुकथाका विशिष्ट प्रयोक्ता हरिहर पौडेल,* **साप्ताहिक चितवन,** (वर्ष १४, अङ्क ११, पूर्णाङ्क ६५६), पृ. ३ ।

[३२] शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

[३३] ऐजन ।

[३४] ऐजन ।

मानिसका आ-आफ्नै रुचि हुन्छन् जसले उसको व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हरिहर पौडेलको रुचिको विषय अध्ययन नै हो । अध्ययनलाई आफ्नो रुचि मान्ने हरिहर पौडेलले राष्ट्रिय र अन्तर्राष्ट्रिय (हिन्दी, बंगाली, अङ्ग्रेजी, रुसी, यूरोपियन) भाषाका सबैजसो उच्चकोटिका साहित्यिक कृतिहरूको अध्ययन गरेका छन् ।[घछ] साहित्यिक कार्यक्रममा जान त्यत्ति नरुचाउने उनी, त्यस्ता कार्यक्रममा स्तरीयता नहुने र समय धेरै खर्च हुने मान्छन् । आफ्नो प्रचार-प्रसार गर्न मरिमेट्नेहरूप्रति आफ्नो वितृष्णा रहेको बताउँछन् । विशेष गरी सादा खाना खान मन पराउने पौडेलको सबै खानाप्रति समान रुचि देखिन्छ ।[घट] हालसम्म धुम्रपान र सूर्तिजन्य पदार्थ सेवन नगरेका पौडेल साथीभाइसँग रमाइलोको मौसममा भने कहिलेकाहीँ मद्यपान गरेको पनि बताउँछन् ।

खेलकुदतर्फ उनको सबैभन्दा मनपर्ने खेल फुटबल हो । विद्यार्थी कालमा उनी फुटबलका कुशल खेलाडी पनि थिए । प्रायः एकान्तमा बसेर अध्ययन गर्न रुचाउने पौडेल मन्द लयका क्लासिकल गीत सङ्गीत सुन्नमा आफ्नो रुचि रहेको बताउँछन् ।[घठ]

आफ्नो अध्ययन अनुसन्धानको क्रममा उनले आफ्नो देशका अलावा थुप्रै विकसित राष्ट्रहरूको समेत भ्रमण गरेका छन् ती हुन् : इटाली, जर्मनी, अष्ट्रिया, मेसोडोनीया, फ्रान्स, बंगलादेश, भारत आदि ।[घड] उनले यिनै भ्रमणसँग सम्बन्धित आठवटा यात्रा संस्मरण पनि लेखेका छन् । नेपालको लगभग आधा भू-भाग भ्रमण गरेका पौडेल आफ्नो भ्रमणले साहित्य लेखनमा मलजल पुगेको बताउँछन् ।

## २.१.८ सम्मान र पुरस्कार

सर्जकका लागि पुरस्कार र सम्मान आवश्यक छ । सर्जक ऊर्जाशील रहेकै अवस्थामा पुरस्कार र सम्मान दिइयो भने निश्चय नै सृजनात्मक क्षमतामा वृद्धि गराउँछ, जसले गर्दा साहित्यको श्रीवृद्धिमा ठूलो योगदान पुग्छ, तर हामीकहाँ भएको 'ज्यूँदो छँदा तिरस्कार मरेपछि नमस्कार' भन्ने चलन गलत हो ।[घढ] हरिहर पौडेल विद्यार्थी अवस्थादेखि नै पढाइमा मेहनती, लगनशील एवम् अध्ययनशील भएको हुँदा आफूले उत्कृष्ट अङ्क ल्याई पुरस्कृत भएको बताउँछन् ।[द्धण] लेखन क्षेत्रमा भने उनको पहिलो

[३५] शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

[३६] श्रीमती पुष्पासँगको मौखिक अन्तर्वार्ता अनुसार ।

[३७] शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

[३८] ऐजन ।

[३९] पूर्णप्रसाद शर्मा अधिकारी, *साहित्यमा लाग्नु कुमार्गमा लाग्नु होइन,* **वर्णपट,** (वर्ष १, अङ्क १, २०६२), पृ. ९ ।

[४०] शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

कथासङ्ग्रह इतिवृत्त (२०५१) ले नारायणी वाङ्मय पुरस्कार (२०५२ वीरगञ्ज) प्राप्त गरेको थियो । सो पुरस्कारबाट सम्मानित हुने उनी चितवनका प्रथम साहित्यिक स्रष्टा हुन् ।[४१]

यसै गरी २०५२ सालमा चितवन साहित्य परिषद्ले उनलाई सम्मान पत्र प्रदान गरेको छ । उनलाई राष्ट्रिय साप्ताहिक चितवन पत्रिकाले आधुनिक नेपाली कथा, कविता र राष्ट्रिय अन्तर्राष्ट्रिय जीवनीका माध्यमबाट नेपाली साहित्यको निरन्तर सेवा गरेवापत सम्मान पत्र प्रदान गरेको छ । चालिसको दशकबाट नेपाली भाषा साहित्यका कथा, कविता, यात्रा-संस्मरण, विज्ञान शब्दकोश, साहित्यिक र वैज्ञानिकहरूको जीवनी लेखन लगायत विविध विधामा साधनारत रहँदै चितवनको साहित्यिक सङ्घ संस्थाको उन्नयनमा समेत निरन्तर सक्रिय भई विशेषतः नेपाली आख्यान एवम् प्रयोगवादी कथा लघुकथा लेखनको क्षेत्रमा पुऱ्याउनुभएको विशिष्ट योगदानको उच्च कदर गर्दै चितवन साहित्य परिषद्ले २०६८ सालको चि.सा.प. प्रतिभा पुरस्कारले सम्मानित गरेको छ । यसैगरी विशेषतः नेपाली आख्यान एवम् प्रयोगवादी, उत्तर आधुनिक लेखनको क्षेत्रमा गरेको योगदानका लागि अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवनले 'अभिव्यञ्जना साहित्य सम्मान- २०६८' सपर्मण गरेको छ । यसै गरी सन् २००८ मा बनारस हिन्दू विश्वविद्यालय भारतबाट जियोफिजिक्स विषयमा पी.एचडी. गरेवापत नेपालका महामहिम राष्ट्रपतिबाट २०६६ साल भाद्र २३ मा 'क' श्रेणीको नेपाल विभूषणबाट विभूषित गरिएको छ ।

हरिहर पौडेलले नेपाली साहित्यको उत्थानमा गरेको योगदानको उच्च मूल्याङ्कन गर्दै विभिन्न सम्मान, कदरपत्र र पुरस्कार प्रदान गरिएको छ ।

### २.१.९ जीवन दर्शन

हरिहर पौडेल कर्मठ र कर्मशील जीवनमा विश्वास राख्दछन् । जीवन महŒवपूर्ण छ, त्यसैले यो जीवनको अधिकतम सदुपयोग गर्दै मानव जातिका हितका लागि आÇनो क्षमताले भ्याएसम्म कार्य गर्नुपर्छ भन्ने उनको धारणा छ । उनी धार्मिक, रुढी, अन्धविश्वासप्रति पटक्कै विश्वास गर्नु हुँदैन भन्ने विचार राख्छन् । जीवनलाई सधैँ सकारात्मक सोंचले हेर्नुपर्छ र आत्मगौरव हुने काम गर्नुपर्छ भन्ने धारणा उनको छ । मानिसले सकेसम्म अरुलाई सहयोग गर्नुपर्छ, यदि कसैलाई सहयोग गर्न सकिँदैन भने अरूलाई नोक्सान पुग्ने काम कहिल्यै गर्न हुँदैन भन्छन् । मानिसको कर्म नै उसको सही व्यक्तित्व हो भन्ने हरिहर अध्ययनले लेखकको सोंचलाई निखार्छ भन्ने मान्यता राख्छन् ।

## २.२. निष्कर्ष

भारतको पूर्वी राज्य असमको डिब्रुगढ जिल्लाको तीनसुकियामा माता इमाकुमारी र पिता मोतीप्रसादका दोस्रो पुत्र हरिहर पौडेल चितवनमा बसाइसराइँ गरी विश्वप्रकाश मा.वि.

[४१] ऐजन ।

मङ्गलपुरबाट एस.एल.सी. उत्तीर्ण गरी चितवनकै वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरबाट आइ.एस्सीसमेत उत्तीर्ण गरी उच्च शिक्षाका लागि राजधानी काठमाडौँ गई त्रिचन्द्र कलेजबाट विज्ञान विषयमा एम.एस्सीसम्मको अध्ययन र बनारस हिन्दू विश्वविद्यालयको भू-भौतिकशास्त्र विभागबाट विद्यावारिधिसमेत गरेका छन् । उनले वि.सं २०५१ मा स्नातकोत्तर गरी वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा चार महिना आंशिक शिक्षकका रूपमा र त्यसपछि सहायक प्राध्यापकका रूपमा शिक्षण गरेका थिए । २०५४ मा उनी पदोन्नती भई उपप्राध्यापक र २०६६ मा सह-प्राध्यापक भई हालसम्म कार्यरत छन् । उनले चितवनकै थुप्रै अन्य विभिन्न १०+२ मा पनि अध्यापन गर्दै आएका छन् ।

यसरी व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिँदै शिक्षणजस्तो पवित्र सेवामा लागेका पौडेलको वि.सं. २०४४ सालमा पुष्पा रेग्मीसँग वैवाहिक सम्बन्ध गाँसिएको छ । उनका दुई छोरी अङ्किता र अन्तरा सहितको चार जनाको परिवार पौडेलको मासिक तलब तथा खेतिपातीबाट प्राप्त आयले अगाडि बढेको छ । विभिन्न साहित्यिक लेख, रचना र साहित्येतर लेखनमा समेत दखल राख्ने पौडेल फुर्सद पाउनासाथ प्रायः घरमै बसी अध्ययन तथा सिर्जनामा नै व्यस्त देखिन्छन् । मूलतः कथाकारका रूपमा परिचित पौडेलका **इतिवृत्त** कथासङ्ग्रह, **कालो उज्यालो** लघुकथासङ्ग्रह, **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रह, **नोबेल पुरस्कार विजेता साहित्यकारहरू** जीवनी प्रकाशित हुनुका साथै साहित्येतर विषयका **भौतिक शास्त्रका नोबेल पुरस्कार विजेताहरू, विज्ञान शब्दकोश** (सह-लेखन) पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त प्रशस्तै फुटकर कविता, गजल, मुक्तक आदि रचनाहरू प्रकाशित भएका छन् । उनको पहिलो कथासङ्ग्रहले नारायणी वाङ्मय पुरस्कार (विरगञ्ज) २०५१ प्राप्त गरेको छ । उक्त पुरस्कारबाट पुरस्कृत हुने पौडेल चितवनका प्रथम स्रष्टा हुन् ।

# परिच्छेद : तीन
# साहित्यकार हरिहर पौडेलको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको परिचय भनेको नै उसको व्यक्तित्व हो । जीवनका विविध पक्षहरू र समाजसँगको सम्बन्धका आधारमा व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण व्यक्तिको निजीपन वा व्यक्तिले आफूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषताहरूलाई व्यक्तित्व भनिन्छ ।[१] यसरी व्यक्तिमा निहित व्यक्तित्वलाई आन्तरिक र बाह्य व्यक्तित्व गरी दुई भागमा बाँड्न सकिन्छ । बाहिरबाट हेर्दा देखिने रूपाकृतिलाई बाह्य व्यक्तित्व भनिन्छ । यो एउटा आवरण मात्र भएको हुँदा आकर्षणको केन्द्र मानिएता पनि व्यक्तिको मूल्याङ्कनको आधार त्यसलाई मात्र बनाउनु हुँदैन । व्यक्तिभित्र रहेका आन्तरिक क्षमता, प्रतिभा, सिर्जनशीलतामा उसको आन्तरिक व्यक्तित्व निहित हुन्छ र बाह्य व्यक्तित्वको तुलनामा यो ज्यादै प्रभावकारी र महत्वपूर्ण हुन्छ । हामीले के पनि भन्न सक्छौं भने बाह्य व्यक्तित्वले आन्तरिक व्यक्तित्वलाई आभूषणका रूपमा सजाएको हुन्छ । सबै व्यक्ति भिन्न-भिन्न व्यक्तित्वले भरिपूर्ण हुन्छन् । समाजका त्यस्ता सबै व्यक्तिको जीवनका विविध पाटाहरू अध्ययन विश्लेषण गर्न प्रायः असम्भव हुने हुँदा समाजका महत्त्वपूर्ण क्षेत्र जस्तै साहित्य, राजनीति, सामाजिक, धार्मिक आदि समाजलाई प्रत्यक्ष प्रभाव पार्ने क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने प्रतिभाशाली व्यक्तिको व्यक्तित्वलाई मात्र महत्त्वपूर्ण ठानी त्यसको अध्ययन गरिन्छ । यस्तै व्यक्तिहरूको सूचीमा सिर्जनशील साधक हरिहर पौडेलको व्यक्तित्वले पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा समाजमा सकारात्मक सन्देश दिएको हुँदा उनको व्यक्तित्वलाई पनि विविध पाटाहरूमा छुट्याएर अध्ययन गरिएको छ ।

### ३.१.१ बाह्य व्यक्तित्व

झट्ट बाहिरबाट हेर्दा स्पष्ट रूपमा देखिने शारीरिक वनावटलाई बाह्य व्यक्तित्व भनिन्छ । गोलो, उज्यालो, चम्किलो अनुहार त्यसमा चम्किलो दन्तलहर, मुस्कानमा अवतरित हुँदा फक्रिएको गुलावझैँ देखिने सौम्य शान्त र स्निग्ध भद्र, भावुक र शालीन केही लज्जालु लक्षणले युक्त विधाताले नौनी र गुलाफ मिलाएर वडा परिश्रमले बनाएजस्तो डा. हरिहर पौडेलको बाह्य व्यक्तित्वले हर कसैलाई सहजै प्रभाव पार्न सक्छ । उनको बोलि पनि सरल, सहज र निश्चल भावबाट उठेको मिठासयुक्त अनुभव हुन्छ । उनको न बढी दुब्लो न बढी मोटो उच्च गोर्खाली कदमा सलक्क परेको शरीर, चिटिक्क परेको अनुहार, सधैँ वसन्त ऋतुले पछ्याइरहेजस्तो देखिन्छ ।

---

[१] बालकृष्ण पोखेल (निर्देशक), **नेपाली बृहद् शब्दकोश,** पााचौ संस्करण, (काठमाडौा : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८), पृ. ११७५ ।

अर्थात् उनी सदावहार जवान देखिन्छन् । उनको मोहडा हेरि उमेरको अनुमान गर्न सायद मै हुँ भन्ने बुज्रुकलाई पनि मुश्किल पर्छ ।[६]

## ३.१.२ आन्तरिक व्यक्तित्व

चर्म चक्षुका सहायताले बाह्य व्यक्तित्वको ज्ञान सजिलै हुन्छ, त्यत्ति सजिलैसँग आन्तरिक व्यक्तित्वको अनुमान लगाउन सकिँदैन । यो व्यक्तिभित्र लुकेको हुन्छ र उचित समय, स्थान र वातावरणमा मात्र प्रष्फुटित हुन्छ । आन्तरिक व्यक्तित्व निर्माणमा व्यक्तिको पारिवारिक पृष्ठभूमि, सामाजिक, आर्थिक पक्ष, धार्मिक, सांस्कृतिक परिवेश, शिक्षादीक्षाजस्ता कुराहरूले महŒवपूर्ण भूमिका खेलेको हुन्छ । आन्तरिक व्यक्तित्व निर्माणमा वैयक्तिक रुचि र स्वभावको पनि उत्तिकै महत्त्वपूर्ण हात रहेको पाइन्छ । सानै उमेरदेखि साहित्यप्रति रुचि राख्ने उनी झट्ट हेर्दा रवाफिलो, मृदुभाषी देखिन्छन् तापनि खरोमिजास, अध्ययनशील, चिन्तनशील, सिर्जनशील, परिश्रमी, सामाजिक अव्यवस्था तथा कुसंस्कारविरुद्ध विद्रोहको स्वर उराल्ने दृढ, निडर, भ्रमणशील स्वच्छन्द प्रवृत्ति उनको आन्तरिक व्यक्तित्वको परिचायकका पाटा हुन् ।

यसरी हरिहर पौडेलको आन्तरिक व्यक्तित्वलाई साहित्यिक व्यक्तित्व र साहित्येतर गरी दुई भागमा बाँड्न सकिन्छ :

क) साहित्यिक व्यक्तित्व

- अ. कवि व्यक्तित्व
- आ. कथाकार व्यक्तित्व
- इ. मुक्तककार व्यक्तित्व
- ई. गजलकार व्यक्तित्व
- उ. नियात्राकार व्यक्तित्व
- ऊ. कोशकार व्यक्तित्व
- ए. समीक्षक व्यक्तित्व
- ऐ. अनुवादक व्यक्तित्व
- ओ. वार्ताकार व्यक्तित्व
- औं जीवनी लेखक व्यक्तित्व

ख) साहित्येतर व्यक्तित्व

- अ. प्राध्यापक व्यक्तित्व
- आ. सामाजिक व्यक्तित्व
- इ. राजनैतिक व्यक्तित्व
- ई. वैज्ञानिक व्यक्तित्व

### ३.१.२.१ कवि व्यक्तित्व

[२] कपिल अज्ञात, *लघुकथाका विशिष्ट प्रयोक्ता:हरिहर पौडेल,* **साप्ताहिक चितवन** (वर्ष १४, अङ्क ११, पूर्णाङ्क ६५६, २०६६) पृ. ३ ।

हरिहर पौडेल मूलतः कथाकार भए तापनि उनको साहित्यिक क्षेत्रमा प्रवेश भने कविताबाट नै भएको देखिन्छ । **राष्ट्रपुकार** साप्ताहिक २०४३ चैत्रमा उनका दुई कविता *चिसो पेटीमा समय र वर्तमान युद्ध : एक टिप्पणी* नामक कविता प्रकाशित भएको थियो र यी नै हरिहर पौडेलका प्रथम प्रकाशित कविता हुन् । यसपछि उनका दर्जनौँ कविता विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यसरी चार दर्जन जति कविता उनले लेखे तापनि विभिन्न कारणहरूले गर्दा तिनीहरू सङ्ग्रहका रूपमा हामी माझ आउन सकेको पाइँदैन ।

हरिहर पौडेलका कविताहरू गद्यशैलीमा लेखिएका छन् । उनका कविताहरूमा सामाजिक सङ्गतिहीनताप्रति व्यङ्ग्य, समाजका विकृति विसङ्गतिको चित्रण, निराशा, कुण्ठाको चित्रण, प्रविधि संस्कृतिको प्रयोग र विज्ञान चेतना प्रणयपरक, रागात्मक चेतनाको अभिव्यक्ति, युगीन चेतना र विश्वबोधको प्रस्तुति, मुक्तकीय ढाँचा, भाव र अनुभूतिको सूक्ष्म प्रयोग, व्यक्तिका कमजोरी र मानसिकताको प्रस्तुति, भाव अनुकुलका बिम्ब प्रतीक र मिथकहरूको प्रयोग र सरल सहज भाषा भएर पनि भावका गम्भीरताजस्ता कुराहरू उनका कवितामा पाइन्छन् ।[घ]

हरिहर पौडेलका हालसम्म विभिन्न पत्रपत्रिकाहरूमा फुटकर प्रकाशित उपलब्ध कविताहरूको विवरण यसप्रकार छ :

| **क्र.सं.** | **शीर्षक** | **प्रकाशित पत्रिका** | **प्रकाशन मिति** |
|---|---|---|---|
| १. | चिसो पेटीमा समय | राष्ट्रपुकार | २०४३ चैत्र |
| २. | वर्तमान युद्ध : एक टिप्पणी | ” | ” |
| ३. | अविरल यात्रा | छहरो | २०४४ असोज |
| ४. | जाडो र काठमाडौँ | नवकविता | २०४५ वैशाख |
| ५. | रक्तपात | ” | २०४७ वैशाख |
| ६. | भन्नुपर्ने कुरा | ” | २०४८ वैशाख |
| ७. | मौसमको गीत | ” | २०४९ असार |
| ८. | धेरै दिनपछि एकदिन | ” | २०५० भाद्र |
| ९. | नगरबसको यात्रा | ” | २०४८ शिशिर |
| १०. | पतझडमा वृक्ष | ” | २०५१ शरद् |
| ११. | एकान्तको एउटा नदी | ” | २०५२ पुष |
| १२. | शीत परेको रात | ” | २०५२ पुष |
| १३. | विश्वास दिए पुग्छ | सूर्यमुखी | २०४५ वैशाख |
| १४. | मुमूर्षा त्याग्न चाहेको छ मनले | मधुपर्क | २०४४ माघ |
| १५. | त्यो केटीप्रति | अभिव्यक्ति | २०४५ भाद्र |
| १६. | पर्खालको राप | बगर | २०४५ भाद्र |

[३] लक्ष्मणप्रसाद गौतमसागको मौखिक अन्तर्वार्ता अनुसार ।

| | | | |
|---|---|---|---|
| १७. | जल समाधि | कविता | २०५० (का.-पौष) |
| १८. | तृष्णा | बिन्दु (असम) | सन् १९९७ |
| १९. | आँसु | युगाधार | २०५८ |
| २०. | त्रास | " | " |
| २१. | समय | चितवन पोष्ट | २०६२ भदौ |
| २२. | दुर्घटना | हाम्रो मझेरी | २०६५ |
| २३. | लुगा | कवितामा गणतन्त्र | २०६५ |
| २४. | भोलिको एकदिन | उदय (वनारस) | २०६३ कार्तिक |
| २५. | बाँदर र मानिस | – | २०६६ |
| २६. | धागो | नारायणी | २०६६ |
| २७. | एउटा घर | हाम्रो मझेरी | २०६५ |
| २८. | परमहंस | मातृभूमि | २०६७ |
| २९. | जीवनको गणित | मधूलिका | २०६६ |
| ३०. | मूर्च्छना | चरैवेति | २०६९ |

यी र यस्तै उनका अन्य थुप्रै कवितालाई आधार मानेर उनी एक स्थापित कवि हुन् र उनको कवि व्यक्तित्व सफल छ भन्न सकिन्छ ।

### ३.१.२.२ कथाकार व्यक्तित्व

साहित्यकार हरिहर पौडेलको साहित्यिक यात्राको थालनी कविता लेखनबाट भएतापनि मूलतः कथा लेखनलाई उनले आफ्नो रचनाको क्षेत्रमा राखेका छन् । वि.सं. २०४४ मा **समष्टि** पत्रिकामा कारण कथा प्रकाशित गराएर औपचारिक रूपमा कथा लेखन क्षेत्रमा प्रवेश गरेका पौडेलका हालसम्म **इतिवृत्त** कथासङ्ग्रह (२०५१), **कालो उज्यालो** लघुकथासङ्ग्रह (२०६२) र **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रह (२०६६) प्रकाशित भइसकेका छन् । साहित्यमा उत्कृष्ट कृति रचना गरेवापत नारायणी वाङ्मय प्रतिष्ठानले २०५१ मा नारायणी वाङ्मय पुरस्कारले सम्मानित गरेको छ । उक्त पुरस्कार प्राप्त गर्ने उनी चितवनका पहिलो साहित्यकार हुन् ।[४]

हरिहर पौडेलका कथाहरू मझौला र लघुआयाममा विस्तारित छन् । उनका कथाहरूमा समाजमा घटेका र घट्नसक्ने घटनालाई युग चेतनाले टपक्क टिपेर नवीन शिल्पशैलीको साथ सजाइएको पाइन्छ । उनका कथाहरूमा मानवीय जीवनका पीडा, व्यथा, वेदनाको प्रस्तुति, मानवीय पृष्ठभूमिको खोजि, नागर सभ्यताको विकृति विसङ्गतिको प्रस्तुति, ग्रामीण जीवनका यथार्थको प्रस्तुति, परिवर्तनको चाहना, आधुनिक शिल्पशैलीको प्रयोग, व्यङ्ग्यको प्रयोग, यौनको

[४] शोधनायकसागको मौखिक अन्तर्वार्ता अनुसार ।

सशक्त प्रयोग, साङ्केतिकता, सूत्रात्मकता, अनुभूतिको तीव्रता, बिम्ब प्रतीकको प्रयोग, कथाको बनोट र बुनोटमा छरितोपन, कथाको लघुत्तम आकारप्रतिको आकर्षण आजको मान्छेका व्यथा वेदना छटपटीको प्रस्तुति, डिजिटल शैली प्रयोग, पात्रको अन्तर्बाह्य वृत्तिहरूको प्रस्तुति, सशस्त्र द्वन्द्वजन्य परिवेशको छनोट आजका मान्छेका निस्सारता, विरानोपन र एक्लोपनको प्रस्तुति पाइन्छ ।

हरिहर पौडेलले आफ्ना कथाहरूमा बौद्धिक र सामान्य सबै किसिमका पात्रहरूको प्रयोग गरेका छन् । उनका कथाका पात्रहरू हाम्रै समाजका व्यक्तिहरू नै रहेका छन् । हरिहर पौडेलले आफ्ना कथाहरूमा मानवका अलावा रोबोटलाई पनि पात्र बनाएका छन् । उनले आफ्ना कथाहरूमा पौराणिक पात्रहरूलाई समेत नविनताका साथ प्रस्तुत गरेका छन् । हरिहर पौडेलका कथामा पात्रहरू बीच बाह्य द्वन्द्व नदेखिएतापनि आन्तरिक द्वन्द्व भने सजिलै देख्न सकिन्छ ।

कथाकार पौडेलले ब्रह्माण्डका विभिन्न ठाउँहरूलाई परिवेशका रूपमा लिएका छन् । उनका कथाहरूमा सूक्ष्म परिवेशको चित्रण पाइन्छ । हरिहर पौडेलले कथाको विषयवस्तु समाजको लिए तापनि त्यसलाई प्रस्तुत गर्ने शिल्पशैली नवीन नुतन किसिमको छ । उनका केही कथामा आदि मध्य अन्त्यको शृङ्खला भत्किएको पाइन्छ । उनका कथामा मुक्तकीय शैलीका साथै डिजिटल शैलीको प्रयोगसमेत देख्न पाइन्छ । बहुलतावादी जीवनशैलीका विविध आयामलाई पनि उनका कथाहरूले अभिव्यञ्जित गरेको पाइन्छ ।

कथाकार पौडेलका कथाहरूमा पिछडिएको ग्रामीण भेगमा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने सामान्य, सरल, सहज, ग्रामीण भाषाका साथै विशिष्ट किसिमका वजनदार भाषाको समेत उचित प्रयोग देख्न सकिन्छ । उनका कथामा आवश्यकता अनुरूप बिम्ब प्रतीकको सफल प्रयोगसमेत पाइन्छ । प्रायः कथाहरूमा म र ऊ प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग उनका कथाहरूमा देखिन्छन् । उनका केही कथामा नाटकको जस्तो संवादसमेत देख्न पाइन्छ ।

हरिहर पौडेलको **इतिवृत्त** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको कालक्रमिक विवरण यसप्रकार छ :

| **क्र.सं.** | **शीर्षक** | **पत्रिका** | **वर्ष** |
|---|---|---|---|
| १. | कारण | समष्टि (भदौ) | २०४४ |
| २. | पौडी | रूपरेखा (जेठ) | २०४५ |
| ३. | बाटो र विचार | मधुपर्क (असार) | २०४५ |
| ४. | बेसाहारा | मिर्मिरे (असार) | २०४५ |
| ५. | र ऊ आज पनि आएन | रत्नश्री (पुष) | २०४६ |
| ६. | मास तमाम | गरिमा (असार) | २०४७ |
| ७. | सुनसान | अभिव्यक्ति (असार) | २०४७ |
| ८. | विप्लव | बगर (कार्तिक) | २०४८ |
| ९. | रहस्य | मिर्मिरे | २०४... |

| | | | |
|---|---|---|---|
| १०. | इतिवृत्त | मधुपर्क (वैशाख) | २०४९ |
| ११. | जागिर | गरिमा (पुष) एकदिन शीर्षकमा) | २०४९ |
| १२. | उमेरहरू | सुनगाभा (मंसिर) | २०५१ |
| १३. | अभिमन्यू | अभिव्यक्ति (फागुन) | २०५१ |

हरिहर पौडेलको दोस्रो कृति **कालो उज्यालो** लघुकथासङ्ग्रह (२०६२) मा सङ्ग्रहित कथाहरूको विवरण यसप्रकार छ । यस सङ्ग्रहका केही पूर्व प्रकाशित लघुकथाका शीर्षक र वाक्यहरूमा सामान्य संशोधनसमेत गरिएको छ :

| **क.सं.** | **लघुकथा शीर्षक** | **पत्रिका** | **वर्ष** |
|---|---|---|---|
| १. | द्रौपती | सुगन्ध | २०५३ |
| २. | भोलि | मधुपर्क | २०५६ |
| ३. | अर्को विश्वमित्र | – | – |
| ४. | भोक र भगवान् | मधुपर्क | २०५९ |
| ५. | बाघ र शहर | – | – |
| ६. | सम्बन्ध | सौदामिनी | २०५६ |
| ७. | इज्जत | गोरखापत्र | २०६० |
| ८. | आफ्नाहरू | चितवन महोत्सव स्मारिका | २०६१ |
| ९. | अन्धा र हात्ती | गोरखापत्र | २०५७ |
| १०. | यता र उता | हाम्रो मझेरी | २०५८ |
| ११. | यथार्थ र विभ्रम | गोरखापत्र | २०५९ |
| १२. | पुरस्कार | दीपशिखा | २०५३ |
| १३. | हतप्रभ | गोरखापत्र | २०५९ |
| १४. | भित्री कुरा | – | – |
| १५. | सर्प | गोरखापत्र | २०६० |
| १६. | उपहार | दायित्व | २०५९ |
| १७. | अभिनेता | मधूलिका | २०५८ |
| १८. | सोंच | – | – |
| १९. | रूप | सौदामिनी | २०५६ |
| २०. | रूपान्तरण | मधूलिका | २०५८ |
| २१. | रिपोर्ट | मृगतृष्णा | २०५८ |
| २२. | नियति | चितवन महोत्सव स्मारिका | २०६१ |
| २३. | यथावत | – | – |

| | | | |
|---|---|---|---|
| २४. | चस्मा | – | – |
| २५. | लुङ्गी | पल्लव | २०६० |
| २६. | पैतृकसम्पत्ति | " | २०६० |
| २७. | मलामी | गोरखापत्र | २०६० |
| २८. | एक रातको सहर | – | – |
| २९. | स्थिति | – | – |
| ३०. | प्रतिक्रिया | मधूलिका | २०५९ |
| ३१. | सेता दाँत | एमनेष्टी स्मारिका | २०५३ |
| ३२. | मूल्य | पल्लव | २०६० |
| ३३. | राजनीति | – | – |
| ३४. | मानव अधिकार | – | – |
| ३५. | प्रश्न | – | – |
| ३६. | निरन्तर | पल्लव | २०६० |
| ३७. | रातको गहिराइ | अभिनव प्रस्तुति | २०५३ |
| ३८. | अन्धो युग | – | – |
| ३९. | समुन्द्र | मधूलिका | २०५८ |
| ४०. | हल्ला | " | २०५९ |
| ४१. | जादुगर | मुद्रण स्मारिका | २०६० |
| ४२. | वरदान | अभिव्यक्ति | २०५६ |
| ४३. | बाटो र विचार | मधुपर्क | २०४५ |
| ४४. | नेता र जनता | मधुश्री | २०६१ |
| ४५. | क्रम | मनोभाव | २०५६ |
| ४६. | सम्पर्क | मधूलिका | २०५८ |
| ४७. | परिवेश | मनोभाव | २०५६ |
| ४८. | जिन्दगी | मिर्मिरे | २०५४ |
| ४९. | सार्थक | मनोभाव | २०५८ |
| ५०. | शब्दकोश | – | – |
| ५१. | पलायन | – | – |

हरिहर पौडेलको पछिल्लो समयमा प्रकाशित **अनुभ्रम प्रतिभ्रम** (२०६६) कथासङ्ग्रहमा सङ्ग्रहित एक्काइवटा कथाहरूको कालक्रमिक विवरण यसप्रकार छ :

| क्र.सं. | शीर्षक | पत्रिका | वर्ष |
|---|---|---|---|
| १. | आत्महत्याको प्रश्न | गरिमा | २०४४ |

| | | | |
|---|---|---|---|
| २. | ढुङ्गाको शहर | अभिव्यक्ति | २०४६ |
| ३. | युद्ध | " | २०४७ |
| ४. | तेस्रो दृश्य | गरिमा | २०४८ |
| ५. | यात्रान्त | गरिमा | २०५० |
| ६. | गिद्ध | पल्लव | २०५२ |
| ७. | जहाँ जहाँ नारायणीले चुमेको छ | पल्लव | २०५२ |
| ८. | प्रतीक्षा | समष्टि | २०५५ |
| ९. | नायक | गोरखापत्र | २०५८ |
| १०. | डटकम | मारुनी | २०५८ |
| ११. | शृङ्खलाहीन | मधुपर्क | २०५८ |
| १२. | खिया | पल्लव | २०५९ |
| १३. | अकूत | सगर (कथा विशेषाङ्क) | २०६० |
| १४. | पोखरी | अक्षर | २०६१ |
| १५. | ऋतुकाल | (समकालीन नेपाली यौन कथा भाग-२) | २०६१ |
| १६. | सहिद र सत्ता | एकता | २०६३ |
| १७. | शब्द | मधुश्री | २०६३ |
| १८. | सुनसान बस्तीका विध्वस्त सपना | (समकालीन नेपाली द्वन्द्वकथा) | २०६३ |
| १९. | फिर्ता | मधूलिका | २०६५ |
| २०. | फेहरिस्त | आयाम | २०६५ |
| २१. | माइक्रोबोट्स | " | २०६६ |

यसरी हालसम्म उनका तीनवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । यसका अतिरिक्त उनका थुप्रै कथाहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा मात्र सीमित छन् अर्थात् तिनीहरूले सङ्ग्रहित हुने अवसर पाएका छैनन् तिनको विवरण यसप्रकार छ :

| **क्र.सं.** | **शीर्षक** | **पत्रिका** | **वर्ष** |
|---|---|---|---|
| १. | कलाकार | उत्साह | २०४४ |
| २. | ऊ र स्वास्नी | अभिव्यक्ति | २०४५ |
| ३. | शहरीकरण | आरोहण | २०४५ |
| ४. | प्रेत | स्मारिका | २०४५ |
| ५. | सडक कथा | रत्नश्री | २०४५ |

| | | | |
|---|---|---|---|
| ६. | खण्डहर | गरिमा | २०४६ |
| ७. | विषम युद्ध | आकार | २०४६ |
| ८. | एक निस्वास | रचना | २०४६ |
| ९. | अप्रत्यक्ष | मिर्मिरे | २०४७ |
| १०. | आवाज | तन्नेरी | २०४८ |
| ११. | अन्तिम रात | जनमत | २०४८ |
| १२. | उज्यालो कहाँ छ ? | चिन्तन | २०४८ |
| १३. | पटका | रत्नश्री | २०४९ |
| १४. | पुतली | बगर | २०५० |
| १५. | मनोनयन | वागीश्वरी | २०५१ |
| १६. | आँखी भौं | शिवपुरी सन्देश १ | २०५१ |
| १७. | खोज | हाम्रो पाइला | २०६६ |
| १८. | व्यतिरेक | अक्षय अक्षर | २०६७ |

समग्रमा भन्नुपर्दा उनका कथाहरू स्तरीय र पठनीय छन् । पूर्वाद्धका कथाहरूले परम्परागत कथा लेखनलाई निरन्तरता मात्र दिएतापनि उत्तरार्द्धमा लेखिएका माइक्रोबोट्सजस्ता विज्ञान कथाले भने नेपाली कथाको उचाइ थप्ने कार्य गरेको छ ।

उनका केही लघुकथाहरू अनुवादित भई हिन्दी भाषामा प्रकाशित भएका छन् । *भोलि, इज्जत, सोंच, क्रम* आदि लघुकथाहरू कुमुद अधिकारीद्वारा अनुवादित भई **हिन्दी साहित्यसरिता** नामक पत्रिकाका विभिन्न अङ्कमा प्रकाशित छन् ।

### ३.१.२.३ मुक्तककार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी हरिहर पौडेलको कलम मुक्तकका क्षेत्रमा पनि सशक्त रूपमा अगाडि बढेको देखिन्छ । उनका हालसम्म विभिन्न साहित्यिक पत्रिकाहरूमा दुई दर्जनभन्दा बढी मुक्तक प्रकाशित भएका छन् । **संप्रेषण** (२०५२ असार) मा प्रकाशित अँध्यारोमा जुन उनको पहिलो प्रकाशित मुक्तक हो । उनका अधिकांश मुक्तकहरू प्रेम र प्रणयसँग सम्बन्धित छन् । उनका हालसम्म प्रकाशित उपलब्ध मुक्तकहरूको विवरण यसप्रकार छ :

| **क्र.सं.** | **शीर्षक** | **पत्रिका** | **वर्ष** |
|---|---|---|---|
| १. | अँध्यारोको जून | संप्रेषण | २०५२ |
| २. | समानता | मधूलिका | २०५२ |
| ३. | मेरो माया | मधूलिका | २०५२ |
| ४. | जीवनको गति | नारायणीका सुसेली | २०५२ |
| ५. | ईश्वर | संप्रेषण | २०५२ |
| ६. | आत्मचित्रण | संप्रेषण | २०५२ |

| | | | |
|---|---|---|---|
| ७. | अनुभव | प्रेरणा | २०५३ |
| ८. | तिम्रो नामको चिठ्ठी | प्रेरणा | २०५३ |
| ९. | तिम्रो आगमन | मारुनी | २०५६ |
| १०. | इमान | मारुनी | २०५६ |
| ११. | तिम्रो निम्ति १ | वागीश्वरी | २०५९ |
| १२. | तिम्रो निम्ति २ | वागीश्वरी | २०५९ |
| १३. | मायाको नदी | " | २०५९ |
| १४. | जिन्दगी | नवमाध्यम | २०५४ |
| १५. | बदनाम | संप्रेषण | २०५२ |

यिनै मुक्तकहरूले हरिहर पौडेललाई एक सफल मुक्तककार व्यक्तित्वका रूपमा स्थापित गराएको छ ।

### ३.१.२.४. नियात्राकार व्यक्तित्व

हरिहर पौडेलले अध्ययन अनुसन्धानका क्रममा स्वदेश तथा विदेशका विभिन्न ठाउँहरू यात्रा गर्ने अवसर पाएका छन् । उनले आफ्नो यात्रालाई यात्रामै मात्र सीमित नराखी त्यहाँ आफूले देखेका, सुनेका, अनुभव गरेका यथार्थहरूलाई केही निजी चिन्तन घोलेर आफ्ना नियात्राहरूमा प्रस्तुत गरेका छन् । उनले आफ्ना नियात्राहरूमा भौतिक उन्नतिका कुरा, समयको पावन्दीका कुरा, आफूले घुमेका ठाउँका रीतिरिवाजका कुरा, धार्मिक सांस्कृतिक कुरा, प्राकृतिक सुन्दरताको वर्णन भेषभूषा, ऐतिहासिक स्थलको सूक्ष्म वर्णन गरेका छन् । उनका हालसम्म आठ नियात्रा प्रकाशित भएका छन् । उनका हालसम्म आठ नियात्रा प्रकाशित भएका छन्, जसको विवरण यसप्रकार छ :

| क्र.सं. | शीर्षक | पत्रिका | वर्ष |
|---|---|---|---|
| १. | भेनिसमा एकदिन | ऋचा | २०५५ |
| २. | ओलम्पिया पार्कको साँझ | मधूलिका | २०५६ |
| ३. | काठमाडौँदेखि त्रियस्तसम्म | वागीश्वरी | २०५६ |
| ४. | डाँखाउको बन्दी शिविरभित्र | गरिमा | २०५६ |
| ५. | त्रियस्त सम्झनाको बादलभित्रका स्मृतिहरू | मधूलिका | २०५७ |
| ६. | कुहिरोमा यात्रा एक सुन्दर शहरतर्फ | मिर्मिरे | २०५७ |
| ७. | बाद्ययन्त्रहरू बीच एक साँझ | मिर्मिरे | २०५८ |

| | | | |
|---|---|---|---|
| ८. | गुलाफबागभन्दा पर ढु·ा र गुलाफको बगैंचा | वागीश्वरी | २०५८ |

यिनै विभिन्न नियात्राहरूले उनका सफल नियात्राकारका रूपमा हामी माफ्ञ चिनाएको छ । उनको *डाखाउको बन्दी शिविरभित्र* लाई **बगर** साहित्यिक पत्रिकाले उत्कृष्ट रचनाहरू २०५६ मा समावेश गरेको छ ।

### ३.१.२.५ गजलकार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी हरिहर पौडेल एक सफल गजलकार पनि हुन् । हालसम्म उनका आधा दर्जनजति गजलहरू विभिन्न साहित्यिक पत्रिकाहरूमा प्रकाशित भएका छन् । कथाकार एवम् अनुसन्धानकर्ताका रूपमा स्थापित पौडेलका गजलमा अभाव, विकृति-विसङ्गतिप्रति व्यङ्ग्य, समसामयिकता, प्रणय अनुराग आदिको प्रकटन भएको पाइन्छ ।[छ] उनका प्रकाशित गजलहरू निम्नानुसार छन् :

| क्र.सं. | शीर्षक | पत्रिका | वर्ष |
|---|---|---|---|
| १. | गजल | आकार | २०४५ वैशाख |
| २. | वनफूल यो शहरमा | नवकविता | २०५० फागुन |
| ३. | चार गजल | नवकविता | २०४५ असोज |

### ३.१.२.६ वार्ताकार व्यक्तित्व

हरिहर पौडेल एक सफल वार्ताकार पनि हुन् । उनले नेपाली साहित्यका स्थापित साहित्यकारद्वय गोविन्दराज विनोदी (मिर्मिरे २०५९) र सनत रेग्मी (मधूलिका २०५९) सँग उनीहरूको साहित्यिक लेखनसम्बन्धी अन्तर्वार्ता तयार गरेका छन् ।

---

[५] गोपाल पौडेल, *चितवनमा गजल लेखन : विगतदेखि वर्तमानसम्म,* **गजलपथका यात्रीहरू** (सम्पा.), बालकृष्ण थपलिया, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६१ पृ. ठ ।

### ३.१.२.७ जीवनी लेखक व्यक्तित्व

हरिहर पौडेलले जीवनी लेखनतर्फ पनि आफ्नो कलमलाई सक्रिय बनाएका छन् । हरिहर पौडेलले खुमनारायण पौडेल र लक्ष्मणप्रसाद गौतमसँग मिलेर नोबेल पुरस्कार विजेता साहित्यकारहरू नामक जीवनी ग्रन्थ हामी माझ प्रस्तुत गरेका छन् । यस जीवनी ग्रन्थमा १९०१–२००७ सम्म नोबेल पुरस्कार प्राप्त गरेका साहित्यकारहरूको प्रमुख कृति, प्रवृत्ति, विशेषतालाई सुत्रात्मक रूपमा प्रस्तुत गरेका छन् । यसमा जम्मा १०४ जना साहित्यकारहरूको जीवनीलाई समेटिएको छ ।

### ३.१.२.८ समीक्षक व्यक्तित्व

साहित्यका विविध क्षेत्रमा उत्तिकै सशक्त रूपमा देखिने हरिहर पौडेलले निम्नलिखित विभिन्न पुस्तकहरूको समीक्षा पनि प्रस्तुत गरेका छन् :

क. हरि गोविन्द लुइँटेलको **समय र पोखरी** कथासङ्ग्रहको २०५८ मा **गोरखापत्र**मा समीक्षा प्रस्तुत गरेका छन् ।

ख. श्रीओम श्रेष्ठ रोदनको **आँखी झ्याल** लघुकथाको समीक्षा २०५९ मा **गोरखापत्र**मा प्रकाशित गराएका छन् ।

ग. **बहलिया** कथासङ्ग्रहको **गोरखापत्र**मा समीक्षा प्रस्तुत गरेका छन् ।

यिनै समीक्षालाई आधार मानेर हेर्दा उनी सफल समीक्षकसमेत रहेका छन् ।

### ३.१.२.९ अनुवादक व्यक्तित्व

हरिहर पौडेलले **नवकविता** २०४५ मा युयुत्सु आरडी शर्माको दुई कविता नेपालीमा अनुवाद गरेका छन् जुन कवितामा अस्तित्ववादी विसङ्गतिवादी चेतना प्रखर रूपमा अभिव्यञ्जित भएको पाइन्छ । पौडेलले **मधूलिका** २०५९ मा फ्रान्स काफ्काका अस्तित्ववादी चेतनाले भरिएका *रुखहरू र एउटा सानो कथा* (लघुकथा) को समेत नेपालीमा अनुवाद गरेका छन् । यसैगरी **मधूलिका** २०६६ मा मेसेडोनियाका कवि योजो वोस्कोभस्कीका चार कविताको नेपालीमा अनुवाद गरी प्रकाशित गरेको देखिन्छ । यिनको सह-लेखनको नोबेल पुरस्कार विजेता साहित्यकारहरू नामक पुस्तक पनि विभिन्न भाषाबाट नेपाली भाषामा अनुदित पहिलो पुस्तकाकार कृति मानिन्छ ।

### ३.१.२.१० सम्पादक व्यक्तित्व

हरिहर पौडेलले विभिन्न पुस्तक र साहित्यिक पत्रपत्रिकाको सम्पादन पनि गरेका छन् । उनले २०४८ मा **चिन्तन** कथा द्वैमासिकको एक अङ्क मात्र सम्पादन गरेका छन् । त्यसैगरी **मधूलिका** साहित्यिक पत्रिकाको अङ्क तीनदेखि अङ्क एघारसम्मको आठ अङ्क सम्पादन गरेका छन् । उनले सम्पादन गरेको पुस्तक **चितवन साहित्य सर्वेक्षण र विश्लेषण** (लक्ष्मणप्रसाद गौतम)

हो । त्यस्तै गरी चितवनका नौ जना कविहरूको संयुक्त प्रस्तुति **शब्दहरू : अविराम यात्रामा** (२०५७) को पनि सम्पादन गरेका छन् ।

### ३.१.२.११ कोशकार व्यक्तित्व

हरिहर पौडेलले **विज्ञान शब्दकोश** (२०६०) (सह) प्रकाशित गराएर आफूलाई कोशकार व्यक्तित्वका रूपमा समेत चिनाएका छन् ।

### ३.१.२.१२ प्राध्यापक व्यक्तित्व

हरिहर पौडेल साहित्यकारका अतिरिक्त एक सफल प्राध्यापक हुन् । उनले २०५१ सालदेखि हालसम्म वीरेन्द्र बहुमुखी क्याम्पसमा विभिन्न-विभिन्न तहमा (पदमा) रही प्राध्यापन गरेका छन् । उनी हाल सह-प्राध्यापक पदमा कार्यरत छन् । उनले भरतपुरका १०+२ मा पनि प्राध्यापन गरेको देखिन्छ । प्राध्यापन क्षेत्रमा लागेका उनले इमान्दारितापूर्वक विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरेको देखिन्छ । समग्रमा मेहनती परिश्रमी लगनशील अध्ययनशील हरिहर पौडेलको प्राध्यापकीय व्यक्तित्व सम्मानित र प्रशंसनीय रहेको पाइन्छ ।

### ३.१.२.१३ सामाजिक व्यक्तित्व

निःस्वार्थ भावले सबैको भलो हुने कार्यका लागि समाज तथा परिवारको आशा र भरोसाका केन्द्र बनेका हरिहर पौडेल सानैदेखि सामाजिक कार्यतर्फ उन्मुख देखिन्छन् । समाजका उन्नतिका खातिर विभिन्न सामाजिक कार्यतर्फ उनको सक्रिय भूमिका देखिन्छ । उनले गाउँका युवावर्गमा पठनपाठन गर्ने संस्कृतिको विकास होस् भन्ने उद्देश्यले आफ्ना समकालीन मित्रहरूसँग मिलि २०४२ सालमा **समाजसेवा युवा क्लब** गठन गरेको देखिन्छ । उक्त क्लबमा आर्थिक अभाव भएको हुँदा देउसी भैलो कार्यक्रमबाट पैसा उठाएर साहित्यिक पुस्तक खरिद गरी एकदशकसम्म उक्त पुस्तकालय चलाएको देखिन्छ ।

हरिहर पौडेलको सामाजिक क्षेत्रमा संलग्नता निम्नानुसार रहेको छ :

| क्र.सं. | संलग्न संस्था | पद | अवधि |
|---|---|---|---|
| १. | चितवन वाङ्मय प्रतिष्ठान | अध्यक्ष | |
| २. | नेपाल प्राध्यापक सङ्घ वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर | सचिव | २०५२/०५४ |
| ३. | नेपाल रेडक्रस सोसाइटी | आजीवन सदस्य | |
| ४. | नेपाल भौतिक विज्ञान समाज | आजीवन सदस्य सचिव सेन्ट्रल च्यापटर | |
| ५. | कान्तिपुर दैनिकका | चितवन संवाददाता | २०५१/०५२ |

यसका साथै उनले विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक सङ्घ संस्थाहरूमा प्रशस्त आर्थिक सहयोग गरेको देखिन्छ ।

### ३.१.२.१४ राजनैतिक व्यक्तित्व

राजनीतिबाट कोही पनि अलग्गै रहन सक्दैन । कुनै न कुनै पार्टीसँग मानिस आबद्ध रहन्छ । विद्यार्थी उमेरदेखि नै राजनीतिप्रति विशेष रुचि राख्ने हरिहर पौडेलले विद्यार्थी अवस्थामा नै उनले दुई पटक विद्यार्थी युनियनको चुनाव पनि लडेका थिए । हाल आएर उनी नेपाली काँग्रेसका क्रियाशील सदस्य पनि हुन् । साथै प्रजातान्त्रिक विचार समाज, चितवनका सचिवका रूपमा कार्यरत छन् ।

### ३.१.२.१५ वैज्ञानिक व्यक्तित्व

भौतिक शास्त्र विषयमा स्नातकोत्तर र भू-भौतिक शास्त्र विषयमा विद्यावारिधि गरेका हरिहर पौडेलको दुई दर्जनभन्दा बढी शोध अनुसन्धान पत्रहरू विदेशी एवम् स्वदेशी जर्नलहरूमा प्रकाशित भएको देखिन्छ । साथै उनले विभिन्न वैज्ञानिक सम्मेलनहरूमा आफ्ना शोधपत्रहरू प्रस्तुत गरेका छन् । उनले भौतिक शास्त्रमा स्नातकोत्तर गर्ने विद्यार्थीका लागि शोध निर्देशक भई शोधपत्र लेखाएका पनि छन् ।

## ३.२ निष्कर्ष

व्यक्तित्व व्यक्तिको यस्तो महत्वपूर्ण गहना हो जसले व्यक्तिको परिचय गराउँदछ । व्यक्तिका निजी अनुभव र समाजसँगको उसको सम्बन्धका आधारमा व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । एउटै मानिसभित्र विभिन्न व्यक्तित्वहरू लुकेका हुन्छन् र ती उपयुक्त समय र अवसरमा प्रस्फुटित हुन्छन् । हरिहर पौडेलको बाहिरी व्यक्तित्व आकर्षक हुनुका साथै आन्तरिक व्यक्ति पनि प्रभावशाली छ । साहित्यिक क्षेत्रमा देखिएका सशक्त र प्रभावशाली व्यक्तित्वमध्ये पौडेल पनि एक हुन् । हरिहर पौडेलको व्यक्तित्वलाई साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई भागमा बाँड्न सकिन्छ । साहित्यिक व्यक्तित्व अन्तर्गत कथाकार व्यक्तित्व, कवि व्यक्तित्व, मुक्तककार व्यक्तित्व, नियात्राकार व्यक्तित्व, गजलकार व्यक्तित्व, समीक्षक व्यक्तित्व, वार्ताकार व्यक्तित्व, स्तम्भकार व्यक्तित्व, जीवनी लेखक व्यक्तित्व विकसित भएको पाइन्छ । त्यसैगरी साहित्येतर व्यक्तित्वमा प्राध्यापक व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व, वैज्ञानिक व्यक्तित्व विकास भएको देखिन्छ । यिनको व्यक्तित्वको दायरा फराकिलो देखिए तापनि मूलतः उनको अग्रणी व्यक्तित्वका रूपमा कथाकार व्यक्तित्वलाई लिन सकिन्छ, यद्यपि उनका अन्य व्यक्तित्वलाई पनि कम मान्न सकिँदैन । समग्रमा उनलाई बहुमुखी व्यक्तित्व भन्न सकिन्छ ।

# परिच्छेद : चार
# साहित्यकार हरिहर पौडेलको साहित्ययात्राका क्रममा देखिएका प्रमुख प्रवृत्ति र चरण विभाजन

## ४.१ प्रेरणा र प्रभाव

साहित्यमा आफ्नो आगमनलाई एउटा नियमित प्रक्रिया मान्ने हरिहर पौडेल स्कुले जीवनमा नै विद्यालयमा हुने साहित्यिक कार्यक्रमहरूमा कविता वाचन गरी पुरस्कृत हुने गरेका थिए । यसरी बाल्यकालदेखि अन्तर्हृदयमा अङ्कुराएको साहित्यिक आकर्षण समयसँगै झाँगिन पुग्यो । प्रवेशिकाको परीक्षा सकिएपछि उनलाई अब के गर्ने, कसो गर्ने, कसरी समयको सही सदुपयोग गर्ने भन्ने छटपटी सुरु भएको थियो । यसरी खाली रहेको समयमा उनले नारायणी पुस्तकालयका सबैजसो साहित्यिक पुस्तकको अध्ययन गर्ने मौका पाएका थिए । उनमा साहित्यको ज्ञान बढ्दै जाँदा त्यसले उनलाई लेख्ने प्रेरणा प्राप्त भएको थियो । विभिन्न साहित्यिक कार्यक्रमहरूमा उनले आफ्नो उपस्थिति जनाउन थालेका थिए । साहित्यप्रतिको रुचि बढ्दै गएको थियो । यसरी साहित्यिक कार्यक्रमहरूमा जाने क्रममा साहित्यिक व्यक्तित्वसँग भेटघाट बढ्दै गएपछि साहित्यिक माहोल मन पराउन थालेका थिए । यिनै साहित्यिक व्यक्तित्वसँगको सामीप्य र साहित्यिक वातावरणले उनलाई लेख्ने प्रेरणा दिएको थियो ।

आफू बाँचेको समाज र वरिपरिको वातावरण नै आफ्नो आन्तरिक प्रेरणा हो[१] भन्ने पौडेल टाल्सटाय चेखभ, दोस्तोएभ्स्की, मिलान कुन्देरा, ग्रावियल ग्रासिया मार्खेज, कामु, वेकेट, निर्मल वर्मा, राजेन्द्र यादव आदिका लेखन मन पराउने कथाकार हुन् । उनको कथा लेखन भने मनुब्राजाकी र किशोर पहाडीको नजिकबाट अगाडि बढेको देखिन्छ ।[२] अङ्ग्रेजी साहित्यमा देखा परेको प्लटलेस कथा लेखनबाट उनी प्रभावित देखिन्छन् ।[३]

विभिन्न क्षेत्रको प्रेरणा र प्रभावबाट साहित्यिका क्षेत्रमा उदाएका साहित्यकार हरिहर पौडेल सफल स्रष्टाका रूपमा स्थापित छन् ।

## ४.२ नेपाली साहित्यमा हरिहर पौडेलको आगमन र लेखनको विकासक्रम

विद्यार्थी जीवनमा विद्यालयमा हुने साहित्यिक कार्यक्रमहरूमा कविता लेख्ने क्रमबाट उनको साहित्यिक यात्रा सुरु भएतापनि वि.सं. २०४३ चैत्रमा राष्ट्रपुकारमा प्रकाशित **चिसो पेटीमा समय र वर्तमान युद्ध एक टिप्पणी**बाट उनको औपचारिक साहित्यिक यात्रा अगाडि बढेको देखिन्छ

---

[१] सीताराम कोइराला (सम्पा.), *लेख्नु त आफूलाई व्यक्त गर्नु हो,* **संवादमा स्रष्टाहरू,** (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६४), पृ. १५२ ।

[२] लक्ष्मणप्रसाद गौतम, *चितवनमा गद्य सिर्जन परम्परा र गद्यकृतिहरूको विश्लेषण,* **चितवन साहित्य सर्वेक्षण,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२ चैत्र) पृ. ८६ ।

[३] गोपी सापकोटा, *इतिवृत्त,* **अभिव्यक्ति** (वर्ष २६, पूर्णाङ्क ८३, २५२) पृ. ५० ।

। २०४३ देखि हालसम्म उनका चार दर्जन जति कविताहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भए तापनि विभिन्न कारणले सङ्ग्रहित हुने अवसर भने पाएका छैनन् । बहुमुखी प्रतिभाका धनी हरिहर पौडेलले कविता, मुक्तक, जीवनी, यात्रा संस्मरण आदि विभिन्न साहित्यिक विधामा कलम चलाए तापनि मूलतः उनी एक सफल कथाकार हुन् । कविता लेखनबाट साहित्य लेखन यात्रा अगाडि बढेको भए तापनि उनको कलम कथा लेखनतर्फ द्रुततर गतिमा अगाडि बढेको पाइन्छ । साहित्यका विभिन्न विधाहरू मध्ये कथालाई आफ्नो रुचिको विषय बनाएका छन् । वि.सं. २०४४ भदौमा समष्टि पत्रिकामा प्रकाशित **कारण** कथा नै उनको पहिलो प्रकाशित कथा हो । हालसम्म उनका **इतिवृत्त** (२०५१), **अनुभ्रम प्रतिभ्रम** (२०६६) गरी दुई कथासङ्ग्रह र **कालो उज्यालो** (२०६२) लघुकथासङ्ग्रह प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त थुप्रै कथाहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा फुटकर रूपमा छरिएका पाइन्छन् ।

हरिहर पौडेलका कथा र कविताका अलावा आठ यात्रा संस्मरण, दुई दर्जनभन्दा धेरै मुक्तक, आधा दर्जनजति गजलका साथै पाश्चात्य साहित्यमा नोबेल पुरस्कार प्राप्त गरेका एकसय चार जनाको जीवन सङ्ग्रह प्रकाशित गराइसकेका छन् ।

नेपाली साहित्यका उदीयमान नक्षत्र हरिहर पौडेल मूलतः कथाकार भए तापनि कविता, मुक्तक, गजल, जीवनी आदि लेखेर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिइसकेका छन् । वि.सं. २०४३ सालमा राष्ट्रपुकार पत्रिकामा आफ्ना दुई कविता **चिसो पेटीमा समय** र **वर्तमान युद्ध : एक टिप्पणी** प्रकाशित गराएर औपचारिक रूपमा साहित्यिक यात्रा प्रारम्भ गरेका हरिहर पौडेलका वि.सं. २०४३ देखि हालसम्मको साहित्यिक यात्रालाई मूलतः दुई भागमा विभाजन गरी हेर्न सकिन्छ :

क. पूर्वार्द्ध (२०४३–२०५१ सम्म)

ख. उत्तरार्द्ध (२०५२ वर्तमानसम्म)

### ४.२.१ पूर्वार्द्ध (२०४३-२०५१ सम्म)

वि.सं. २०४३-२०५१ सम्मको झन्डै एक दशक लामो साहित्यिक यात्रालाई हरिहर पौडेलको साहित्यिक यात्राको पूर्वार्द्धका रूपमा लिन सकिन्छ । यस अवधिमा उनका तेह्रवटा कथाहरूको सङ्ग्रह **इतिवृत्त** कथासङ्ग्रह (२०५१) प्रकाशित भएको पाइन्छ र उक्त कृतिले नारायणी वाङ्मय पुरस्कार २०५१ (विरगञ्ज) पनि प्राप्त गरेको पाइन्छ । यस सङ्ग्रहका अतिरिक्त उनका थुप्रै कथाहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा फुटकर रूपमा पनि प्रकाशित भएको पाइन्छ । यस चरणमा उनको कथाका अतिरिक्त मुक्तक, गजल, कविताहरू पनि विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । यसरी लेखकले प्रारम्भिक अवस्थामा साहित्यका विविध क्षेत्रमा कलम चलाए पनि यस अवधिमा उनको लेखन कथामा नै बढी केन्द्रित देखिन्छ । उनको यस चरणलाई सामाजिक यथार्थवादी कथा लेखनको चरणका रूपमा पनि लिन सकिन्छ । यस

अवधिमा लेखिएका उनका कथाहरूमा विशेषत: समाजका घटनाहरूलाई सूक्ष्म रूपमा देखाउने चेष्टा कथाकारबाट भएको छ । यस अवधिमा लेखिएका उनका कथाहरूमा सामाजिक, आर्थिक, राजनैतिक विकृति, विसङ्गति, अन्याय, अत्याचारको अभिव्यक्ति, मानव जीवनका पीडा, व्यथा, वेदनाको अभिव्यक्ति, यौनको सूक्ष्म प्रयोग, गरिब निमुखा वर्गले बाँच्नको लागि गर्नु परेको सङ्घर्ष, उनीहरूको अस्पष्ट बचाइ, ठूलावडाको स्वार्थी अवसरवादी प्रवृत्तिको चित्रण उनका कथाहरूमा देख्न पाइन्छ । यस अवधिमा लेखिएका कथाहरूले समाजका यथार्थलाई देखाउने मात्र नभई त्यस्ता समाजका बेथिति, विकृति, विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । यस अवधिमा लेखिएका उनका कथाहरू मझौला आयाममा विस्तारित छन् । 'गागरमा सागर' भनेझैँ यस अवधिमा लेखिएका कथाहरू छोटा भए पनि गहन विचार अभिव्यक्त गर्ने खँदिला छन् । यस चरणमा देखिएका पौडेलका प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

क. सामाजिक यथार्थको प्रस्तुति
ख. मानवीय जीवनका पीडा, व्यथा, वेदनाको प्रस्तुति
ग. नागर सभ्यताको विकृति र विसङ्गतिको प्रस्तुति
घ. मानवीय पृष्ठभूमिको खोजी
ङ. ग्रामीण जीवनमा यथार्थको प्रस्तुति
च. जीवनका विविधताको प्रस्तुति
छ. आधुनिक शिल्पशैलीको अङ्गिकार
ज. व्यङ्ग्यको प्रयोग
झ. यर्थाथको अतिक्रमण
ञ. राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य
ट. सूक्ष्म रूपमा यौनको प्रयोग
ठ. स्वच्छ र समुन्नत समाजको स्थापनामा जोड
ड. मूर्तता र स्पष्टता
ढ.परिवर्तनको समर्थन आदि ।

यस अधिमा हरिहर पौडेलले कथा र कविता दुवै विधामा कलम चलाए तापनि यस चरणमा उनको कविता लेखन ओझेलमा परी कथाकार व्यक्तित्व अगाडि आएको छ ।

### ४.२.२ उत्तरार्द्ध (२०५२ देखि वर्तमानसम्म)

हरिहर पौडेलको साहित्यिक यात्रालाई चरणबद्ध रूपमा विभाजन गरेर हेर्दा २०५२ देखि वर्तमानसम्मको अवधिलाई उत्तरार्द्ध भनिन्छ । यस अवधिमा उनका एकाउन्न वटा लघुकथाको सङ्ग्रह **कालो उज्यालो** (२०६२) र सत्र वटा कथाहरू सङ्ग्रह **अनुभ्रम प्रतिभ्रम** (२०६६) प्रकाशित भएको पाइन्छ । यसका अतिरिक्त उनको १०४ जना **नोबेल पुरस्कार विजेता साहित्यकारहरू** ( २०६२) नामक पुस्तक प्रकाशित भएको पाइन्छ । यी तीन साहित्यिक कृतिका अलावा यस

अवधिमा उनका दुई वटा साहित्येत्तर (विज्ञान सम्बन्धी) कृति **भौतिकशास्त्रका नोबेल पुरस्कार विजेता** (२०५८) र **विज्ञान शब्दकोश** (सह २०६०) प्रकाशित भैसकेका छन् । यस चरणमा उनका मुक्तक, गजल, जीवनी, यात्रा संस्मरण, कविता आदि पनि प्रकाशित भएको पाइन्छ ।

यस चरणमा उनको साहित्यिक लेखनमा गुणात्मक र परिणात्मक दुवै रूपमा उच्चता आएको पाइन्छ । यस चरणमा पनि उनको कथाकारिता प्रखर रूपमा अगाडि आएको छ । यस अवधिमा लेखिएका उनका कथाहरू उत्तरआधुनिक चेतनाले भरिएका छन् । यस अवधिमा लेखिएका कथाको विषयवस्तु, भाषाशैली, शिल्प, प्रस्तुति आदिमा नविनता देख्न पाइन्छ । यस चरणको महत्त्वपूर्ण उपलब्धि भनेको विज्ञानको जटिल विषयवस्तुलाई सरल, सहज, भाषामा केही कलात्मकता थपेर प्रस्तुत गर्न सक्नु हो । उनको यस चरणलाई विज्ञान र साहित्यको सङ्गमका रूपमा पनि लिन सकिन्छ । यस चरणका उनका कथाहरूमा सूत्रात्मकता, साङ्केतिकता, सङ्गतिहीनता, बिम्बात्मकता, जीवनगत विविधताको प्रस्तुति, प्रविधि संस्कृतिको प्रभाव, बहुआयामिक चेतनाको प्रस्तुति, पात्रको अन्तरबाह्य यथार्थको प्रस्तुति अनौपचारिक भाषा आजका मान्छेको बहुआयामिक चेतनाको प्रस्तुति, परम्परित मूल्य मान्यताको भञ्जन, मान्छेका निस्सारता, विरानोपन र एक्लोपनको प्रस्तुति, डिजिटल शैलीको प्रयोग देख्न सकिन्छ । यसका अलावा अघुत्तम आकारप्रतिको आकर्षण, अनुभूतिको तीव्रता, बनोट र बुनोटमा छरितोपन, समलिङ्गी चेतना, यौनको सशक्त प्रयोग आदि प्रवृत्तिहरू पनि देख्न सकिन्छ । हरिहर पौडेलका यस अवधिमा लेखिएका कथामा देखिएका मुख्य प्रवृत्तिहरू बुँदागत रूपमा निम्नानुसार छन् :

क. उत्तर आधुनिक चेतना
ख. परम्परित मूल्य मान्यताको भञ्जन
ग. समलि॰ी चेतना
घ. प्रविधि संस्कृतिको प्रयोग
ङ. अनौपचारिक भाषा
च. आजका मान्छेका बहुआयामिक चेतनाको प्रतिबिम्ब
छ. सशस्त्र द्वन्द्वजन्य परिवेश छनोट
ज. आजका मान्छेको निस्सारता विरानोपन र एक्लोपनको प्रस्तुति
झ. अनुभूतिको तीव्रता
ञ. साङ्केतिकता र सूत्रात्मकता
ट. डिजिटल शैली प्रयोग
ठ. बिम्ब प्रतीकको प्रयोग
ड. कथाको लघुत्तम आकारप्रतिको आकर्षण
ढ. कथाको बनोट र बुनोटमा छरितोपन

ण. यौनको सशक्त प्रयोग आदि ।

यसरी दुई चरणमा विभाजन गरेर पौडेलको कथाकार व्यक्तित्वलाई देखाउन सकिन्छ । उनले कथाका साथै थुप्रै कविताहरू लेखेतापनि उनको लेखन मूलतः कथामा केन्द्रित रहेको र उनका कविताहरू फुटकर रूपमा मात्र रहेको त्यसले सङ्ग्रहित हुने अवसर नपाएको हुँदा उनको कथा यात्रालाई नै आधार मानेर चरण विभाजन गरिएको छ ।

हरिहर पौडेलको २०४३ देखि हालसम्म चार दर्जनभन्दा बढी कविताहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भएको हुँदा उनका कवितागत प्रवृत्तिहरूलाई पनि समष्टिमा बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ :

क. सामाजिक सङ्गतिहीनताप्रति व्यङ्ग्य

ख. निराशा, कुण्ठा र विसङ्गत समाजको चित्रण

ग. प्रविधि संस्कृतिको प्रयोग र विज्ञान चेतना

घ. प्रारम्भिक समयका कतिपय कविताहरूमा प्रणयपरक, रागात्मक चेतनाको अभिव्यक्ति

ङ. समसामयिक युगीन चेतना र विश्वबोधको प्रस्तुति

च. मुक्तकीय ढाँचाका कवितामा भाव र अनुभूतिको सूक्ष्म प्रयोग

छ. सामाजिक, आर्थिक, राजनैतिक आदि क्षेत्रमा देखिएका विसङ्गतिको चित्रण

ज. मान्छेका वैयक्तिक कमजोरी र मानसिकताको प्रस्तुति

झ. सरल, सहज भाषा प्रयोग भएर पनि भावको गम्भीरता

ञ. भाव अनुकूलका बिम्ब प्रतीकको प्रयोग

ट. अस्तित्ववादी विसङ्गतिवादी चेतना आदि ।

समष्टिमा भन्ने हो भने साहित्यकार हरिहर पौडेल विविध विशेषताका परिचायक मानिन्छन् ।

## ४.३ निष्कर्ष

विद्यार्थी जीवनमा विद्यालयमा हुने साहित्यिक कार्यक्रमहरूमा कविता लेख्ने र वाचन गर्ने क्रमबाट उनको साहित्यिक यात्रा सुरु भएको देखिन्छ । वि.सं. २०४३ साल चैत्रमा राष्ट्रपुकार साहित्यिक पत्रिकामा **चिसो पेटीमा समय र वर्तमान युद्ध एक टिप्पणी** नामक कविता प्रकाशित गराएर उनले आफ्

नो साहित्य यात्रा सुरु गरेका हुन् । सृजनाको थालनी कविताबाट गरेतापनि कथालाई आफ्नो रचनाको क्षेत्रमा राखेका छन् । हरिहर पौडेलको कवि व्यक्तित्वभन्दा कथाकार व्यक्तित्व उत्कृष्ट रहेको छ । साहित्यिक कृतिहरूको गहिरो अध्ययन, साथी सङ्गती र साहित्यिक माहोलले उनलाई साहित्य सृजनामा प्रेरणा मिलेको देखिन्छ । वि.सं. २०४४ सालमा **समष्टि** पत्रिकामा *कारण* कथा प्रकाशित भएपछि उनी औपचारिक रूपमा कथा लेखन क्षेत्रमा प्रवेश गरेका हुन् । स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरू अध्ययन गर्ने पौडेलको विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा कथाहरू प्रकाशित भएतापनि वि.सं. २०५१ सालमा **इतिवृत्त** कथासङ्ग्रह प्रकाशित गराएर उनी

समसामयिक कथाकारका रूपमा स्थापित भएका छन् । **इतिवृत्त** प्रकाशित भएपछि उनको गहन अध्ययन, लगनको फलस्वरूप उनले परम्परावादी कथालेखन परम्परा त्याग गर्दै नवीन चिन्तन नवीन सोंच, नवीन शिल्पशैली पछ्याउँदै वि.सं. २०६२ मा **कालो उज्यालो** लघुकथासङ्ग्रह प्रकाशित गराएका छन् । त्यसैगरी वि.सं. २०६६ मा **अनुभ्रम प्रतिभ्रम** नामक कथासङ्ग्रह प्रकाशित गरी पाश्चात्य साहित्यमा फस्टाउँदै आएको र नेपाली साहित्यमा नवीनतम मानिएको उत्तर आधुनिक कथा लेखनलाई अँगालेका छन् । यसका अतिरिक्त उनले **नोबेल पुरस्कार विजेता साहित्यकारहरू** नामक जीवनी ग्रन्थ (सहलेखन) प्रकाशित गरेका छन् । उनका साहित्येत्तर ग्रन्थहरूमा विज्ञान शब्दकोश, भौतिकशास्त्रका नोबेल पुरस्कार विजेताहरू प्रकाशित छन् । उल्लेखित पुस्तकाकार कृतिबाहेक पौडेलका प्रशस्तै लेख, रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् ।

साहित्य लेखन र अध्ययनमा रमाउने पौडेल वर्तमान समयमा विभिन्न साहित्यिक गोष्ठी एवम् सम्मेलनमा आदर साथ निम्त्याइने व्यक्तित्व बनेका छन् र कदर र सम्मानका अधिकारी पनि बनेका छन् । उनको यो अविश्रान्त रूपमा अगाडि बढिरहेको र दिनप्रतिदिन गहन र स्तरीय बन्दै गएको साहित्ययात्राले नेपाली साहित्यमा ठूलै योगदान पुऱ्याएको देखिन्छ ।

# परिच्छेद : पाँच
# हरिहर पौडेलका पुस्तकाकार कृतिहरूको अध्ययन

## ५.१. विषय प्रवेश

हरिहर पौडेललाई नेपाली साहित्यका बहुमुखी प्रतिभा मान्न सकिन्छ । हालसम्म उनको कथा, कविता, मुक्तक, गजल, जीवनी, नियात्रा आदि क्षेत्रमा कलम चलेको देखिन्छ । अहिलेसम्म उनका तीनवटा कथासङ्ग्रह र एउटा जीवनी पुस्तक प्रकाशित छन् । जसबारे सामान्य टिप्पणी गरिन्छ :

## ५.२ इतिवृत्त कथासङ्ग्रह (२०५१) को अध्ययन

**इतिवृत्त** हरिहर पौडेलको पहिलो कथासङ्ग्रह हो । यसमा तेह्रवटा सामाजिक यथार्थवादी कथाहरू समेटिएको छ । वि.सं. २०४४ देखि वि.सं. २०५१ सम्ममा विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा फुटकर रूपमा रहेका कथाहरूको सङ्कलित रूप **इतिवृत्त** कथासङ्ग्रह हो ।

### ५.२.१ सुनसान

#### ५.२.१.१ संरचना

प्रस्तुत ***सुनसान*** कथा **इतिवृत्त** कथासङ्ग्रहका विभिन्न शीर्षकका तेह्र कथाहरूमध्ये पहिलो क्रममा सङ्ग्रहित कथा हो । यो कथाको संरचना मझौला आयामको छ । यसमा जम्माजम्मी सत्ताइस अनुच्छेद रहेका छन् । सबै अनुच्छेद समान लमाइका नभई लामा छोटा छन् । सबैभन्दा छोटो अनुच्छेद तीन पङ्क्तिको र सबैभन्दा लामो अनुच्छेद नौ पङ्क्तिको रहेको छ । यो कथा जम्मा एकसय सत्ताइस पङ्क्तिमा विस्तारित छ ।

#### ५.२.१.२ शीर्षक

***सुनसान*** कथा सामाजिक यथार्थपरक कथा हो । वि.सं २०४६ सालको राजनैतिक पृष्ठभूमिमा लेखिएको यस कथामा २०४६ सालको ऐतिहासिक आन्दोलनलाई नियन्त्रणमा लिन सरकारले सहरी क्षेत्रमा कर्फ्यू लगाएको छ । कर्फ्यूको डर त्रास आतङ्कका कारण आम जनताको दैनिक कार्य अस्तव्यस्त छ, उनीहरूको हृदयमा विद्रोहको क्रान्ति, ज्वाला दन्किएतापनि त्यसको प्रतिवादन गर्न असमर्थ रहेकाले बाह्य वातावरणमा सुनसान भएको भ्रम सरकारी कर्मचारीहरूमा परेकाले कथाको शीर्षक सुनसान राखिएको छ । अर्कातर्फ २०४६ सालको ऐतिहासिक आन्दोलन पश्चात् जनताले यस किसिमको आन्दोलन, विद्रोह, हत्या, हिंसामा होमिन नपर्ने यो आन्दोलन नै निर्णायक हुने र देशमा शान्ति सुरक्षा, अमनचयन कायम हुने ठान्दै लेखकले कथाको शीर्षक सुनसान राखेका छन् जुन सार्थक छ ।

#### ५.२.१.३ कथावस्तु

यो कथाले २०४६ सालको ऐतिहासिक जनआन्दोलनलाई आफ्नो कथावस्तु बनाएको छ । २०४६ सालको आन्दोलन दबाउन सरकारले सहरी क्षेत्रमा लगाएका कर्फ्यूका कारणले विभिन्न पेशा र वर्गका जनतामा परेको प्रभावलाई यस कथामा सूक्ष्म रूपमा वर्णन गरिएको छ । कर्फ्यूका कारण सोझा गरिब, निरीह जनताले भोग्नुपरेको दुःखको पराकाष्ठा, आम जनताको दैनिक जीवन तहसनहस भएको यथार्थ, सञ्चारका माध्यमबाट भएका गलत समाचार प्रसारण, पर्यटन क्षेत्र, आर्थिक क्षेत्र आदिमा परेको प्रभावलाई यस कथाले आफ्नो कथावस्तु बनाएको छ । देशमा व्याप्त विद्रोह, हत्या, हिंसा, काटमार आदि प्रति यसको कथावस्तुले व्यङ्ग्य प्रहार गरेको छ । यसमा कथावस्तु सलल अगाडि बढेको पाइँदैन आदि मध्य अन्त्यको शृङ्खला भत्किएको छ ।

### ५.२.१.४ पात्र

यस कथामा पच्चीसभन्दा बढी पात्रहरू समावेश भएका छन् । यसमा प्रयोग गरिएका अधिकांश पात्र पुरुष छन् । नारी पात्रको न्यूनता छ । यस कथामा अनुकूल प्रतिकूल दुवै किसिमका पात्रहरू प्रयोग भएको छ । यस कथाका पात्रहरू बाह्य दृष्टिकेन्द्रीय छन् ।

### ५.२.१.५ संवाद

संवाद आख्यानलाई जीवन्तता प्रदान गर्ने कथाको एक आवश्यक तत्व हो । संवाद आवश्यक तत्व हुँदाहुँदै पनि यस कथामा संवादको न्यूनता रहेको छ ।

### ५.२.१.६ परिवेश

राजनैतिक परिवेशलाई मूल रूपमा प्रस्तुत गरिएको यस कथामा स्थानीय परिवेशका रूपमा काठमाडौँ सहरका तारे होटेल, नक्साल, बागबजार, त्रिचन्द्र कलेज, धोवीखोला, कीर्तिपुर आदि र यस वरपरका क्षेत्रलाई लिइएको छ । परिवेश चित्रणभन्दा घटनालाई बढी महत्व दिइएको हुँदा परिवेश चित्रण उतिसारो देख्न पाइँदैन ।

### ५.२.१.७ उद्देश्य

२०४६ सालको ऐतिहासिक जनआन्दोलन, त्यसलाई सरकारी पक्षबाट भएका प्रयास र त्यसका कारणले जनतामा परेको प्रभावलाई यथार्थपरक ढङ्गले देखाउँदै कथामा जुन प्रकारको शान्ति, सुरक्षा र अमनचयनको कुरा गरिएको छ त्यसप्रति व्यङ्ग्य प्रहार गर्नु यस कथाको उद्देश्य हो ।

### ५.२.१.८ भाषाशैली

यस कथामा प्रयोग गरिएको भाषा सरल, सहज, बोधगम्य, सम्प्रेष्य र प्रभावकारी छ । यस कथामा विवरणात्मक शैलीको प्रयोग भएको छ । चरम्, चरम्जस्ता अनुकरणात्मक शब्द संयोजनले भाषामा मिठास थपेको छ । अङ्ग्रेजी, नेवारी भाषाका आगन्तुक शब्द संयोजनले कथा बढीभन्दा

बढी प्रभावकारी बनेको छ । यस कथामा प्रयोग भएका अङ्ग्रेजी आगन्तुक शब्द जस्तै : ब्ल्याक आउट, रेडियो, टेलिभिजन, स्टोभ, स्टाइल नेवारी आगन्तुक शब्द छोयला ।

### ५.२.१.९ दृष्टिबिन्दु

यस कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ५.२.२ विप्लव

### ५.२.२.१ संरचना

*विप्लव* कथा **इतिवृत्त** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा दोस्रो क्रममा सङ्ग्रहित कथा हो । यो कथा मझौला आयामको छ । यसमा जम्माजम्मी चौध अनुच्छेद रहेका छन् । सबैभन्दा लामा अनुच्छेद दस पङ्क्तिको र सबैभन्दा छोटा अनुच्छेद दुई पङ्क्तिको रहेका छन् । यस कथाको आयाम जम्माजम्मी बहत्तर पङ्क्तिमा सीमित छ ।

### ५.२.२.२ शीर्षक

*विप्लव* कथाको शीर्षक प्रतीकात्मक छ । यस कथामा एउटा पिछडिएको ग्रामीण समाजलाई परिवेशका रूपमा लिएर त्यहाँ हुने गरेका दैनिक क्रियाकलाप, रहनसहन, भेसभुसा, बोलिचालीलाई सजीव रूपमा सूक्ष्म ढङ्गले चित्रण गर्दै उक्त समाजको चौतर्फी विकास गर्न उनीहरूमा रहेको बौद्धिक दरिद्रतालाई हटाउन बौद्धिक क्रान्ति आवश्यक छ भन्दै कथाको शीर्षक विप्लव राखिएको छ जुन सान्दर्भिक देखिन्छ ।

### ५.२.२.३ कथावस्तु

यस कथामा एउटा पिछडिएको ग्रामीण समाज र त्यहाँ बसोबास गर्नेहरूको क्रियाकलापलाई कथावस्तुका रूपमा लिइएको छ । पिछडिएको ग्रामीण समाजमा महिलामाथि हुने व्यवहार, शिक्षादीक्षा, संस्कार, सभ्यताको अज्ञानतामा आफ्नो जीवनको यथार्थलाई बुझ्न नसकेर अनुत्पादक क्रियाकलापमा जस्तै : तास खेल्नु, रक्सी खानु, कुरा काट्नु, अर्काको उन्नतिमा इर्ष्या गर्नु, अश्लील बोल्नुमा नै जीवन महत्वपूर्ण अवधि खर्चेका नेपालीको यथार्थलाई यसले आफ्नो कथावस्तु बनाएको छ । साथै गाउँमा राम्रा कामको थालनी भएतापनि त्यसले निरन्तरता पाउन नसकेको यथार्थलाई कथाले आफ्नो कथावस्तु मानेको छ ।

### ५.२.२.४ पात्र

यस कथाको म पात्र प्रमुख पात्र हो । यसैका माध्यमबाट कथाले पूर्णता प्राप्त गरेको छ । म पात्र पुरुष, गतिशील, मञ्चीय, अनुकूल/प्रतिकूल बद्ध पात्र हो । म पात्र अलावा अन्य पात्रहरू वर्गीय,

गतिहीन, बद्ध, मञ्चीय नै रहेका छन् । विप्लवको म पात्र परिधि आन्तरिक दृष्टिकेन्द्रका रूपमा रहेको छ ।

### ५.२.२.५ संवाद

यस कथामा छोटा-छोटा एक दुई संवाद मात्र प्रयोग गरिएको छ । यस कथामा कथाकारले ग्रामीण क्षेत्रमा बोलिने अश्लिल संवादको सचेततापूर्वक साङ्केतिक रूपमा प्रयोग गरी कथालाई यथार्थपरक बनाउने कसरत गरेका छन् । जस्तै :

'के गर्थिस् ?'

'देखाइदिन्थे ।'

'के ............ ?'

'उसले सङ्केतले देखाउँछ ।.....'

### ५.२.२.६ परिवेश

यस कथामा भित्री मधेसको एउटा पिछडिएको समाज स्थानीय परिवेशका रूपमा प्रस्तुत भएको छ । दिउँसो, बेलुका, अँध्यारो रात कालिक परिवेशका रूपमा आएको छ । शिक्षा, रोजगारको अभावमा रक्सी जुवामा अमूल्य जीवन बिताएका बकम्फुसे र अल्लारे प्रवृत्तिका बूढाहरूको संसारलाई स्वाभाविक परिवशेका रूपमा यहाँ चित्रण गरिएको छ ।

### ५.२.२.७ उद्देश्य

एउटा पिछडिएको ग्रामीण समाजको यथार्थलाई ऐनामा बिम्ब देखिएजस्तै छर्लङ्ग हुने गरी देखाउनु, उनीहरूको बौद्धिक, सामाजिक, आर्थिक स्तरलाई देखाउनु र उनीहरूको बौद्धिक दरिद्रतालाई हटाउन बौद्धिक क्रान्तिको आवश्यक छ भन्ने देखाउनु यस कथाको उद्देश्य हो ।

### ५.२.२.८ भाषाशैली

भाषाशैली कथाको महत्वपूर्ण तत्व हो । यसले कथालाई आकर्षक, प्रभावकारी बनाउन मद्दत गर्दछ । यस कथामा प्रयोग गरिएको भाषा अशिक्षित ग्रामीण समाजका मानिसले बोल्ने खालको छ । जस्तै : साले, घिच्याउन, पहेँलो बाक्लो सिंगान, गुन्द्री आदि । यस कथामा अङ्ग्रेजी, अरबी आगन्तुक शब्दको समेत प्रयोग छ । जस्तै : प्रोग्राम, अरबी, महफिल आदि ।

यस कथामा अश्लिल शब्दको समेत साङ्केतिक प्रयोग देख्न पाइन्छ ।

'के गर्थिस् ?'

'देखाइदिन्थे ।'

'के ............ ?'

'उसले सङ्केतले देखाउँछ ।.....'

### ५.२.२.९ दृष्टिबिन्दु

यस कथामा म प्रथम पुरुष र तृतीय पुरुष दुवैको प्रयोग भएकाले अन्तरबाह्य दृष्टिबिन्दुको प्रयोग छ ।

### ५.२.३ पौडी

#### ५.२.३.१ संरचना

**इतिवृत्त** कथासङ्ग्रहका कथाहरू मध्ये तेस्रो क्रममा रहेको कथा *पौडी* हो । यो मझौला आयामको कथा हो । *पौडी* कथामा साना-ठूला गरी सोह्र अनुच्छेद रहेका छन् । सबैभन्दा लामो अनुच्छेद सत्र पङ्क्तिको र सबैभन्दा छोटो अनुच्छेद दुई पङ्क्तिको रहेको छ । यस कथामा जम्मा नब्बे पङ्क्ति रहेको छ ।

#### ५.२.३.२ शीर्षक

*पौडी* शीर्षक प्रतीकात्मक छ । पौडी शब्दले सामान्य रूपमा पानीमा खेल्ने भन्ने अर्थ बताएतापनि यहाँ यसले राजनैतिक पौडीलाई देखाएको छ । यस कथामा राजनैतिक पार्टीका नेताले जुनसुकै व्यवस्था (राणाकाल, पञ्चायतकाल, प्रजातन्त्र) मा पनि छेपाराले रङ्ग फेरेजस्तो आफ्नो पार्टीको लक्ष्य सिद्धान्तलाई बन्धक राखेर कुर्सीको लोभमा सत्तामा रहेको पार्टीतर्फ हामफाल्ने प्रवृत्तिलाई राजनैतिक पौडी मानि कथाको शीर्षक *पौडी* राखिएको छ, जुन सार्थक छ ।

यहाँ दलभित्रका अप्रजातान्त्रिक अभ्यासले गर्दा देशको प्रजातान्त्रिक सङ्घर्षमा लामो इतिहास संहालेका इमान्दार व्यक्तिहरूलाई पछाडि पार्दै अवसरवादी नेताहरू हावी हुँदै गएको यथार्थलाई प्रस्तुत कथामा चित्रण गरिएको छ ।

#### ५.२.३.३ कथावस्तु

*पौडी* कथामा राजनैतिक पार्टीका नेताहरूको स्वार्थी, अवसरवादी प्रवृत्तिलाई कथावस्तुका रूपमा लिइएको छ । हाम्रा आदर्श, प्रतिनिधि, विश्वासका पात्र मानिएका नेता जसले देश चलाउने जिम्मा लिएका छन् उनीहरू नै देशको चौतर्फी विकास, शिक्षा, स्वास्थ्य, शान्ति सुरक्षा, रोजगारको अवस्था सिर्जनामा नलागि व्यक्तिगत स्वार्थ, सत्तामोहले गर्दा देशलाई धमिरोले काठ प्वाल पारेजस्तो देशलाई खोक्रो पार्न उद्धत भएको स्थितिप्रति व्यङ्ग्य गरेका छन् । हाम्रा नेताहरू यस्ता छन् कि उनीहरू को कुनै स्पष्ट दर्शन, लक्ष्य, विचार, सिद्धान्त केही छैन । उनीहरू त पानीमा तैरिएको पातजस्तो पानीको प्रभावसँगै यताउता अर्थात् कहिले यो पार्टी त कहिले ऊ पार्टीमा आफ्ना व्यक्तिगत स्वार्थ पूरा गर्न हामफाल्ने प्रवृत्ति छ त्यसलाई कथावस्तुका रूपमा लिइएको छ । यस कथामा साङ्केतिक रूपमा यौन प्रणयका प्रसङ्गहरू पनि कथावस्तुका रूपमा आएका छन् ।

#### ५.२.३.४ पात्र

यसमा पात्रहरूको बाहुल्यता पाइँदैन । यस कथाको म प्रमुख पात्र हो । ऊ एक बद्ध, मञ्चीय, अनुकूल, गतिहीन पात्र हो । यसै कथाको अर्को ऊ पात्र मञ्चीय, प्रतिकूल, गतिशील बद्ध पात्र हो ।

### ५.२.३.५ संवाद

यस कथामा जम्मा दुई ठाउँमा छोटा-छोटा संवादको प्रयोग गरिएको छ । जस्तै :

‘तँ चुनाव लड्ने नै होस् त ?’

‘छाडिदे ती सांसारिक ........।’

‘पौडी खेल्नु पर्छ कि ?’

‘खेल्ने त ?’

‘खेलौँ ।’

### ५.२.३.६ परिवेश

राजनैतिक परिवेशमा नै यस कथाको कथावस्तु अगाडि बढेको छ । गाईहरू, भैँसीहरू, बाख्राहरू चरिरहेका छन्, गोठाला गोठाल्नीहरू पल्लो छेउमा जिस्किदै छन्, गाउँका आइमाइको काम हो खाना पकाउनुजस्ता प्रसङ्गहरूले कुनै ग्रामीण परिवेश हो भन्न सकिन्छ ।

### ५.२.३.७ उद्देश्य

*पौडी* कथाको उद्देश्य हाम्रा राजनैतिक पार्टीका नेताहरू जो आर्थिक लाभका लागि आÇना चिन्तन, दर्शन लक्ष्यलाई बिर्सेर जनतालाई सिँढी बनाएर सधैँ सत्तामा टिकिरहने ध्याउन्नमा लागेका छन् तिनीहरूलाई तिखो व्यङ्ग्य प्रहार गर्नु र उनीहरूको वास्तविकता उनीहरूकै अगाडि प्रस्तुत गरी आफ्नो व्यवहार सुधार्ने अवसर प्रदान गर्नु हो ।

### ५.२.३.८ भाषाशैली

*पौडी* कथाको भाषा प्रतीकात्मक छ ।

### ५.२.३.९ दृष्टिबिन्दु

यस कथामा अन्तरबाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ५.२.४ मास तमाम

### ५.२.४.१ संरचना

*मास तमाम* **इतिवृत्त** कथासङ्ग्रहका कथाहरू मध्ये चौथो क्रममा रहेको कथा हो । यो कथा बृहत आयममा संरचित छ । यसमा लामाछोटा बीस अनुच्छेद रहेका छन् । सबैभन्दा लामो अनुच्छेद एकतीस पङ्क्तिको र सबैभन्दा छोटो अनुच्छेद एक पङ्क्तिको रहेको छ ।

### ५.२.४.२ शीर्षक

मास भन्नाले महिना र तमाम भन्नाले अन्त्य भन्ने बुझिन्छ । तसर्थ यसको शीर्षकबाट नै यसमा एक महिना भरिका गतिविधिको वर्णन छ भन्ने अड्कल लगाउन सकिन्छ । यस कथामा पनि

निम्न आय भएका कर्मचारी जो सहरमा बस्छन् । उनीहरूले आफ्ना सीमित आयबाट असीमित आवश्यकता पूरा गर्नु पर्दा कति पीडा, दुःख, अभाव भोग्नुपर्छ । उनीहरूको मासिक गतिविधि कसरी चलेको छ भन्ने वर्णन कथामा गरिएको हुँदा शीर्षक सान्दर्भिक छ ।

**५.२.४.३ कथावस्तु**

यस कथाको कथावस्तु भनेको पाण्डेको परिवारको एक महिनाको गतिविधि हो । पाण्डे निम्न आय भएको कर्मचारी हो । ऊ आफ्नो परिवार सहित सहरी क्षेत्रमा बसोबास गरेको छ । उसले यसरी बसोबास गर्दा उसलाई तलब आउने दिन धेरै महत्वपूर्ण हुन्छ किनकी उसको तलबले उसको परिवारमा क्षणिक भए पनि खुशियाली ल्याउँछ । दिनहरू बित्दैजादा परिवारमा तनाव बढ्दै जान्छ, पैसाको कमि हुँदा श्रीमतीको बोली व्यङ्ग्य बन्छ । आफ्ना आफन्तलाई नभएको तानाबाना बुनेर घरबाट निकाल्नु पर्ने बाध्यता आउँछ, गुन्द्रुक र भात मात्रै खाएर प्राण धान्नु पर्ने बाध्यता आउँछ  यिनै कुराहरू नै यस कथाका मूल कथावस्तु हुन् । यसका साथै फ्रायडीय मनोविज्ञानलाई पनि आवश्यकता अनुरूप प्रयोग गरिएको छ ।

**५.२.४.४ पात्र**

यस कथामा पाण्डे र उसकी श्रीमती केन्द्रीय पात्र हुन् भने बिरामी सहायक पात्रका रूपमा आएका छन् । यस कथाको पाण्डे निम्न आय भएको कर्मचारी हो भने पाण्डेकी श्रीमती एक गृहिणी हुन् ।

**५.२.४.५ संवाद**

यस कथामा पर्याप्त संवादको प्रयोग गरिएको छ । संवादको प्रयोगले कथा नाटकको नजिक पुगेको भान हुन्छ । यस कथामा पाण्डेका श्रीमान् श्रीमती बीचको संवाद छ । पात्रका बीचको संवादका दृष्टिले यस कथाको भिन्नै स्वत्व छ ।

**५.२.४.६ परिवेश**

आर्थिक परिवेशलाई मूल रूपमा मास तमाम कथामा प्रस्तुत गरिएको छ । स्थानीय परिवेशको रूपमा सहरीया परिवेश रहेको छ ।

**५.२.४.७ उद्देश्य**

प्रस्तुत कथाका माध्यमबाट निम्न आयको भरमा सहरमा बस्ने परिवारको आर्थिक दुर्गति देखाउँदै तल्लो वर्गप्रति सहानुभूति प्रकट गर्नु यस कथाको उद्देश्य रहेको छ ।

**५.२.४.८ भाषाशैली**

*मास तमाम* कथाको भाषा सरल, सहज, बोधगम्य छ । यहाँ कथालाई बढी आकर्षक र प्रभावकारी बनाउन पैसा धामीलाई बेथा हामीलाई भन्ने उखानको प्रयोग गरिएको छ । नेपाली

समाजमा प्रचलित गुन्द्रुक, मस्यौरा, च्याऊँ, डाडु, पनिऊ, कसौडी र दिउरीजस्ता शब्दको प्रयोगले यथार्थको ज्यादै नजिक पुगेको छ । एक ठाउँमा 'साले' जस्तो ग्रामीण समाजका अशिक्षित व्यक्तिले बोल्ने शब्दको प्रयोग छ । प्रमोशन, मुड, टेलिभिजनजस्ता अङ्ग्रेजी शब्दको समेत आवश्यकता अनुसार प्रयोग गरिएको छ । यस कथामा केही व्यङ्ग्यात्मक शैली पनि आत्मसात गरिएको छ । जस्तै :

- कति वर्ष भो मैले डाडु र पनिउँले कसौडी र दिउरीहरूमा व्यङ्ग्य लेख्ने गरेको ?
- केही कुरा भए पो रित्तो भाँडो पोखिन्छ र ?
- निकै नै अप्ठ्यारोमा परेर पाहुनारूपी पीडाले भात खाएरै बिदा लियो ।
- कूर यथार्थ त्यसबेला हान्ने राँगो जस्तो भएर अलि परबाट टुलुटुलु हेरिरहेको हुन्छ, जब तिनीहरू तरङ्गवादी वार्तामा व्यस्त हुन्छन् ।

### ५.२.४.९ दृष्टिबिन्दु

यस कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ५.२.५ उमेरहरू

### ५.२.५.१ संरचना

**इतिवृत्त** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमध्ये पाँचौ क्रममा सङ्ग्रहित कथा हो *उमेरहरू*। यो मझौला आकारको कथा हो । यस कथामा जम्मा अठार अनुच्छेद रहेका छन् । यस कथामा सबैभन्दा लामो अनुच्छेद चौध पङ्क्तिको र सबैभन्दा छोटो अनुच्छेद दुई पङ्क्तिको रहेको छ । यस कथामा जम्मा एकसय उनन्तीस पङ्क्तिको कुशल संयोजन गरी कथालाई पूर्णता दिइएको छ ।

### ५.२.५.२ शीर्षक

*उमेरहरू* कथाको शीर्षक अभिधात्मक छ । उमेरहरू शीर्षकबाट नै यहाँ विभिन्न उमेरको चर्चा छ भन्ने अनुमान लगाउन सकिन्छ । यस कथामा मूलतः एउटा व्यक्तिको पाँच वर्षदेखि चौवालीस वर्षको जीवनयात्रामा के-कस्ता घुम्ती र मोडहरू आए र ती घुम्ती र मोडहरूले उसको जीवनमा के-कस्तो प्रभाव पार्‍यो भन्दै उसका उमेर अनुसारका क्रियाकलापको चर्चा कथामा गरिएकाले उमेरहरू शीर्षक सान्दर्भिक देखिएको छ ।

### ५.२.५.३ कथावस्तु

यस कथाको मुख्य कथावस्तु भनेको कथाको प्रमुख पात्र ऊ को पाँच वर्षदेखि चवालीस वर्ष बीचमा घटेका घटनाहरू नै हुन् । बहिनीको मृत्यु हुनु, आमाको मृत्यु हुनु, बाबुले कान्छी आमा ल्याउनु, कान्छी आमाले पनि क्षणिक माया दर्साउनु सानीआमाको व्यवहार परिवर्तन हुनु, ऊ क्रमशः कुलतमा फस्दै जानु, विवाह गर्नु, छोरा पाउनु, जेल पर्नु, सिपाहीमा भर्ती हुनु, घाइते हुनु र सिपाहीमा काम गर्न नसक्नु, छोरा मर्नु, श्रीमती पोइल जानु, अन्ततः खराब काममा लागेर पैसा

कमाउनु तर आफ्नो कुकर्मका कारण पुनः जेल पर्नु जस्ता घटनाहरू कथावस्तुका रूपमा रहेका छन् । यस कथामा कथाकारले शृङ्खलाविहीन मानव जीवनको शृङ्खलालाई कथावस्तुका रूपमा लिएका छन् ।

### ५.२.५.४ पात्र

ऊ गतिशील बद्ध, पतोन्मुख, प्रतिकूल, पात्रको रूपमा आएको छ । ऊ पात्रका आमा, बुबा, सानिमा, श्रीमती, छोरा, सानिमाका छोराछोरीहरू सहायक पात्रका रूपमा कथामा प्रयोग भएका छन् ।

### ५.२.५.५ संवाद

वर्णनात्मक शैलीमा लेखिएको यस कथामा संवादको प्रयोग भने देख्न पाइँदैन ।

### ५.२.५.६ परिवेश

ग्रामीण सामाजिक र सहरी दुवै परिवेशको प्रयोग यस कथामा देख्न पाइन्छ । रुखको मुनि चौरमा बसेर पढेको, कालोपाटी रुखमा अडेस लगाएर राखेको, स्याउला काट्न रूखमा चढेको, गोरु भैंसी जुधाएर मनोरञ्जन लिएको, कागत प्लाष्टिक पोको पारेर सुतरीले बाँधेर भकुण्डो बनाएको आदि प्रसङ्गले ग्रामीण समाजको र घरहरूको लाम, मोटरको लस्कर, बिजुली बत्ती, ठूला होटल आदि प्रसङ्गले सहरी परिवेशको सङ्केत गरेको छ ।

### ५.२.५.७ उद्देश्य

यस कथामा कथाकारले कथाको प्रमुख पात्र ऊ को पाँच वर्षदेखि चवालीस वर्षको उमेरमा घटेका विशृङ्खलित घटनाहरूको शृङ्खलालाई देखाएर मानव जीवनका विभिन्न घुम्ती र मोडहरू अर्थात् उतार चढावलाई प्रस्तुत गर्नु, आमाको मायाममता नपाएका बच्चा कसरी नराम्रो बाटोमा लाग्छन् भनेर देखाउनु, नराम्रो कामबाट क्षणिक लाभ भएतापनि अन्ततः यसले आफ्नो कर्मअनुसारको फल पाउँछ भन्ने देखाउनु साथै बाबुले आफ्नो सन्तानप्रतिको दायित्व र जिम्मेवारी कहिल्यै बिर्सनु हुँदैन भन्ने देखाउनु नै यस कथाको उद्देश्य हो ।

### ५.२.५.८ भाषाशैली

यो कथाको कथावस्तु एउटा ग्रामीण जीवनयापन गर्ने एउटा पात्रका जीवनका विविध गतिविधिलाई समेटिएको हुँदा भाषा पनि ग्रामीण समाजमा बोलिने खालको सरल, सहज, बोधगम्य छ । डायरी शैलीमा लेखिएको यस कथामा "पैसा धामीलाई व्यथा हामीलाई" जस्ता उखान टुक्काको प्रयोग गरिनुका साथै केही अङ्ग्रेजी आगन्तुक शब्दको समेत आवश्यकता हेरी प्रयोग गरी कथालाई यथार्थको नजिक पुऱ्याउने प्रयास कथाकारले गरेका छन् ।

### ५.२.५.९ दृष्टिबिन्दु

*उमेरहरू* कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ५.२.६ जागिर

#### ५.२.६.१ संरचना

**इतिवृत्त** कथा सङ्ग्रहमा सङ्ग्रहित तेह्र कथाहरू मध्ये *जागिर* कथा छैटौं क्रममा सङ्ग्रहित कथा रचना मानिन्छ । यो कथा मझौला आयाममा रचना गरिएको छ । यस कथामा जम्मा दुईसय छ पङ्क्तिहरूको सन्तुलित विन्यास पाइन्छ । यस कथामा सबैभन्दा छोटो अनुच्छेद दुई पङ्क्तिको र सबैभन्दा लामो अनुच्छेद सैतीस पङ्क्तिको रहेको छ ।

#### ५.२.६.२ शीर्षक

आजको सबैभन्दा ठूलो समस्या बेरोजगार हुनु हो । आज पढेका थुप्रै शिक्षित युवा आफ्नो क्षमता, योग्यता अनुसारको जागिर पाउन सकिरहेका छैनन् । जागिर खानको लागि कि त टन्न पैसा खुवाउनु पर्छ कि त ठूलाबडाको सिफारिस चाहिन्छ । जसको आफ्नो मान्छे ठूलो पदमा छैन, जसले पैसा खुवाउन सक्दैन ऊ जति सक्षम, योग्य भएतापनि उसले जागिर पाउन सक्दैन । वर्तमान समयमा हाम्रो नेपाली समाजमा मौलाएको नातावाद, कृपावाद, घुसखोरीको भरमा जागिर खाने जुन परम्परा छ त्यसलाई देखाउन उनले ऊ पात्रको खडा गरी उसले बाध्यताबस मानवीय मूल्यमान्यता, मानवीय अस्तित्वलाई तिलाञ्जली दिएर कुकुर भुक्ने जागिर खानुपर्ने स्थिति देखाएर शिक्षित युवा बेरोजगारको दर्दनाक विसङ्गत स्थितिको चित्रण गरेकाले यस कथाको कथावस्तु र शीर्षकका बीच सन्तुलन रहेको पाइन्छ ।

#### ५.२.६.३ कथावस्तु

निकै कौतुहलता पाइने यस कथाको कथावस्तु नितान्त नवीन किसिमको छ । यस कथाको प्रमुख पात्र भक्तमान उसको आर्थिक अवस्था र जागिर खानको लागि उसले गर्नु परेको सङ्घर्ष यस कथामा कथावस्तुका रूपमा आएका छन् । भक्तमानले दोस्रो श्रेणीमा स्नातकसम्मको अध्ययन पूरा गरेको छ । उसले जागिर खानका लागि धेरै अफिसहरूमा अन्तर्वार्ता दिइसकेको छ । उसले सामान्य ज्ञान र अन्य आवश्यक पुस्तक रातभरका रातभर पढेको छ । अन्ततः उसले कुक्कुर भुक्ने जागिर पाएको छ र उसले आफ्नो आर्थिक अवस्था ज्यादै कमजोर भएको हुँदा उक्त जागिर खाएको विसङ्गत स्थितिलाई मुख्य रूपमा कथावस्तु बनाएको छ ।

#### ५.२.६.४ पात्र

यस कथाको ऊ अर्थात् भक्तमान प्रमुख पात्र हो । भक्तमानको बहिनी, आमा, सानुराजा, सुरेखा अन्तर्वार्ताकार सुन्दरी युवती गाउँका छिमेकीहरू सहायक पात्रका रूपमा आएका छन् । यी मानवीय पात्रका अतिरिक्त पप्पी (कुकुर) मानवेतर पात्रका रूपमा कथामा आएको छ । भक्तमान एक वर्गीय बद्ध, मञ्चीय, गतिशील पात्रका रूपमा रहेको छ ।

### ५.२.६.५ संवाद

यस कथामा संवादको छोटो अंश मात्र रहेको छ । यस संवादमा अति यथार्थवादको प्रयोग छ । मानवीय मूल्य-मान्यता धरासायी हुँदै गएको मानिसले नै मानवीय अस्मिता लुट्न खोजेको अभिव्यक्ति छ । जसको उदाहरण यसप्रकार छ :

'तपाईंलाई जागिर चाहिएको हो त ?'

'हो ।'

'तपाईं कुकुरझैँ भुक्न सक्नुहुन्छ ?'

'सक्छु ।'

'एकपटक भुक्नोस् त ।'

'भौं .... भौं .... भौं ।'

### ५.२.६.६ परिवेश

विसङ्गत सामाजिक परिवेशलाई आधार मानेर लेखिएको यस कथामा ग्रामीण र सहरी दुवै परिवेशको प्रयोग देख्न पाइन्छ । भक्तमानको भत्केर टेको लगाएको घर, हरिया फाँट, ढिब्री बालेर पढेको कुरा, अर्काको कुराकाट्ने प्रवृत्ति आदिले ग्रामीण परिवेशको र विशाल घर, अग्लो पर्खाल, फलामे गेट भित्तामा टाँसिएको डरलाग्दो एल्सेसिएन कुकुरको रङ्गीन फोटोमा लगाइएको बजारीया माला आदि प्रसङ्गले सहरी परिवेशको सङ्केत गरेको छ । शरद् ऋतु आदि कालिक परिवेशका रूपमा आएका छन् ।

### ५.२.६.७ उद्देश्य

आजको विकृत विसङ्गत स्वार्थी समाजमा दिनप्रतिदिन मानवीय मूल्यमान्यता हराउँदै गएको मानवले आफ्नो अस्तित्वको रक्षा गर्न असमर्थ रहेको मानिस नै मानवीय अस्मिता लुट्न उद्धत् भएर लागेको र मानवमा मानवीय मान्यता हराएर दानवीय व्यवहार हावी भएको वर्तमान समाजको यथार्थलाई देखाउँदै अन्तर्वार्ताकारजस्ता समाजका विवेक शून्य व्यक्ति र उनीहरूको जागिर लगाउने परिपाटीप्रति व्यङ्ग्य प्रहार गर्नु ।

### ५.२.६.८ भाषाशैली

प्रस्तुत कथामा सरल, भाषाशैलीको प्रयोग भएको छ । हस्पिटल, नोट, गेट, विवेयर अफ डग, फिल्म, ड्याड, इमर्जेन्सी, कोट, फर, ड्याडी, डग म्यान डग जस्ता अङ्ग्रेजी शब्दको प्रयोग तथा इर्ष्या, स्पर्श, मुग्ध, कटाक्ष, शिशुजस्ता संस्कृत शब्दको समेत सचेत प्रयोग पाइन्छ । झ्याङ, कच्याककुचुक, झ्यापुल्ले जस्ता नेपाली अनुकरणात्मक शब्दको सफल प्रयोगसमेत यस कथामा पाइन्छ । यस कथामा आलङ्कारिक प्रयोग पनि देख्न पाइन्छ । जस्तै :

दुवै अत्यन्तै सुन्दर कोमल फूलझैँ थिए ।

कल्पनाहरू, सपनाहरू र भावी जीवन बाँचिने एउटा खाँका आँखा अगाडि माछाझैँ नाचिरहन्थ्यो ।

### ५.२.६.९ दृष्टिबिन्दु

*जागिर* कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ५.२.७ बेसहारा

### ५.२.७.१ संरचना

*बेसहारा* **इतिवृत्त** कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये सातौं क्रममा रहेको कथा हो । यस कथामा जम्मा चौध अनुच्छेद रहेका छन् । सबैभन्दा लामो अनुच्छेद एघार पङ्क्तिको र सबैभन्दा छोटो अनुच्छेद चार पङ्क्तिको रहेको छ । यो कथा मझौला आयाममा विस्तारित भएको हुँदा यसमा जम्मा एकसय आठ पङ्क्ति मात्र रहेका छन् ।

### ५.२.७.२ शीर्षक

यस कथाको प्रमुख पात्र ऊ ले समय परिस्थिति र आफ्नो अवस्थालाई मध्यनजर गरी आफ्नै नाम बेसहारा अर्थात् सहाराविहीन राखेको छ । यसैलाई आधार मानि कथाको शीर्षक पनि बेसहारा राखिएको छ । कथाको प्रमुख पात्र ऊ बेकम्मा, कामचोर, बकम्फुसे, अल्लारे, इमान्दारिता र नैतिकता नभएको पात्रको रूपमा उपस्थित छ । उसले घरपरिवार समाजमा चोरी गर्ने ठग्ने, मारपिट गर्ने गरेर आतङ्क मच्चाएको छ । यसरी ऊ पात्रका माध्यमबाट बर्बरतायुक्त वर्तमान विसङ्गतिको सजिव चित्रण गरिएको छ । उसको खराब प्रवृत्तिका कारण उसका साथी, घरपरिवार कसैले पनि उसलाई मन पराउँदैनन् । उसको दुःख, सुख बुझ्ने आत्मीय कोही हुँदैनन् । यसरी निरस जीवन बाँच्दाबाँच्दै अन्ततः उसको शरीरले पनि उसको साथ छोड्छ अर्थात् ऊ अपाङ्ग हुन पुग्छ र यस्तो परिस्थितिमा समेत साथ दिने कोही नदेखि आफ्नो नाम बेसहारा राख्छ, जुन सार्थक देखिन्छ ।

### ५.२.७.३ कथावस्तु

यस कथामा प्रमुख पात्र म जागिरको सिलसिलामा सहर पसेको छ । जसले गाउँबाट सिफारिस बोकेर ठूलाबडालाई भेट्न आएको छ । यसरी आउँदा उसले आफ्नो पुरानो मित्रलाई भेटेको छ र उसले गाउँमा गरेका क्रियाकलापको वर्णनलाई कथावस्तु बनाइएको छ । ऊ पात्र एक बेकम्मा, बकमफुसे, अनैतिक कार्य गर्ने पात्रका रूपमा कथामा आएको छ । उसले आफ्नै घरको पैसा, सामान, बाखासमेत चोरेको छ । आफूभन्दा निर्धालाई मारपिट गर्ने गरेको छ । भाइको पैसासमेत लुछेर लगेको छ र आफ्ना परिवारलाई समेत बदनाम गरेको छ । अन्ततः उसले आफ्नो कर्मअनुसारको फल पाएको, उसलाई साथ दिने कोही आत्मीय नरहेको घटनालाई कथाको कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

### ५.२.७.४ पात्र

पात्र कथाको अनिवार्य तत्व हो । यस कथामा म र ऊ प्रमुख पात्रका रूपमा आएका छन् । म पात्र बद्ध, गतिहीन, अनुकूल पात्रका रूपमा आएको छ भने ऊ गतिशील, प्रतिकूल, बद्ध, मञ्चीय पात्रका रूपमा आएको छ । म पात्र ऊ पात्रको खोक्रो प्रवृत्तिको वाचकका रूपमा आएको छ । अन्य पात्रहरू जस्तै ऊ पात्रको भाइ, ऊ पात्रका साथीहरू, केटाकेटीहरू सहायक पात्रका रूपमा आएका छन् । उनीहरूको खासै उल्लेखनीय भूमिका भने देखिँदैन ।

### ५.२.७.५ संवाद

यो कथामा संवादको प्रयोग गरिएको छैन ।

### ५.२.७.६ परिवेश

स्वाभाविक परिवेशलाई लिएर लेखिएको यस कथामा स्थानीय परिवेशका रूपमा गाउँ र सहरलाई लिइएको छ । ठूला सडक, अपरिचितहरूको भीड, दुर्गन्धमय वातावरण, ठूलाबडालाई जागिर लगाइदिन आग्रह सहित ल्याएको सिफारिस आदि प्रसङ्गले सहरी परिवेशको र काठे गाडा, खसी, गोठ, चना, बरफ, पाउरोटी बेच्नेहरूलाई पिट्ने प्रसङ्ग, तोरी, नगदेबाली चोर्ने प्रसङ्गले ग्रामीण परिवेशको सङ्केत गरेको छ ।

### ५.२.७.७ उद्देश्य

आजको मान्छे निकै बर्बर हिंस्रक बन्दै गएको यथार्थतालाई देखाउनु गरिब, निर्धा सोझासाझाले अन्याय, अत्याचार सहनु परेको विवशतालाई देखाउनु र अन्त्यमा मान्छेले राम्रो काम गरे त्यसको प्रतिफल राम्रै पाउँछ र नराम्रो काम गरे त्यसको प्रतिफल नराम्रै हुन्छ अर्थात् कर्म अनुसारको फल प्राप्ति हुन्छ भन्ने यथार्थलाई देखाउनु, जागिरको लागि क्षमता, योग्यताभन्दा सिफारिस महत्वपूर्ण हुन्छ भन्ने तितो यथार्थ प्रस्तुत गर्नु यस कथाको उद्देश्य हो ।

### ५.२.७.८ भाषाशैली

भाषाशैली कथाको प्रमुख तत्व हो । यसले कथालाई आकर्षक बनाउँछ । प्रस्तुत कथाको भाषाशैली सरल र स्वाभाविक छ । वर्णनात्मक तथा केही पूर्वस्मृतिका झलकहरू प्रस्तुत गरिएको छ । केही तत्सम र आगन्तुक शब्दका अतिरिक्त अधिकांश स्थानीय बोलिचालिकै भाषाको प्रयोग छ । भाषाशैलीका केही उदाहरण :

अरबी : महफिल

तत्सम शब्द : नाङ्गा, घृणित, कुरूप, सम्राट, विस्मित आदि ।

अङ्ग्रेजी : होटल

अनुकरणात्मक शब्द : बुद्रुक्क

### ५.२.७.९ दृष्टिबिन्दु

यस कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ५.२.८ ...र ऊ आज पनि आएन

#### ५.२.८.१ संरचना

*...र ऊ आज पनि आएन* **इतिवृत्त** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये आठौं क्रममा सङ्ग्रहित कथा रचना हो । यो कथा मझौला आयममा विस्तारित भएको छ । यसमा जम्मा एकसय साठी पङ्क्ति पुञ्जहरू रहेका छन् । यस कथामा जम्मा चौबीस अनुच्छेद रहेका छन् । सबैभन्दा लामो अनुच्छेद उन्नाइस पङ्क्तिको र सबैभन्दा छोटो अनुच्छेद तीन पङ्क्तिको रहेको पाइन्छ । यस कथामा तीनवटा छुट्टाछुट्टै टुक्रे कथाहरूलाई समेटेको पाइन्छ । यसरी प्रस्तुत गरिएको संरचनाले कथाको संरचनामा प्रयोगशीलता वा नवीनता ल्याएको देखिन्छ ।

#### ५.२.८.२ शीर्षक

*...र ऊ आज पनि आएन* कथामा तीन जना नारीको मनमा रहेको सुषुप्त यौन भावनालाई झकझकाउने प्रयास भएको छ । यस कथामा प्रयोग गरिएका प्रमुख तीन नारी पात्रमा यौनको तीव्र चाहना, कुष्ठा छ र त्यसले पूर्ति हुने अवसर नपाएको हुँदा उनीहरूमा एक किसिमको छटपटी, मानसिक अन्तर्द्वन्द्व, बेचैन, पीडा महसुस भएको छ र उनीहरू आ-आफ्नो यौनेच्छा पूर्ति गर्ने व्यक्तिको प्रतीक्षामा रहेका छन् र उसको बाटो कुर्दै ....र ऊ आज पनि आएन भन्दै अवचेतनको यौन भावना वा कुष्ठा नजानिदो पाराले व्यक्त गरेका छन्, त्यसैले कथाको शीर्षक ...र ऊ आज पनि आएन सार्थक छ ।

#### ५.२.८.३ कथावस्तु

यस कथामा पहिलो खण्डमा प्रयोग भएकी नारी पात्र आफ्नो पति हुँदा पनि त्यसलाई बेवास्ता गरेर आफ्नो पूर्व प्रेमीसँगको अतृप्त कामवासना पूर्ति गर्न उद्धत देखिन्छे । उसमा अन्तर्हृदयमा सुषुप्त अवस्थामा रहेको प्रेम कामरागका भावना आन्तरिक एवम् मानसिक उद्वेगहरू सञ्चार हुँदै जान्छन् । उसमा दाम्पत्य र नरकीय प्रेमका बीच द्वन्द्व देखिन्छ र अन्ततः उसभित्र पूर्व प्रेमीप्रति बढेको आकर्षण, चासोले अवचेतनको अतृप्त प्रेमलाई दर्शाउँछ ।

कथाको दोस्रो खण्डकी नारी पात्र बुहारीले भर्खर विवाह भएर छाडेर गएको पतिको अनुपस्थितिमा वर्णन गरिएको मुखाकृति व्यवहार र कोठाबाट निस्किएको रुवाइले पनि उसभित्रका अतृप्त यौन चाहना यौन भावनालाई देखाउँछ ।

तेस्रो खण्डमा प्रयोग गरिएकी प्रमुख नारी पात्रले एउटा नपुंसकसँग विवाह प्रस्ताव गर्नुले पनि उसभित्रको अतृप्त यौन आकर्षणलाई सङ्केत गर्दछ । कथाकारले यिनै कथावस्तुलाई व्यवस्थित रूपमा प्रस्तुत गरेका छन् ।

#### ५.२.८.४ पात्र

*...र ऊ आज पनि आएन* कथामा सीमित पात्रहरू छन् । यसमा तीन नारी पात्रको मानसिक धरातललाई खोतल्ने प्रयास कथाकारले गरेका छन् । ऊ पात्र कथामा नारी पात्रको यौन पीडित मानसिकतालाई देखाउन उभ्याइएको पुरुष चरित्र हो । प्रस्तुत कथामा घटनालाई झिनो रूपमा देखाएर चरित्रकेन्द्री भई व्यक्ति मनको चित्रणमा अधिक बल दिने भएकाले चरित्र प्रधान बन्न पुगेको छ ।

### ५.२.८.५ संवाद

संवादले घटना प्रवाहलाई सहज र वास्तविक रूप प्रदान गर्न विशेष सहयोग पुऱ्याउँछ । प्रस्तुत कथामा सीमित संवादको मात्र प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका संवादका केही नमुना यसप्रकार छन् :

'तिमी यही छ्यौं ? उसको स्वरमा पहिलेको जस्तो मिठास थिएन । उमेर पनि त छिप्पिन लागिसक्यो ।'

'अँ यही ... नजिकै छु ।'

'तिमीसँग केही कुरा गर्नु थियो ।'

'अहिल्यै भन्नुस् न त ।'

'भैगो पछि आनन्दले गरौला ।'

'जाऊँ न डेरा नजिकै छ । .............।'

'पछि कुनै दिन आउँला ।'

'म विस्मित भए । भने किन ?'

'मलाई शरीर होइन, मन चाहिएको छ ।'

### ५.२.८.६ परिवेश

बाह्य परिवेशलाई खासै उल्लेख नगरिएको यस कथामा आन्तरिक परिवेश नै प्रमुख मानिन्छ । तीन नारी पात्रको अन्तर्मनलाई आन्तरिक परिवेशका रूपमा कथामा प्रस्तुत गरिएको छ । यहाँ आन्तरिक परिवेशलाई विस्तृत रूपले उभ्याइएको छ । यस कथामा नारीका मनका यौनले पारेको गम्भीर र वेदनामय व्यापक प्रभावलाई अत्यन्त कलात्मक रूपमा व्यक्त गरिएको छ ।

### ५.२.८.७ उद्देश्य

कथा लेखनको निश्चित उद्देश्य हुन्छ । उद्देश्य विना कुनै पनि रचना सृजना हुँदैनन् । ... र ऊ आज पनि आएन कथाको उद्देश्य भन्नु नारीका अचेतन मनमा सुषुप्त अवस्थामा रहेको यौनेच्छा, आकर्षण, यौन कुण्ठालाई देखाउँदै नारी मनोविज्ञानलाई देखाउनु ।

### ५.२.८.८ भाषाशैली

प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरी प्रत्यक्ष र नाटकीय शैलीमा लेखिएको यस कथाका भाषा सरल, सहज, सम्प्रेष्य किसिमको छ । यस कथामा विस्मित, स्नेह, निर्दोष, पीडा, प्रायश्चित, बोध, हृदयभेदी, गृहस्थी, सिद्ध, स्पदनहीनजस्ता संस्कृत शब्दका अतिरिक्त क्वाँ क्वाँ, ट्वाल्ट्वाल्ती, थर्रथर्रजस्ता नेपाली अनुकरणात्मक शब्दको प्रयोगले कथा प्रभावकारी बनेको छ ।

### ५.२.८.९ दृष्टिबिन्दु

*...र ऊ आज पनि आएन* कथामा अन्तरबाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ५.२.९ अभिमन्यु

### ५.२.९.१ संरचना

*अभिमन्यु* **इतिवृत्त** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये नवौं क्रममा सङ्ग्रहित कथा हो । यो लघु आकारको कथा हो । यसमा जम्मा छपन्न पङ्क्तिहरू रहेका छन् । यो कथा अठार अनुच्छेदमा रचना गरिएको छ । सबैभन्दा छोटो अनुच्छेद एक पङ्क्तिको र सबैभन्दा लामो अनुच्छेद आठ पङ्क्तिको रहेको छ ।

### ५.२.९.२ शीर्षक

*अभिमन्यु* कथाको शीर्षक महाभारतको पौराणिक पात्र अभिमन्यूलाई लिएर राखिएको छ । जसरी अभिमन्यूलाई दुर्योधनहरूले निहत्था पारि व्यूहमा पारेक थिए उसै गरी आजको मान्छेका लागि अभाव, गरिबीले निहत्था पारि यो संसार नै एउटा व्यूहजस्तो लागेको छ । बेरोजगारी सबैभन्दा ठूलो समस्या बन्न पुगेको छ । बाँच्नका लागि गरिएका प्रयास (सङ्घर्ष) हरू निष्काम भएर खेर गएका छन् । जीवन दिनदिनै जटिल बन्दै गएको छ । यसरी व्यूहमा परेको अभिमन्यूसँग अभाव गरिबीमा दर्दनाक जीवन व्यतित गरेको आजको मान्छेको समीकरण कथामा गरिएकाले कथाको शीर्षक अभिमन्यू सार्थक छ ।

### ५.२.९.३ कथावस्तु

यस कथामा आर्थिक समस्यालाई मूल विषयवस्तु बनाइएको छ । यस कथाको प्रमुख पात्र ‘म’ ले राम्रो शिक्षा हासिल गरेतापनि उसले आफ्नो योग्यता अनुसारको जागिर पाउन सकेको छैन त्यसैले ऊ “बीस-बीस वर्षसम्म पढेर पनि कति कमजोर प्रमाणपत्रहरू मात्र थुपारिएछ आज थाहा हुँदैछ” भन्न बाध्य हुन्छ । उसले आफ्ना आमा बाबु, भाइ, पत्नी, छोराछोरी कसैको इच्छा आकाङ्क्षालाई पूरा गर्न सकेको छैन । उसले आफूलाई व्यूहमा परेको अभिमन्यूसँग समीकरण गर्न पुगेको छ । उसमा बाँच्ने जिजिविषा प्रबल रूपमा छ त्यसैले उसले त्यो महाभारतको निहत्था अभिमन्यू होइन जो व्यूह पार गर्न सक्दैन त्यस्ता कैयौं व्यूह छेदन गर्न सक्ने एउटा सक्षम मान्छे भएर बाँच्ने जिजिविषा, आशामुखी स्वर मुखरित गरेको छ । यस कथामा गरिब अभावका कारणले

निरीह जीवन बाँचेका नेपालीको यथार्थ चित्रित छ । यिनै विषयवस्तुलाई कथाकारले पौराणिक पात्रको समेत प्रयोग गरी रोचक ढङ्गले कथामा प्रस्तुत गरेका छन् ।

### ५.२.९.४ पात्र

यस कथाको प्रमुख पात्र म हो । ऊ एक गरिब, बेकम्मा, शिक्षित, पात्रको रूपमा आएको गतिशील पात्र हो । उसभित्र जीवनप्रति मोह छ, बाँच्ने प्रबल जिजिविषा छ । ऊ एक आशावादी पात्रका रूपमा कथामा चित्रित छ । यस कथामा पौराणिक पात्र अभिमन्यूलाई समेत चित्रण गरिएको छ । यसमा आएका अन्य पात्र आमा, छोराछोरी, भाइ, श्रीमती सबै सहायक पात्र हुन् र उनीहरूको नामोल्लेख भएपनि खासै भूमिका भने देखिँदैन ।

### ५.२.९.५ संवाद

यो कथा वर्णनात्मक रूपमा प्रस्तुत गरिएको हुँदा यसमा संवादको प्रयोग भएको पाइँदैन ।

### ५.२.९.६ परिवेश

यस कथामा मूलतः आर्थिक परिवेशको प्रयोग गरिएको छ । यो कथामा आर्थिक समस्याका कारणबाट जटिल बन्दै गएको जीवनपद्धति अभाव, गरिबी नै प्रस्तुत कथाले अँगालेको परिवेश हो ।

### ५.२.९.७ उद्देश्य

*अभिमन्यु* कथाको उद्देश्य म पात्रको माध्यमबाट आजको डरलाग्दो समस्या बनेको युवा बेरोजगारी र यसबाट उत्पन्न अभाव, गरिबी, कलह, द्वन्द्वलाई देखाउनु हो ।

### ५.२.९.८ भाषाशैली

यस कथाको भाषाशैली सरल, सहज, सम्प्रेष्य छ । यस कथामा महाभारतका पात्रका साथै संस्कृत भाषाका थुप्रै शब्दहरूको सचेत प्रयोग गरिएको छ । जस्तै : निहत्था, स्थितप्रज्ञ, आत्मा, मोह, शस्त्रविहीन चूर्ण, व्यूह, सच्चिदानन्द, परमधाम्, तीर्थ, आदि ।

### ५.२.९.९ दृष्टिबिन्दु

यस कथामा अन्तरबाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ५.२.१० इतिवृत्त

### ५.२.१०.१ संरचना

*इतिवृत्त* कथा **इतिवृत्त** कथासङ्ग्रहको प्रतिनिधि कथा हो । **इतिवृत्त** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये दसौँ क्रममा सङ्ग्रहित कथा हो । यो कथा स-साना अनुच्छेदमा विस्तारित छ । सबैभन्दा लामो उन्नाइस अनुच्छेद छब्बीस पङ्क्तिको र सबैभन्दा छोटो अनुच्छेद तीन पङ्क्तिको रहेको छ । *इतिवृत्त* कथामा जम्मा एकसय चौध पङ्क्ति रहेको छ ।

### ५.२.१०.२ शीर्षक

इतिवृत्तको अर्थ कुनै काम कुरा जे-जसरी भएको हो त्यसको साङ्गोपाङ्गो विवरण हो । यस कथाका प्रमुख पात्र म भौगर्भिक अनुसन्धानकर्ता हो । यसले स्वयम् लेखकलाई इ·ित गर्छ । यस कथाको प्रमुख पात्र म ले अनुसन्धानका क्रममा एउटा पिछडिएको गाउँमा देखेका, भोगेका, सुनेका कुराहरूको पूर्ण विवरण प्रस्तुत गरेको हुँदा शीर्षक सार्थक छ ।

### ५.२.१०.३ कथावस्तु

वैज्ञानिक विषयवस्तुलाई केन्द्रीय कथ्य बनाएको यस कथामा कथाको प्रमुख पात्र म अनुसन्धानका क्रममा एउटा ग्रामीण समाजमा पुग्नु र उसले त्यहाँका जनताको आर्थिक स्थिति, आम्दानीको स्रोत, भौगोलिक स्थिति, प्राकृतिक स्थिति, शैक्षिक स्थिति, कृषि योग्य जमिनको स्थिति, यातायात प्रणालीमा मनपरी भाडा असुल्ने स्थिति, घरहरूको वनावट, खानपानका कुराहरूलाई यस कथाले आफ्नो कथावस्तु बनाएको छ । यिनै कुराहरूलाई कथावस्तु बनाएर पिछडिएको समाजको यथार्थलाई राम्रोसँग चित्रण गरिएको छ ।

### ५.२.१०.४ पात्र

यस कथाका म केन्द्रीय पात्र हो । ऊ एक भ्रमणशील अध्ययनशील भौगर्भिक अनुसन्धाताका रूपमा देखापरेको छ । सहायक पात्रका रूपमा विजुदाइ, साहुनी, उसका छोराछोरी, एउटा ठिटो मास्टर आदि आएका छन् ।

### ५.२.१०.५ संवाद

संवादले पात्रको चरित्रलाई प्रस्ट्याउने काम गर्छ । प्रस्तुत कथामा प्रयुक्त संवादले पात्रको चरित्रलाई प्रष्ट्याएको छ । यात्रानुकूल संवादको प्रयोग हुनुका साथै संवाद पनि स्वाभाविक र कथनलाई गतिदिने खालको छ । म र ठिटोको बीचको संवाद कथाको उद्देश्य अनुरूप छ । संवादका केही उदाहरणहरू :

˘मास्टर नानी, स्कुल लाग्यो । साहुनी भन्छे'

˘अब एकै गिलास मात्र पिएर जान्छु । मास्टर भन्छ'

˘यहाँ के खेती हुन्छ भाइ ?'

˘कोदो र मकै ।'

˘आम्दानीको स्रोत ?'

˘छोरा मान्छे प्रायः विदेशको छिमेकी सहरमा काम गर्न जान्छन् र घर खर्च आइमाईले जाँड बेचेर चलाउँछन् । यहाँ सबैजसो घरमा जाँड बन्छ । घरमा खर्च नगरिकन दोकानमा लगेर बेच्छन् खान मन लाग्यो भने बरु दोकानमा नै किनेर खान्छन् ।'

˘अनि तिमी किन काम गर्न नगएको त ?'

˘भर्खर विवाह भएको छ ।'

### ५.२.१०.६ परिवेश

प्रस्तुत कथामा शैक्षिक परिवेशलाई मूल रूपमा प्रस्तुत गरिएको छ । स्थानिक परिवेशका रूपमा पिछडिएको ग्रामीण समाज आएको छ ।

### ५.२.१०.७ उद्देश्य

कथाकारले आफू चट्टानको अध्ययन गर्न पुगेको अत्यन्तै पिछडिएको गाउँको यथार्थलाई जस्ताको त्यस्तै रूपमा प्रस्तुत गर्नु । मद्यपान गरेर स्कुल पढाउन जाने शिक्षकको ना·ो रूप प्रस्तुत गर्नु, विभिन्न बहानामा मनपरी बस भाडा असुल्ने प्रवृत्तिलाई देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ५.२.१०.८ भाषाशैली

यस कथामा प्रयोग भएको भाषा सरल, सहज, बोधगम्य छ । टङ्.. टङ् ..टङ् शब्दको आवृत्तिले कथामा साङ्गीतिकता थपेको आभास भएको छ । कथाकार पुगेको गाउँको स्थानीय शब्द ‘डेग’ को समेत प्रयोगले कथामा गरिएको छ ।

### ५.२.१०.९ दृष्टिबिन्दु

यस कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ५.२.११ कारण

### ५.२.११.१ संरचना

*कारण* कथा **इतिवृत्त** कथासङ्ग्रहमा सङ्ग्रहित तेह्र कथाहरू मध्ये एघारौं क्रममा सङ्ग्रहित कथा रचना हो । यस कथामा जम्मा बाइस अनुच्छेद एकसय बत्तीस हरफहरू रहेका छन् । सबै अनुच्छेद समान लमाइका नभई लामा छोटा रहेका छन् ।

### ५.२.११.२ शीर्षक

*कारण* कथाको शीर्षक सङ्केतात्मक छ । यस कथाको प्रमुख पात्र बलरामको पारिवारिक अस्तव्यस्ततालाई कथामा देखाइएको छ । बलरामको परिवारमा नैतिकता, आदर, सम्मान, इमान्दारिता, कर्तव्यपरायणता, व्यावहारिकताको कमी छ । परिवारका आमा, छोराछोरी सबै आफ्नो कर्तव्यप्रति जिम्मेवार छैनन् । उनीहरू सबैको छुट्टाछुट्टै संसार छ र उनीहरू आफ्नै तरिकाले जीवन व्यतित गरिरहेका छन् । यसरी परिवार छिन्नभिन्न हुनुको प्रमुख कारण बलरामले परिवारलाई सही रूपमा परिचालन गर्न नसक्नु हो । घरमुलीले घरमा सफल नेतृत्व दिन नसक्दाका कारण परिवारका सदस्यहरूले कसरी सही बाटो हिड्न सक्दैनन् भन्ने कुरा कथामा देखाइएको र शीर्षक कारण राखिएकाले शीर्षक सार्थक छ ।

### ५.२.११.३ कथावस्तु

यस कथामा बलरामका परिवारका सदस्यहरूको गतिविधिलाई मूल रूपमा कथावस्तु बनाइएको छ । बलरामकी श्रीमती घरको वास्ता नै नगरी फिल्म हेर्न जानु बिहान घरबाट निस्केको छोरो साँझसम्म बेकम्मा भएर हिड्नु, लागु पदार्थ सेवन गर्नु, पढ्नमा भन्दा रसरङमा रमाउनु, तरुनीहरूलाई जिस्काउनु, छोरी पनि एक्लै टोलाउनु, उदासी बन्नु, केटाहरूसँग आकर्षित हुँदै जानु, नोकर नोकर्नी पनि कामलाई भन्दा प्रेमालापमा समय बिताउनु खोज्नु, स्वतन्त्र बन्न खोज्नुजस्ता घटनाक्रमलाई बलरामले रोक्न नसक्नु केवल मुकदर्शक बन्नुजस्ता घटनाक्रमलाई कथामा रोचक ढंगले प्रस्तुत गरिएको छ र यो नै यसको कथावस्तु हो ।

### ५.२.११.४ पात्र

*कारण* कथा एउटा घरको सदस्यहरूसँग मात्र गाँसिएकोले यसमा सीमित पात्रको मात्र प्रयोग गरिएको छ । यसमा प्रयोग भएका पात्रहरू बलराम, बलरामकी श्रीमती, छोराछोरी र पंकज हुन् । यस कथाका सबै पात्र कामचोर, बकम्फुसे र अल्लारे प्रवृत्तिका छन् । यसमा सबै पात्रहरू गतिहीन छन् । यस कथामा कर्तव्यवान, नैतिकवान, परिश्रमी, इमान्दार, नेतृत्ववान पात्रको कमी देखिन्छ ।

### ५.२.११.५ संवाद

संवाद कथाको महत्त्वपूर्ण अङ्ग हो । कारण कथामा छोटा-छोटा सीमित संवादको प्रयोग गरिएको छ । कारण कथामा प्रयोग भएका संवादका केही नमुना :

‘ओ’ नपुंसक बाजे ? ऊ झस्कन्छ, शान्ति हाँस्छे ।

‘हजुर’ भाव स्पष्ट छ, ऊ त्रसित छ ।

‘घर .... ।’

‘आमा पैसा छोरा माग्छ ।’

‘किन ?’ बाबु अनावश्यक प्रश्न जन्मन्छ ।

### ५.२.११.६ परिवेश

मूलतः एउटा परिवारलाई यस कथाले आफ्नो परिवेश बनाएको छ । यस कथाको छोराको लबाई बोलिचाली, व्यवहार, श्रीमतीको फिल्म हेर्न जाँदाको पहिरन, रूपर·, चिल्ला सडक, भव्य भवनहरू आदि प्रसङ्गले सहरी परिवेशलाई सङ्केत गरेको छ ।

### ५.२.११.७ उद्देश्य

घरमा निर्णयक भूमिका निर्वाह गर्ने प्रमुख व्यक्ति सक्षम नेतृत्व गर्न नसक्दा एउटा परिवार कसरी भताभु· हुन्छ । नेतृत्व विनाको घरका सदस्यहरू कसरी लगाम विनाको घोडाजस्तो बन्छन्

भन्ने देखाउनुका साथै मानिसलाई आवश्यकताभन्दा बढी स्वतन्त्रता दिंदा कस्तो परिणाम निस्कन्छ, भनी देखाउनु नै यस कथाको उद्देश्य हो ।

### ५.२.११.८ भाषाशैली

यस कथाको भाषाशैली सरल सहज नै छ । यसमा हिन्दी गजलको प्रयोग पनि गरिएको छ, जुन यसप्रकार छ : ‘जब मिला पियाका गाँव तो ऐसा लचका मेरा पाव कि घुँघट टुट गए ।’ जस्ता प्रेम सम्बन्धी गजल प्रयोगले कथालाई अझ प्रभावकारी बनाएको छ । कथामा कथाकारले ‘साला केटाहरू’ भनेर अपभाषाको समेत प्रयोग गरेका छन् । पिच्च, च्याउसेजस्ता ठेट नेपाली शब्दको प्रयोगले कथा स्वभाविकताको नजिक पुगेको आभास पाइन्छ ।

### ५.२.११.९ दृष्टिबिन्दु

*कारण* कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ५.२.१२ रहस्य

### ५.२.१२.१ संरचना

*रहस्य* **इतिवृत्त** कथासङ्ग्रहमा सङ्ग्रहित तेह्र कथाहरू मध्ये बाह्रौं क्रममा सङ्ग्रहित मझौला आकारको कथा रचना मानिन्छ । प्रस्तुत कथा आठ पृष्ठमा फैलिएर रहेको छ । सानाठूला गरी जम्मा पैंतीस अनुच्छेदमा संरचित प्रस्तुत कथाको आन्तरिक संरचना पनि कसिलो देखिन्छ ।

### ५.२.१२.२ शीर्षक

*रहस्य* कथाको प्रमुख पात्र गोविन्दका जीवनमा गोप्य रूपमा रहेका भित्री कुराहरूलाई छताछुल्ल पार्न कथा सफल हुनुका साथै गोविन्द पनि रहस्यात्मक रूपमा पलायन भएको हुँदा कथाको शीर्षक रहस्य सान्दर्भिक देखिन्छ ।

### ५.२.१२.३ कथावस्तु

प्रस्तुत कथा म पात्रले गोविन्द नामक पात्रको पूर्व स्मृति सुनाउने क्रममा भनेको हो जुन कथावस्तु यसप्रकार छ :

पढाइमा कमजोर भए पनि सी.एम.ए. पास गरेर गोविन्द गाउँमा प्रिय बन्नु, ऊ आफ्नो कामलाई पूजा मानेर त्यसप्रति समर्पित बन्नु, आफ्नो पेशाबाट नाम, दाम दुवै कमाउनु, उसकी श्रीमतीले आफ्नो सौन्दर्य कायम राख्न जथाभावी सेवन गर्नु, औषधीको नकारात्मक प्रभाव पर्नु, श्रीमती बाँझी बन्नु, पतिको अनुपस्थितिम उसले आफ्नो मार्ग बिर्सनु र धेरै जनासँग यौन सम्बन्ध राख्नु, अन्ततः गोविन्दलाई सबै जानकारी हुनु र उसले सदाको लागि आफूलाई पलायन हुनु आदि घटना नै रहस्य कथाको कथावस्तु हो ।

### ५.२.१२.४ पात्र

प्रस्तुत *रहस्य* कथाको प्रमुख पात्र गोविन्द हो भने गाउँलेहरू, श्रीमती कथाकार आदि गौंण पात्र हुन् । गोविन्द ग्रामीण सोझो इमान्दार गतिशील पात्र हो जो श्रीमतीको व्यवहारले आक्रान्त बनेको छ । उसकी श्रीमती गतिशील, प्रतिकूल, मञ्चीय पात्र हो । जो आÇनो दायित्व र कर्तव्यलाई बिर्सेर क्षणिक मासल भोगमा लागेकी छे ।

### ५.२.१२.५ संवाद

प्रस्तुत कथामा गोविन्द र कथाकार बीचको लामो संवादलाई प्रस्तुत गरिएको छ ।

### ५.२.१२.६ परिवेश

*रहस्य* कथाले पिछडिएको ग्रामीण समाजको चित्रण गरेको छ । पसिना-पसिना हुँदै हलो जोत्नु, गाउँलेहरू खेतीको समयमा ज्यान फालेर काम गर्नु, मालिकको भैंसी पाल्नु, अशिक्षितता, स्वास्थ्यप्रतिको हेलचक्र्याइ आदिले एउटा ग्रामीण समाजको झझल्को गराउँछ ।

### ५.२.१२.७ उद्देश्य

प्रस्तुत कथामा कथाकारले सामाजिक विकृति, विसङ्गतिलाई देखाउँदै पतिको अनुपस्थितिमा आफ्नो भाग्यमा विचलन ल्याउने पत्नीहरूप्रति असहमति प्रकट गरेका छन् । उनले जीवन क्षणिक मनोरञ्जनका लागि मात्रै होइन, त्यसैले जीवनमा मर्यादा, अनुशासन, कर्तव्यलाई बिर्सनु हुँदैन अन्यथा एउटा सुखी परिवार पलभरमा नै भताभुङ्ग हुन सक्छ भनेर सजग पनि गराएका छन् । वर्तमान समयमा मासल प्रेमलाई सबथोक ठान्ने जुन परिपाटी छ त्यसप्रति तिखो व्यङ्ग्य प्रस्तुत गर्नु नै यस कथाको उद्देश्य रहेको छ ।

### ५.२.१२.८ भाषाशैली

यस कथामा नाटकमा जस्तो छोटा-छोटा संवादको प्रयोग छ । भाषा सरल, सहज, स्वाभाविक नै छ । पूर्व स्मृति शैलीको प्रयोग छ । व्यङ्ग्यात्मक भाषाको प्रयोग पनि छ । अङ्ग्रेजी भाषाको धेरै नै प्रयोग छ । प्राविधिक शब्दको प्रयोग छ ।

### ५.२.१२.९ दृष्टिबिन्दु

यस कथामा अन्तरबाह्य दृष्टिबिन्दुलाई प्रयोग गरेका छन् ।

## ५.२.१३ बाटो र विचार

### ५.२.१३.१ संरचना

*बाटो र विचार* **इतिवृत्त** कथासङ्ग्रहमा सङ्ग्रहित तेह्र कथाहरू मध्ये अन्तिम क्रममा सङ्ग्रहित लघुकथा रचना हो । यो कथामा जम्मा तेइस पङ्क्ति रहेका छन् ।

### ५.२.१३.२ शीर्षक

*बाटो र विचार* लघुकथामा बाटोको औचित्य र महत्त्वलाई दर्शाउँदै सामाजिक कामका लागि समाजका व्यक्तिहरूले देखाएको तुच्छ विचारलाई प्रकट गरिएको हुँदा बाटो र विचार शीर्षक सार्थक छ ।

### ५.२.१३.३ कथावस्तु

यस कथामा हाम्रो समाजमा प्रचलित 'दूध माग्ने ढुङ्ग्रो लुकाउने' भन्ने उखानमा जस्तै सामाजिक कार्य भएन भनेर विद्रोह गर्ने र आफूले केही योगदान दिन नचाहने प्रवृत्ति छ त्यसलाई कथामा प्रस्तुत गरिएको छ । वर्तमान समयमा मान्छेमा बढ्दै गएको स्वार्थीपन, पैसामुखी प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । बाटो बनाउनका लागि सङ्घर्ष गर्ने तर आफूले कुनै सहयोग नगर्ने परिपाटीलाई कथाको विषयवस्तु बनाएर मान्छेको सोंच र नियतिलाई प्रष्टाइएको छ ।

### ५.२.१३.४ पात्र

लघुकथाको प्रमुख अङ्ग पात्र हो । यसले कथालाई जीवन्तता प्रदान गर्दछ । यस कथामा गाउँलेहरू र सरकारी कर्मचारी पात्रका रूपमा रहेका छन् । यसमा प्रयोग भएका पात्रहरू यथास्थितिवादी, स्वार्थी, परिवर्तन विद्रोही, गतिहीन रहेका छन् ।

### ५.२.१३.५ संवाद

प्रस्तुत कथामा गाउँलेहरू बीच छोटा संवाद छन् । संवादमा मेलमिलापभन्दा पनि झगडा, तछाडमछाड छ ।

### ५.२.१३.६ परिवेश

प्रस्तुत कथामा ग्रामीण परिवेशको चित्रण छ । यहाँ बाटो राम्रो नभइ गोरेटो मात्र हुनुले ग्रामीण परिवेशको झझल्को दिन्छ । बाह्य परिवेश ग्रामीण भएतापनि आन्तरिक परिवेशका रूपमा गाउँलेहरूको विचार र सोचाइ रहेको छ ।

### ५.२.१३.७ उद्देश्य

*बाटो र विचार* कथाको उद्देश्य गाउँका मान्छेको संक्रिण विचार र सोंचलाई प्रस्तुत गर्नु रहेको छ ।

### ५.२.१३.८ भाषाशैली

ग्रामीण परिवेशलाई आधार मानेर लेखिएकाले प्रस्तुत कथाको भाषा सरल, सहज छ । कथालाई प्रस्तुत गर्न कथाकारले मुक्तकीय शैली प्रयोग गरेका छन् ।

### ५.२.१३.९ दृष्टिबिन्दु

प्रस्तुत कथामा तृतीय पुरुष दृष्टिबिन्दुलाई आत्मसात् गरिएको छ ।

## ५.३ निष्कर्ष

कथाकार हरिहर पौडेल नेपाली कथाको समसामयिक धारा अन्तर्गत पचासको दशकको मध्यतिर देखापरेको कथाकार हुन् । उनका प्रकाशित तीन कथासङ्ग्रह मध्ये **इतिवृत्त** २०५१ सालमा प्रकाशित कथासङ्ग्रह हो । प्रस्तुत कृतिमा २०४४-२०५१ सम्म रचना गरिएका तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका कथा कृतिहरू समाविष्ट छन् । यस कथासङ्ग्रहमा विभिन्न विषयवस्तु समेटिएका कथाहरू छन् : वर्तमान जनजीवनमा देखिएको विसङ्गति, विकृति, मूल्यहीनता, दुर्व्यसनग्रस्त नेपाली समाज, प्रहरी प्रशासनको उत्पीडन, सत्तालिप्सा, आपसी अविश्वास, घात-प्रतिघात, मानव जीवनका विविध आरोह, अवरोह, ग्रामीण जीवनका यथार्थता विषम परिस्थिति र त्यसले निम्त्याएको एकाकीपना, बौद्धिक दरिद्रता, अवसरवादी प्रवृत्ति, अभाव, विद्रोह, निम्न वैतनिक कर्मचारीको दुर्गति, मनोविश्लेष, बेरोजगार युवा वर्गको दर्दनाक स्थिति आदिको चित्रण पाइन्छ ।

यस कथासङ्ग्रहका अधिकांश कथाहरू मझौला आकारका रहे तापनि बाटो र विचार लघुकथाको आयाममा विस्तारित छ । भाषाशैलीका दृष्टिले यस कथासङ्ग्रहमा झर्रा, तत्सम्, तद्भव, फारसी, हिन्दी, अङ्ग्रेजी शब्द तथा आलङ्कारिक, प्रतीकात्मक व्यङ्ग्यात्मक शैलीको प्रयोग पाइन्छ । वाक्य गठनका दृष्टिले सरल वाक्यको अधिक प्रयोग पाइन्छ । प्रस्तुत कथाहरूमा ग्रामीण, सामाजिक परिवेशको चित्रण पाइन्छ । यस सङ्ग्रहका कथाहरूमा वर्तमान विसङ्गति, जटिलता र सन्त्रास व्यक्त भएको पाइन्छ । उनका कथाका पात्रहरूमा सजीवता पाइन्छ । प्रस्तुत कथासङ्ग्रह समसामयिक नेपाली कथाका क्षेत्रमा नवीन र महत्वपूर्ण प्राप्ति बन्न सफल रहेको छ ।

## ५.४ कालो उज्यालो लघुकथासङ्ग्रहका कथाहरूको सङ्क्षिप्त अध्ययन

**कालो उज्यालो** लघुकथासङ्ग्रह लघुकथा विधाको सशक्त सृजना हो । **कालो उज्यालो** लघुकथासङ्ग्रह (२०६२) मा चौबीसवटा लघु र सत्ताइसवटा लघुतर आयामका कथाहरू गरी जम्मा एकाउन्नवटा कथाहरू समेटिएका छन् । कालो उज्यालो लघुकथासङ्ग्रहका कथाहरूमा मूलतः नेपाली समाजमा व्याप्त धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक क्षेत्रमा देखिएको विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । **कालो उज्यालो** लघुकथासङ्ग्रहका कथाहरूमा पछिल्ला पङ्क्तिहरूले उत्कर्षता प्रदान गर्दै अन्त्यमा अनुभूतिको एक झोक्का प्रदान गर्न सक्षम देखिन्छन् । कालो उज्यालो लघुकथासङ्ग्रहका कथाहरू सूत्रात्मक, सङ्केतात्मक, बिम्बात्मक, प्रतीकात्मक छन् । यस सङ्ग्रहका कथाहरूले समकालीन युग चेतनालाई स्पर्श गर्दै मानवजीवनका जटिलतम् यथार्थतालाई प्रस्तुत गर्न सक्षम देखिन्छन् ।

### ५.४.१ द्रौपदी

*द्रौपदी* कथा **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये पहिलो क्रममा सङ्ग्रहित लघु आकारको कथा हो । यस कथामा हाम्रो देशको राजनीतिलाई वेश्यासँग तुलना गरिएको छ । देशको राजनीतिलाई धरासायी बनाएर आफूलाई चोखो (सतीसावित्री) मान्ने नेताहरूप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । नेपाली राजनीतिमा बौद्धिकताको पलायन भएको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । यहाँ द्रौपदीलाई पौराणिक बिम्बका रूपमा चित्रण गरिएको छ । भीम, युधिष्ठिर, नकुल, सहदेवजस्ता पौराणिक पात्रको प्रयोगले कथा प्रभावशाली बनेको छ । यसरी द्रौपदी कथामा राजनैतिक विकृति विसङ्गतिको चित्रण गरिएको छ ।

### ५.४.२ भोलि

*भोलि* **कालो उज्यालो** लघुकथासङ्ग्रहको दोस्रो क्रममा सङ्ग्रहित कथा हो । यस कथामा विभिन्न बाहान देखाएर सोझा साझा जनताको काम समयमै नगरिदिने सरकारी कर्मचारीहरूको भोलिवाद प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । नेपाली समाजमा व्याप्त फितलो प्रशासनिक संयन्त्रप्रति पनि तिखो व्यङ्ग्य प्रहार यस कथा मार्फत् गरिएको छ । यस कथामा सरकारी कर्मचारीमा नैतिकता, इमान्दारिता, कर्तव्य निष्ठा, कर्तव्यपरायणता हराउँदै गएको र यसबाट प्रत्यक्ष रूपमा सोझा साझा जनता मारमा परेको यथार्थ प्रस्तुत गरिएको छ । भोलि कथामा संवादात्मक र व्यङ्ग्यात्मक शैलीमा सरकारी कर्मचारीमा देखिएको विकृतिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.४.३ अर्को विश्वामित्र

*अर्को विश्वामित्र* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये तेस्रो क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा विगत र वर्तमान समयका मानिसहरूमा देखिएको अन्तरलाई देखाइएको छ । यस कथामा पहिलेको मानिसहरू आफ्नो

कर्तव्य (काम) लाई पूजा मानेर त्यसलाई सम्पन्न गर्न एकाग्र, कर्तव्यपरायण, लगनशील, धैर्यवान, अनुशासित भएर लागेको तर वर्तमानका मानव विशृङ्खलित मानसिकता भएको, उनीहरूमा लोभ मोहले जरा गाडेको, थोरै कर्म धेरै प्राप्तिको आशा गर्ने प्रवृत्ति बढेको, एकाग्रता भङ्ग भएको यथार्थलाई पौराणिक बिम्बका सहायताले कथाकारले कथामा देखाएका छन् । यस कथामा सुरा र सुन्दरीप्रति पुरुषहरूको आकर्षण बढेकाले नारीलाई आफ्नो अस्मिता जोगाएर हिड्न धौ-धौ परेको यथार्थ प्रस्तुत गरिएको छ । साथै अहिलेका मान्छेको ना·ो यथार्थलाई प्रस्तुत गर्दै व्यङ्ग्य प्रहार गरिएको छ । रम्भा, मेनका, विश्वामित्र आदि पौराणिक पात्रको सफल प्रयोग गरिएको छ ।

### ५.४.४ भोक र भगवान

*भोक र भगवान* **कालो उज्यालो** लघुकथासङ्ग्रहको चौथो क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । भोक र भगवान कथामा विपन्न वर्गका जनताले राम्रो काम गरेर बाँच्नै नसक्ने स्थिति सृजना भएकोप्रति व्यङ्ग्य प्रहार गरिएको छ । गरिब व्यक्ति दिनप्रतिदिन झन्-झन् गरिब हुँदै गएकाले पेट पाल्नकै लागि मात्र पनि आफ्नो आस्थाको केन्द्र भगवानकै अगाडि चोरी गर्नु परेको यथार्थलाई प्रस्तुत गरिएको छ । यहाँ नेपालीको आर्थिक स्तर दिनप्रतिदिन घट्दै गएको, धनी र गरिब बीचको खाडल बढ्दै जाँदा गरिब जनतालाई बाँच्न धौ-धौ परेको विसङ्गत वर्तमान यथार्थलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । प्रतीकात्मक रूपमा यस कथाले नराम्रो काम गर्ने व्यक्ति उच्च ओहोदाको व्यक्तिको संरक्षणमा रहेको र नराम्रा काम (चोरी, डकैती) गर्ने व्यक्ति नै भेटी अर्थात् घुस दिएर ठूलाबडाको संरक्षणमा रहेको यथार्थ प्रस्तुत गरिएको छ । यहाँ भोक गरिबीको प्रतीकका रूपमा र भगवान सम्पन्नताको सामन्तीवादको प्रतीकका रूपमा आएका छन् ।

### ५.४.५ बाघ र सहर

*बाघ र सहर* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा पाँचौ क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा कथाकारले वास्तविकता नबुझी उडन्ते हल्लाको पछि लाग्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । अनावश्यक हल्लाले मात्र पनि मानव मस्तिष्कमा त्रासले डेरा जमाउने र त्यसबाट उनीहरूको दैनिक व्यवहार प्रभावित हुने यथार्थलाई कथामा देखाएका छन् । त्यसैले हामीले कागले कान लग्यो भनि कानै नछामी कागको पछाडि दर्गुनु हुँदैन । वास्तविकता के हो बुझेर मात्र आवश्यक कदम चाल्नुपर्छ भन्ने कुरालाई कथामा प्रस्तुत गरिएको छ । साथै कहिले गाउँमा कहिले सहरमा अनावश्यक त्रास फैलाएर आफ्ना नराम्रा काम पूरा गर्ने यथार्थलाई पनि देखाइएको छ ।

### ५.४.६ सम्बन्ध

*सम्बन्ध* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये छैटौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यहाँ कथाकारले सम्बन्धका बारेमा प्रकाश पारेका छन् । यस

कथामा आजका युवाहरूमा देखिएको महिला वेचविखन गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । आफ्नै गाउँका सोझासाझा दिदीबहिनीरूलाई फकाएर उनीहरूको अस्तित्व लुटेर उनीहरूलाई बिक्री वितरण गर्ने प्रवृत्तिको चित्रण यस कथामा गरिएको छ । यहाँ फूलमती, श्यामकली, राधा र गोमती सही सम्बन्ध चिन्न बुझ्न नसक्ने खालका पात्र हुन् । यहाँ नारीलाई भोक मेटाउने साधनको रूपमा लिएको कुरा उनीहरूले झोलको नाम राधा, मासुको पकवानको नाम गोमती राखेको बाट प्रष्ट हुन्छ ।

### ५.४.७ इज्जत

*इज्जत* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये सातौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा आजका मान्छेलाई आफ्नो इज्जत जोगाउन धौ-धौ परेको, मानिसबाट नै मासिको इज्जत असुरक्षित रहेको, इज्जतदार मान्छेको कुनै मूल्य नभएको, इमान्दार, नैतिकवान व्यक्तिलाई समाजमा गौरवान्वित जीवनयापन गर्न इज्जत बन्धक राख्नुपरेको भन्दै वर्तमान समाजमा व्याप्त विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.४.८ आफ्नाहरू

*आफ्नाहरू* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये आठौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा कथाकारले आफ्नाहरूको विशेषताहरूमाथि प्रकाश पारेका छन् । यहाँ कथाकारले आफन्तहरूमा हुनुपर्ने जुन माया, ममता, हार्दिकता छ त्यो हराउँदै गएको र आजको मान्छे पैसामुखी जड बन्दै गएकोप्रति व्यङ्ग्य गरेका छन् । उनले आफन्तहरू साहु भएको कुरा दर्शाउँदै उनीहरूको रुवाई कृतिम वनावटी भएको तर्फ सङ्केत गरेका छन् । यस कथामा वर्तमान समयमा मान्छेमा भाइचारा, विश्वबन्धुत्व, अपनत्वको भावनाको सङ्कट रहेकोतर्फ सङ्केत गरिएको छ ।

### ५.४.९ अन्धा र हात्ती

*अन्धा र हात्ती* कथा **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये नवौं क्रममा सङ्ग्रहित लघु आयामको कथा रचना हो । यहाँ राजनैतिक पार्टीका नेताहरू जसले विकास निर्माण अर्थात् देश विकासको जिम्मा लिएका छन् उनीहरूलाई अन्धा र देशमा व्याप्त समस्यालाई हात्तीको रूपमा प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । बौद्धिक रूपमा सवल नभएका व्यक्तिहरू उच्च ओहोदामा रहेका छन् । उनीहरूलाई देशमा के-कस्ता समस्याहरू छन्, तिनीहरू मध्ये कुन समस्यालाई प्राथमिकता दिने भन्ने कुराको ज्ञान नै छैन । उनीहरू एउटा समस्या निराकरण हुनासाथ देश समृद्ध हुन्छ भन्दै कुर्लन्छन् । सबै समस्याको उचित समाधान नगरी थोरै थोरै टालो हाल्ने हाम्रो नेपाली प्रवृत्तिप्रति यस कथाले व्यङ्ग्य प्रहार गरेको छ । समस्यालाई गम्भीरतापूर्वक बुझ्ने विशेषज्ञ, योजनाविद्हरू समस्या दिनप्रतिदिन बढ्दै गएकोमा चिन्तित छन् तर समस्या समाधानको जिम्मा लिएका व्यक्तिहरू भने त्यसप्रति गैर जिम्मेवार देखिन्छन् भन्ने कुरा यस

कथामा प्रस्तुत छ । अन्ततः नेपाली राजनीति पार्टीका नेताहरूमा रहेको आ-आफ्नो डम्फु बजाउने प्रवृत्तिले देशमा समस्या बढ्दै गएकोतर्फ कथाले सङ्केत गरेको छ ।

### ५.४.१० यता र उता

*यता र उता* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये दसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा हाम्रो देशको फितलो सुरक्षा व्यवस्थाप्रति व्यङ्ग्य प्रहार गरिएको छ । वर्तमान समयमा जतासुकै अशान्ति, असुरक्षा बढेको छ जसले गर्दा कोही पनि सुरक्षित महसुस गरी शान्तिको सास फेर्न सकिरहेका छैनन् । हामी जसको आडमा आफूलाई सुरक्षित छौँ भन्ने भ्रममा छौँ वास्तवमा उनीहरू स्वयम् पनि असुरक्षित छन् भन्दै वर्तमान समयको खस्कदो सुरक्षा व्यवस्थालाई कथामा देखाइएको छ । वर्तमान परिप्रेक्ष्यमा मौलाएको हत्या, हिंसा, चोरी, डकैतले गर्दा कोही सुरक्षित नभएको यथार्थलाई कथामा देखाइएको छ ।

### ५.४.११ यथार्थ र विभ्रम

*यथार्थ र विभ्रम* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये एघारौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा आजको मान्छेको सोचाइ, विचार, चिन्तनप्रति व्यङ्ग्य गरिएको छ । यहाँ विशेषतः आजका युवा पिढीमा देखिएको रसरङ्ग, रङ्गरमिताप्रतिको आकर्षण र यथार्थप्रतिको विमुखतालाई देखाइएको छ । आजको युवा पुस्तामा देखिएको बौद्धिक पलायनतालाई कथामा प्रस्तुत गरिएको छ । आजको मान्छे विश्वका उपलब्धिहरू समस्याहरू, घटनाहरू, परिवर्तन आदि यथार्थ कुरालाई बुझ्नुभन्दा भ्रममै भए पनि खुशी हुन खोज्ने प्रवृत्ति छ, त्यसलाई कथामा प्रस्तुत गरिएको छ ।

### ५.४.१२ पुरस्कार

*पुरस्कार* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये बाह्रौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा कथाकारले सस्तो लोकप्रियताका लागि मान्छेको भीडमा ठूला-ठूला कुरा गर्ने तर काम नगर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । वर्तमान समयका मान्छेमा रहेको लोकप्रियताप्रतिको मोह, भनाइ र गराइमा सामाञ्जस्य नखाने प्रवृत्ति, आफूलाई ढाँटेर, छलेर भए पनि ठूलो बन्नुपर्ने अवस्था छ त्यसलाई कथाकारले व्यङ्ग्यात्मक र वर्णनात्मक रूपमा प्रस्तुत गरेका छन् ।

### ५.४.१३ हतप्रभ

*हतप्रभ* **कालो उज्यालो** नामक लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये तेह्रौं क्रममा सङ्ग्रहित लघु आयामको कथा रचना हो । यस कथामा वर्तमान समाजमा विसङ्गतिको रूपमा रहेको शक्तिको अगाडि बौद्धिकताले घुँडा टेक्नु पर्ने स्थिति छ त्यसप्रति व्यङ्ग्य गरिएको छ ।

वर्तमान समयमा बौद्धिक शक्ति परास्त भएको छ । जतासुकै दादागिरी तन्त्रकै बोलवाला छ । आजको मान्छे चाहेरै पनि शक्तिको विरोध गर्ने स्थितिमा छैन भन्दै बौद्धिक शक्ति ओझेलमा परेको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ ।

### ५.४.१४ भित्री कुरा

*भित्री कुरा* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये चौधौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा वर्तमान समयमा निकै लोकप्रिय बनेको समलिङ्गीय यौन चेतनालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । नेपाली साहित्यमा नवीन र नुतन विषय मानिएको समलिङ्गीय यौन चाहनालाई कथामा कलात्मक रूपमा प्रस्तुत गरिएको छ । अहिलेको वर्तमान परिवेशमा मानिसमा विपरित लिङ्गीय यौन आकर्षण मात्र होइन, एउटै लिङ्ग अर्थात् समलिङ्गी यौनाकर्षण बढेको छ त्यसलाई भित्री कुरा कथामा प्रस्तुत गरिएको छ ।

### ५.४.१५ सर्प

*सर्प* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये पन्ध्रौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा कथाकारले यौन चाहना उमेर अनुसार बढ्दै जान्छ । युवा अवस्थामा यो एउटा जैविक आवश्यकता बन्छ भन्ने आफ्नो यौनसम्बन्धी दृष्टिकोणलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् । यहाँ प्रयोग गरिएको सर्प पुरुष लिङ्गको प्रतीक हो र छोरी सर्पसँग नडराउनु उसको यौन आकर्षण हो । यहाँ संवादात्मक रूपमा अतृप्त यौनेच्छाको तृप्तिको चाहना प्रस्तुत भएको छ ।

### ५.४.१६ उपहार

*उपहार* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये सोह्रौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा कथालाई चार खण्डमा विभाजन गरिएको छ । यस कथामा कथाकारले उपहारको महत्वमाथि प्रकाश पारेका छन् । वर्तमान समयमा उपहारको सोझो प्रभाव प्रेममा परेकोतर्फ व्यङ्ग्य गरेका छन् । आजका युवा युवतीहरूमा आत्मिक, हार्दिक प्रेमभन्दा उपहार हेरेर प्रेम गर्ने जुन विकृति बनेको छ, त्यसलाई कथामा देखाइएको छ ।

### ५.४.१७ अभिनेता

*अभिनेता* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमध्ये सत्रौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । वर्तमान अवस्थाको राजनीतिलाई नाटक र नेताहरूलाई अभिनेताका रूपमा कथामा चित्रण गरिएको छ । यहाँ अभिनेता नेताको प्रतीकका रूपमा आएको छ । जसरी नाटकमा एकपछि अर्को गर्दै काल्पनिक घटनाहरू घट्दै जान्छन् र ती काल्पनिक घटनाहरूलाई दर्शकले स्वाभाविक जस्तै मान्छन् त्यस्तै गरी राजनैतिक वृत्तमा पनि काल्पनिक

घटना घटाइन्छन् र जनतालाई यथार्थ हो जस्तो भ्रम सृजना गर्छन् । जसरी कुनै व्यक्तिले अभिनेता बन्नु र आफ्नो हैसियतभन्दा माथिको कार्य गर्नु भ्रम हो त्यस्तै गरी नेताले पनि जनताको हितमा काम गर्नु एउटा भ्रम मात्र हो । यसरी यस कथामा नेतालाई अभिनेतामा समीकरण गर्दै नेताहरूको व्यवहारप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.४.१८ सोंच

*सोंच* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये अठारौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा हो । कालो उज्यालो सङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये सबैभन्दा छोटो आकारको कथा हो । यस कथामा कथाकारले काम केही नगर्ने, अनावश्यक सोचेर मात्र अमूल्य समय नष्ट गर्ने नेपाली प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । मान्छेले यस्तो काम गर्छु, उस्तो काम गर्छु भन्दा भन्दैमा समय बितेको, कुनै काम फत्ते गर्न नसकेको, सोच्दा सोच्दै जीवनको अन्तिम घडी आइसकेको पनि पत्तो नपाएको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ ।

### ५.४.१९ रूप

*रूप* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये उन्नाइसौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा मान्छेका दुई रूपको चर्चा गरिएको छ । एउटाले बदमासी गरेर, ठगी गरेर, ढाँटेर धेरै सम्पत्ति जम्मा गरेकोमा आफ्नो व्यवहारप्रति असन्तुष्ट छ भने अर्को इमान्दार, नैतिकवान, कर्तव्यनिष्ठ हुँदाहुँदै पनि वर्तमान भौतिकवादी समाजमा इमान्दार, नैतिकवान, आदर्शको सही मूल्याङ्कन नभएको देखेर नराम्रो कार्य गर्न उद्धत देखिएको छ । हाम्रो सामाजिक संरचना, रहनसहन, चालचलनले नै एउटा इमान्दार नैतिकवान व्यक्तिलाई नराम्रो काम गर्न उत्साहित गरेको अर्थात् बाध्य तुल्याएको तर्फ व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.४.२० रुपान्तरण

*रुपान्तरण* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये बीसौं क्रममा सङ्ग्रहित लघुकथा रचना हो । यस कथामा कथाकारले कुनै व्यक्ति नैतिकवान, इमान्दार, कर्तव्यनिष्ठ भएर सफल जीवन व्यतित गर्न नसकेको तर उही व्यक्ति दादा भएपछि शक्तिको आडमा सफल, सार्थक, महत्वूर्ण भएको देखाएर आजको मान्छेको शक्ति मोहलाई प्रस्तुत गरेका छन् । शक्तिको उपासना गर्ने तर नैतिकता इमान्दारिताजस्ता सकारात्मक पक्षको अपहेलना गर्ने वर्तमान समाज व्यवस्थाप्रति तिखो व्यङ्ग्य प्रहार रुपान्तरण कथाले गरेको छ ।

### ५.४.२१ रिपोर्ट

*रिपोर्ट* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित लघु आयामको कथा रचना हो । यस कथामा आजभोलि समाजमा देखिएका आडम्बरी प्रवृत्ति, विज्ञान प्रविधिको नवीन प्रयोग

आधुनिकताका नाममा देखिएका विसङ्गति, बेरोजगारी आदिलाई कथावस्तु बनाइएको छ । रिपोर्ट ताज र कथा एक अर्काका परिपूरक मानिन्छन् । कथाले जुन सामग्री आत्मसात् गर्न सक्छ रिपोर्टमा पनि ती सामग्री आउन सक्छ । रिपोर्ट वस्तुगत हुन्छ भने कथामा तिनै वस्तुगत कुरालाई कलात्मकताका साथ प्रस्तुत गरिएको हुन्छ । कथा पनि एक प्रकारको रिपोर्ट नै हो जसमा समाजका घटना, परिघटना, उतारचढाव आदि रोमाञ्चक प्रस्तुति हुन्छ भने रिपोर्टमा तिनै घटना, परिघटनाको वस्तुगत प्रस्तुति हुन्छ । त्यसैले कथा पनि एक प्रकारको रिपोर्ट हो जसमा समाचार, विज्ञापन, दैनिकी, नेता, नेतृत्व अभिनय, रोजगार, बेरोजगार आदि अनेक सामग्री अटाउन सक्छ भन्ने सत्यतालाई यसमा कथा सामग्री बनाइएको छ । यस कथामा ऊ प्रमुख पात्रका रूपमा आएतापनि यहाँ आम नेपालीका दिनचर्या प्रस्तुत गरिएको छ । कथाले मूलतः एउटा समाजका सम्पूर्ण गतिविधिको रिपोर्ट प्रस्तुत गरेको छ ।

### ५.४.२२ नियति

*नियति* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये बाइसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना मानिन्छ । नियतिलाई प्रारब्ध, भाग्य वा लेखा पनि भनिन्छ । कसैले नियतिलाई पुनसको कमाइ पनि भन्ने गर्दछन् । नियतिको अगाडि कसैको केही लाग्दैन । यस कथामा पनि मान्छेको मृत्युलाई नियति मानिएको छ । मृत्यु कसैले रोक्न नसक्ने अकाट्य सत्य हो र यसका अगाडि जतिसुकै मै हुँ भन्नेले पनि घुँडा टेक्नै पर्छ । नियतिको अगाडि भावुकताको केही जोर चल्दैन, मृत्युले मान्छेलाई यस धर्तीबाट लानु, सर्पले भ्यागुता खानु एउटा नियतिको खेल भएको सत्यलाई कथाकारले कथामा व्यक्त गरेका छन् । कथामा मानवीय र मानवेतर दुवै पात्रको प्रयोग छ । कथामा नियतिलाई कसैले परिवर्तन गर्न नसक्ने शास्वत सत्यको उद्घाटन गरिएको छ ।

### ५.४.२३ यथावत्

*यथावत्* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये तेइसौं क्रममा सङ्ग्रहित लघुकथा रचना हो । यस कथामा कथाकारले मानिसको आदिकालदेखि चल्दै आएको धनी र गरिब बीचको खाडलले गर्दा उत्पन्न द्वन्द्वको चित्रण गरेका छन् । हुदाखाने र हुनेखानेहरू बीचको द्वन्द्व कथामा छ । यस कथामा माक्सवादी चिन्तन प्रस्तुत भएको छ । यहाँ पूँजीपति वर्ग र पूँजीहीन वर्गको वर्ग सङ्घर्षलाई देखाइएको छ । अन्ततः यो द्वन्द्व सदियौं पुरानो भएतापनि त्यसको अन्त्य हुन नसकी यथावत् रहेको तर्फ व्यङ्ग्य कथामा गरिएको छ ।

### ५.४.२४ चस्मा

*चस्मा* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये चौबीसौं क्रममा सङ्ग्रहित लघुकथा रचना हो । यस कथामा आजको मान्छेको बौद्धिक चेतना, विवेक शून्यताप्रति

व्यङ्ग्य गरिएको छ । आजका मान्छे यथार्थ के हो भन्ने बुझ्नेतर्फ लाग्दैनन् बरु भ्रममै बाँच्न रुचाउँछन् । आजका राजनैतिक पार्टीका नेताहरूमा भएको बौद्धिक दरिद्रतालाई कथामा देखाइएको छ । उनीहरू यथार्थ बुझ्नतर्फ लाग्दैनन् हल्लाकै पछि लागि हिँड्छन् । समाजमा अर्काथरी मानिसहरू पनि छन् जो यथार्थलाई बुझ्न सक्छन्, भ्रमबाट पन्छिएर बसेका हुन्छन्, समस्याको सही पहिचान गर्न सक्छन् तर उनीहरूमा समस्या समाधान गर्न सक्ने क्षमता हुँदैन ।

### ५.४.२५ लुङ्गी

*लुङ्गी* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित एकाउन्न कथाहरू मध्ये पच्चीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको लघुकथा रचना हो । यस कथाको शीर्षक अभिधात्मक नभएर प्रतीकात्मक छ । सोझो रूपमा यहाँ लुङ्गीलाई एउटा पोशाकको रूपमा लिएर त्यसको उपयोगितालाई दर्शाएतापनि प्रतीकात्मक रूपमा यहा" लुङ्गीले हाम्रा वरपर रहेका, हामीले महत्व नदिएका वस्तुको प्रतीकको रूपमा आएको छ । हामीले मूल्यहीन, तुच्छ ठानेका वस्तुहरूले नै हामीलाई जीवनदेखि मरणोपरान्तसम्म साथ दिने कुरा व्यक्त गरिएको छ । यस कथाको कथावस्तु ज्यादै क्षीण छ । यहाँ साना-साना वस्तु, चिज कुराले पनि हाम्रो जिन्दगीमा ठूलो भूमिका खेलेको हुन्छ, त्यसैले हामीले स-साना कुराहरूलाई समेत विशेष ध्यान दिएर अगाडि बढ्नु पर्छ भन्ने यथार्थ व्यक्त भएको छ । कथामा ठूला-ठूला कुरा गर्ने तर साना-साना काम पनि नगर्ने प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.४.२६ पैतृक सम्पत्ति

*पैतृक सम्पत्ति* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये छब्बीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा मान्छेभित्र सुषुप्त अवस्थामा रहेको जङ्गली प्रवृत्तिलाई देखाउँदै आफ्नो स्वार्थ पूरा गर्न जस्तोसुकै कदम चाल्न पछि नपर्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यस कथामा कथाकारले धम्क्याउनु, मारपिट गर्नु, दुर्व्यवहार गर्नु, मानवको अमूल्य सम्पत्ति (पैतृक सम्पत्ति) भएको हुँदा त्यसलाई कहिल्यै पनि छोड्न नसकेको यथार्थलाई प्रस्तुत गरिएको छ । समय परिस्थिति आफू अनुकूल हुँदासम्म सभ्य सचेत देखिने र प्रतिकूल हुन साथ असभ्य, क्रूर देखिने मानिसको राक्षसी, स्वार्थी प्रवृत्तिलाई कथामा प्रस्तुत गरिएको

छ । यसरी पैतृक सम्पत्ति कथामा मानवभित्र हुने विविध मानसिक उतारचढावलाई देखाइएको छ ।

### ५.४.२७ मलामी

*मलामी* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये सत्ताइसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । जबसम्म मान्छे सक्षम चल्ताफुर्ता हुन्छ, तबसम्म उसका बारेमा केही नबोलि चुपचाप बस्ने तर जब ऊ असक्षम हुन्छ, प्रतिवाद गर्न सक्दैन तब

उसका व्यक्तिगत कुराहरूको प्रचारप्रसार गर्ने प्रवृत्तिलाई देखाइएको छ । यहाँ बाँचुञ्जेल तिरस्कार गर्ने, चरित्र हत्या गर्ने र मरेपछि भएनभएका फूलबुट्टा भरेर प्रशंसा गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.४.२८ एक रातको सहर

*एक रातको सहर* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये अट्ठाइसौं क्रममा सङ्ग्रहित लघु आयाको कथा रचना हो । यस कथामा एउटा सहरमा एक रातमा हुने सम्पूर्ण सकारात्मक र नकारात्मक गतिविधिको चित्रण गरिएको छ । यस कथामा एउटा व्यस्त सहरमा रातको समयमा अनुपातिक रूपमा सकारात्मकभन्दा नकारात्मक गतिविधि बढी भएको देखाइएको

छ । यहाँ रातको अँध्यारोमा व्यस्त सहरीया जीवनशैलीलाई प्रस्तुत गरिएको छ ।

### ५.४.२९ स्थिति

*स्थिति* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये उनन्तीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा कथाकारले थेग्नै नसक्ने गरी बढेको बजार भाउ र त्यसको मारबाट पीडित हुँदाहुँदै पनि केही गर्न नसक्ने निरीह जनताको यथार्थलाई देखाउँदै नेपालमा बढ्दै गएको हत्या, हिंसा, लुटपाट, अशान्ति, असुरक्षा आदिका कारण नेपालको शान्ति हराउँदै गएको यथार्थलाई देखाएका छन् । कथामा शान्ति भूमि भनेर विश्वभरि चिनिएको नेपाल हाल आएर युद्धभूमि भएकाले नेपाललाई शान्ति क्षेत्र भन्न हिच्किचाउनु परेको वास्तविकतालाई देखाउँदै आफ्नो सानो स्वार्थका लागि देशलाई युद्धमा होम्ने र जनताको शोषण गरेर दिनप्रतिदिन मोटाउँदै जानेप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.४.३० प्रतिक्रिया

*प्रतिक्रिया* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये तीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा कथाकारले राजनैतिक अस्थिरताका कारण मरिमरि काम गर्नेले त्यसको प्रतिफल प्राप्त गर्न नसकेको तर जसले केही काम गरेको छैन उसले सत्तामा पुग्नासाथ वाहा भ वाहा ¤ र कदर प्राप्त गरेको देखाएर काम गर्ने कालु मकै खाने भालुजस्तो प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । साथै एउटै कामले सकारात्मक र नकारात्मक प्रभाव पार्ने यथार्थलाई पनि प्रस्तुत गरेका छन् ।

### ५.४.३१ सेता दाँत

*सेता दाँत* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये एकतीसौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा राजनीतिक पार्टीका नेताहरूको भनाइ र गराइमा तालमेल नखाने अर्थात् एकाथरी भन्ने अर्कोथरी गर्ने जुन प्रवृत्ति छ त्यसलाई व्यङ्ग्य

गरिएको छ । सेता दाँत शीर्षक प्रतीकात्मक छ । नेताहरूले लोकप्रियतालाई भएनभएका फूलबुट्टा कुँदेर भाषण गर्ने तर भाषणमा भनिएका कुनै पनि कुरा व्यवहारमा लागु नगर्ने प्रवृत्तिप्रति कथा लक्ष्यित छ । सेता दाँत देखाउनका लागि जनतालाई भ्रम पार्न सफल छन् । यहाँ कथाकारले नेताहरूको द्वैध चरित्रलाई देखाएका छन् । वर्तमान स्थितिमा ठूलो समस्याको रूपमा समाजमा व्याप्त जातभात, छुवाछुत हटाउने जिम्मा लिएका व्यक्ति नै जातभात, छुवाछुतको दलदलमा फसेको यथार्थलाई कथामा प्रस्तुत गर्दै धार्मिक अन्धविश्वासप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

### ५.४.३२ मूल्य

*मूल्य* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये बत्तीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा राक्षसी मानवीय प्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । विकृति, विसङ्गतिले जकडिएको वर्तमान समयमा मानवमा मानवता, भातृत्वप्रेम, विश्वबन्धुत्वको भावना हराउँदै गएकोमा कथामा चिन्ता व्यक्ति गरिएको छ । आजको मान्छे यति क्रूर भइसकेको छ कि उसलाई आफ्नै दाजुभाइ, आफ्ना आफन्त, मित्र आदिको मृत्युको खबरले भावविह्ल बनाउनुको सट्टा झन् उत्साहित गराएको छ । मानिस स्वार्थी बन्नुको साथै उसभित्र राक्षसी प्रवृत्ति हावि हुँदै गएको छ जसले गर्दा ऊ धेरैभन्दा धेरै मान्छेको मृत्युको खबर सुन्न लालयित छ ।

### ५.४.३३ राजनीति

*राजनीति* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये तेत्तीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । नेपाली राजनीतिमा शक्तिको आडमा भएको बौद्धिक पलायनताप्रति व्यङ्ग्य प्रहार गरिएको छ । राजनीति गरेर सत्तामा पुगेको व्यक्तिको जिम्मामा देशको चौतर्फी विकास निर्माणको जिम्मा आइपर्ने हुँदा उनीहरू बौद्धिक रूपमा पनि सक्षम हुनुपर्ने हो तर वर्तमानको विकृति र विसङ्गत परिस्थितिमा हाम्रा देशका नेताहरूमा बौद्धिकताको कुनै गुन्जायस नदेखिएको यथार्थलाई प्रस्तुत गरिएको छ । विभिन्न हातहतियार चलाउन जान्ने, लाठा मुङग्रा चलाउन जान्ने व्यक्तिहरूले शक्तिको आडमा बौद्धिक रूपमा सक्षम व्यक्तिलाई राजनीतिमा रोक लगाएर आफू अनुकूल राज गर्ने परिपाटीलाई कथामा देखाइएको छ ।

### ५.४.३४ मानव अधिकार

*मानव अधिकार* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये चौतीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा मानव अधिकारको संरक्षण गर्ने व्यक्तिहरूबाट नै मानव अधिकार हनन गर्ने परिपाटीप्रति व्यङ्ग्य प्रहार गरिएको छ । हाम्रो देशमा मानव अधिकारका हिमायतीहरू नै निर्ममतापूर्वक कुटिन्छन् । मानव अधिकारको प्रत्याभूति गराउने जिम्मा लिएको प्रशासन नै मानवाधिकार हननमा उद्धत देखिन्छन् भन्दै वर्तमान विसङ्गत समाजको यथार्थ चित्रण गरेका छन् ।

### ५.४.३५ प्रश्न

*प्रश्न* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये पैंतीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा हाम्रो धर्म, संस्कार, सामाजिक मूल्य मान्यताले लगाएको इज्जतको सङ्कुचित परिभाषाप्रति व्यङ्ग्य प्रहार गरिएको छ । हाम्रो समाजमा यौनसँग मात्र इज्जतलाई जोडेर हेर्ने जुन प्रवृत्ति छ त्यसलाई कथामा प्रस्तुत गरिएको छ । यदि यौनिक क्रियाद्वारा नारी इज्जत जाने भए उसको लोग्नेसँगको यौनिक क्रियाकलापमा पनि उसको इज्जत जानुपर्ने हो तर यहाँ त्यस्तो नभई उसको इज्जत झन्-झन् बढ्नुले एउटा आश्चर्य सृजना गरेको छ । यस कथामा वास्तवमा इज्जत के हो ? यो कसरी सुरक्षित हुन्छ भन्नेतर्फ प्रश्न चिन्ह खडा गरेको छ ।

### ५.४.३६ निरन्तर

*निरन्तर* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमध्ये छत्तीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा कथाकारले सृष्टिको प्रारम्भदेखि नै ज्ञानको उज्यालो माथि अज्ञानताको कालो बादल निरन्तर छाएको यथार्थलाई प्रस्तुत गरेका छन् । वर्तमान समयमा पनि ज्ञानको प्रतीक अक्षरमाथि अज्ञानता अनाचारको निरन्तरता आक्रमण भएको र ज्ञानको विरुद्ध युद्धको घोषणा भएको कुरालाई कथामा व्यक्त गरिएको छ । कवि लेखकहरूले त ज्ञानको किरण फैलाउने र अज्ञानताको विनास गर्ने आफ्ना कलम क्रियाशील बनाउनु पर्ने हो तर केही कवि, लेखकहरूले समेत आफ्ना काव्यमा अज्ञानताकै चित्रण गरेकाले त्यसमा ज्ञानको, शान्तिको खेती बसाल्न सिर्जनाको ऋतु फर्कने आशावादी स्वर प्रकट भएको छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथामा भौतिक शक्तिका अगाडि सृजनात्मक शैलीले निरन्तर हार खानु परेतापनि कुनै दिन बौद्धिक शक्तिकै जीत हुने आशावादी स्वर प्रकट भएको छ ।

### ५.४.३७ रातको गहिराइ

*रातको गहिराइ* कथा **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित एकाउन्न कथाहरू मध्ये सैतीसौं क्रममा सङ्ग्रहित लघु आयामको कथा रचना हो । यस कथामा जीवनको गहिराइ रातको गहिराइजस्तै अन्धकारमय, रहस्यमय, विविधतामय छ भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ । अनेक प्रकारका साथी सङ्गति, अनेक कर्म, जीवनका विविध पाटाहरू, विशृङ्खलित जीवन पनि रातको गहिराइ समान छ । रातको गहिराइमा अर्थात् अँध्यारोमा घट्ने यावत घटनाहरू हामीले थाहा नपाएजस्तै जीवन पनि यस्तै हुन्छ भनेर अनुमान गर्न नसकिने हुँदा यहाँ मानव जीवनलाई रातको गहिराइसँग समीकरण गरिएको छ । जीवनका यावत कुराहरूलाई नियाल्दा जीवनचक्र पनि रातको गहिराइझैं प्रतीत हुन्छ । जीवनको गहिराइ विविधतामय छ भन्ने कुराले यहाँ कथाको रूप ग्रहण गरेको छ । कथामा सबै नेपालीको प्रतिनिधित्व ऊ पात्रले गरेको छ । यसमा कथाकारले मानव

जीवन पनि रातको गहिराइजस्तै निष्पट्ट अन्धकारमय देख्न, बुझ्न नसकिने छ भन्दै मानव जीवनको रहस्यात्मक प्रस्तुति गरेका छन् ।

### ५.४.३८ अन्धो युग

*अन्धो युग* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये अड्तीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा वर्तमान विसङ्गत समाजमा आँखा देखेर पनि अन्धो बनेर हिड्नु पर्ने जुन अवस्था सृजना भएको छ त्यसप्रति व्यङ्ग्य प्रहार गरिएको छ । आजको विकृति र विसङ्गति युक्त समाजमा मान्छेले आफूले देखेका सुनेका कुनै पनि कुराहरू निर्धक्कसँग अरुसँग भन्न सक्ने अवस्था छैन त्यसैले केही कुरा देखे पनि नदेखेजस्तो र सुने पनि नसुनेजस्तो गरेर हिड्नु उसको बाध्यता बनेको छ । यसरी आँखाले देखेर पनि नदेखेजस्तो गरेर बस्नु पर्ने भएकाले कथाको शीर्षक अन्धोयुग राखिएको छ ।

### ५.४.३९ समुद्र

*समुद्र* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये उनान्चालीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा पूँजीपति वर्ग र पूँजीहीन वर्ग बीचको द्वन्द्वलाई देखाइएको छ । पूँजीहीन वर्गको जीवन झन्-झन् धरासायी बन्दै गएको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । धनी वर्गले गरिबहरूमाथि अन्याय, अत्याचार, शोषण गरेको र उनीहरूको पसिना, आँसु लुटेर सुखद जीवन व्यतित गरेको वर्तमान यथार्थप्रति कथामा व्यङ्ग्य प्रहार गरिएको छ । उच्च वर्गप्रति घृणा र निम्न वर्गप्रति सहानुभूतिको स्वर कथाका माध्यमले व्यक्त भएको छ ।

### ५.४.४० हल्ला

*हल्ला* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये चालीसौं क्रममा सङ्ग्रहित लघुकथा रचना हो । यस कथामा राजनैतिक पार्टीका नेताहरूको काम नगर्ने गफमात्र हाँक्ने प्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । यो कथा दुई खण्डमा विभाजित छ । नेपालको अधिकांश ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, सञ्चार, सडक, शान्ति सुरक्षा आदिको समस्या वर्षौंदेखि जेका त्यहि छ । जुन नेतालाई जिताएर पठाए पनि उनीहरू समस्या समाधानतिर लागेको पाइँदैन । उनीहरू सत्तामा नपुगेसम्म आफूले सबै समस्यालाई जादुको छडीले झैँ समाधान गर्छु भन्छन् तर सत्तामा पुगेपछि आफ्नो दुनो सोझ्याउनतर्फ मात्र लाग्छन् । अन्त्यमा समस्या समाधान गर्न नसकेपछि गाउँ जे-जस्तो छ त्यसैलाई काल्पनिक गुणगान गरेर जनतालाई पुनः भ्रममा बाँच्न विवश बनाउने नेताहरूको बोलिमा कतै सत्यता छैन भन्ने यथार्थलाई हल्ला कथामा प्रस्तुत गरिएको छ ।

### ५.४.४१ जादुगर

*जादुगर* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये एकचालीसौं क्रममा सङ्ग्रहित लघुकथा रचना हो । यस कथामा जादुगरको जादुगरी प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । जादु भनेको सोझासाझा दर्शकहरूलाई झुक्याउने, भ्रममा पार्ने कला मात्र हो त्यसमा वास्तविकताको गन्धसमेत हुँदैन । जादुगरले डरलाग्दा, अपत्यारिला, काल्पनिकजस्ता कुराहरूलाई पनि यथार्थजस्तो बनाएर देखाउँछन् । वास्तवमा त्यो यथार्थ होइन, ठगी हो, लुट हो, भ्रम हो भन्ने कुरा कथाकारले देखाएका छन् ।

### ५.४.४२ वरदान

*वरदान* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये बयालीसौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा कथाकारले कथालाई तीन खण्डमा विभाजन गरेका छन् । यस कथामा कथाकारले उचित समयमा मान्छेले राम्रो मौकाको सही सदुपयोग गर्न सक्नुपर्छ अन्यथा आफूले प्राप्त गरेको अवसर त्यसै खेर जान्छ भन्ने कुरालाई देखाएका छन् । मान्छेले असमञ्जस्यता, अन्योलतामा समय बर्बाद गर्नु हुँदैन भन्ने सन्देश पनि यस कथाले दिएको छ । मानिसका धेरैभन्दा धेरै समस्याहरू हुन्छन् । मानिस आÇना सबै समस्या एकै साथ समाधान होस् भन्ने चाहन्छ, तर समस्या एकैपटक नभई विस्तारै-विस्तारै पूर्ति हुँदै जान्छन् भन्नेतर्फ उसको ध्यान नै जाँदैन अन्ततः उसका कुनै पनि समस्याहरू पूरा हुँदैनन् भन्ने यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । यस कथामा मान्छेमा रहेको सही समयमा उचित निर्णय गर्न नसक्ने प्रवृत्ति अर्थात् दोधारे भएर अन्योलमा बाँच्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.४.४३ बाटो र विचार

*बाटो र विचार* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये त्रिचालीसौं क्रममा सङ्ग्रहित लघु आयामको कथा रचना हो । यस कथामा वर्तमान मान्छेको स्वार्थी प्रवृत्ति र सोंचप्रति व्यङ्ग्य प्रहार गरिएको छ । मुक्तकीय शैलीमा लेखिएको यस कथामा मान्छेको सङ्कीर्ण सोंचाइ र त्यसले विकास निर्माणमा पारेको प्रत्यक्ष प्रभावलाई कथामा देखाइएको छ ।

### ५.४.४४ नेता र जनता

*नेता र जनता* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये चवालीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा नेताहरूले फकाएर, फुल्याएर, धम्काएर जसरी भए पनि सोझासाझा जनतामाथि आफ्नो प्रभुत्व कायम गर्ने परम्पराप्रति व्यङ्ग्य गरिएको छ । नेताहरूले विभिन्न वाहानामा जनतालाई भऱ्याङ बनाएर उनीहरू माथि नै राज गर्ने प्रवृत्तिलाई कथामा देखाइएको छ ।

### ५.४.४५ क्रम

*क्रम* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये पैतालीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । अलिहेको विकृति, विसङ्गति युक्त समाजमा थुप्रै व्यक्तिहरू अर्काको रचना पैसाले किनेर आफूलाई कवि, लेखक, साहित्यकार ठान्दछन् तिनीहरूलाई कथा मार्फत् व्यङ्ग्य प्रहार गरिएको छ । कथामा वास्तविक साहित्यकारको उचित मूल्याङ्कन हुन नसकेको, राज्यले यस्ता प्रतिभाहरूलाई उचित व्यवस्था गर्न नसकेको भन्दै साहित्यकारहरूले आफ्ना अमूल्य लेखलाई सीमित पैसामा बेचर जीवन गुजारा गर्नुपर्ने जुन विसङ्गत परिस्थिति सृजना भएको छ त्यसप्रति चिन्ता व्यक्त गरिएको छ ।

### ५.४.४६ सम्पर्क

*सम्पर्क* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये छयालीसौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा कथाकारले नेताहरूको पलायनवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । नेताहरूले सामान्य जनताको के कुरा गर्ने उनीहरूका लागि ज्यानै दिन तयार आफ्ना कार्यकर्ताहरूलाई समेत आफू सत्तामा पुगेपछि केही वास्ता नगर्ने यथार्थलाई प्रस्तुत गरिएको छ । आफू सत्तामा नपुगेसम्म जनताको आँगन-आँगन मीठा-मीठा सपना बाँडी हिड्ने नेता सत्तामा पुगेपछि कसरी जनताको समस्या समाधान गर्ने भन्नु त परै जाओस् उनीहरूसँग कुराकानी गर्न पनि चाहदैनन् भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ । नेताहरूको स्वार्थी प्रवृत्तिको उद्घाटन कथामा गरिएको छ ।

### ५.४.४७ परिवेश

*परिवेश* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये सत्चालीसौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा वर्तमान समयको विसङ्गत परिवेशप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यहाँ मान्छे हदैसम्मको स्वार्थी व्यवहारप्रति व्यङ्ग्य छ । वर्तमान विकृति, विसङ्गति युक्त परिवेशमा राम्रो चिजको सही मूल्याङ्कन हुँदैन किनभने निर्णायक तहमा बसेका व्यक्तिहरू स्वयम् पैसामा बिकेका हुन्छन् । परिवेश कथामा कविको प्रशंसा स्वाभाविक नभई कविलाई फकाएर आफ्नो स्वार्थपूर्ति गर्नका लागि मात्र गरिएको हो । वर्तमान समाज पनि स्वार्थी, विकृति, विसङ्गति युक्त छ कि सेतोलाई सेतो र कालोलाई कालो भन्न पनि पैसा भेटी चढाउनु पर्ने यथार्थलाई कथामा चित्रण गरिएको छ । संवादात्मक र व्यङ्ग्यात्मक रूपमा कथाकारले आफ्नो विचारहरू कथामा व्यक्त गरेका छन् ।

### ५.४.४८ जिन्दगी

*जिन्दगी* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये अड्चालीसौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । जिन्दगी कथामा कथाकारले मान्छेले स्पष्ट लक्ष्य, उद्देश्य राखेर त्यसको प्राप्तिको लागि अगाडि बढ्नु पर्ने, कुहिरोको कागजस्तो बन्न नहुने, सन्देश दिएका छन् । कथामा यदि समयमा नै उचित निर्णय लिन सकिएन भने जीवनभरि गरिएका सबै

प्रयासहरू निरर्थक हुन पुग्ने यथार्थलाई प्रस्तुत गरेका छन् । तसर्थ हामीले कुनै पनि काम गर्नुभन्दा अगावै उक्त कार्यको दूरगामी प्रतिफल कस्तो हुन्छ त्यसको सही मूल्याङ्कन गरेर मात्र काम गर्नुपर्छ भन्ने विचारहरू व्यक्त गरेका छन् ।

### ५.४.४९ सार्थक

*सार्थक* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये उनन्पचासौं क्रममा सङ्ग्रहित लघु आकारको कथा रचना हो । यस कथामा कथाकारले निश्चित उद्देश्य लिएर सार्थक जीवन बाँच्नु पर्छ । हामीले बाह्य सुन्दरतालाई भन्दा आन्तरिक गुणलाई हेरेर मात्र कुनै वस्तुको सही मूल्याङ्कन गर्न सकिन्छ । कसैले पनि आफ्नो सुन्दरतामा धेरै घमण्ड गर्नु हुँदैन । राम्रो भएर मात्र जीवन सार्थक हुँदैन, जीवन सार्थक हुनाका लागि रूप र गुण दुवैको संयोग आवश्यक हुन्छ । जसले जस्तो काम गऱ्यो उसले त्यस्तै फल पाउँछ भन्ने कुरालाई कथामा कथाकारले देखाएका छन् ।

### ५.४.५० शब्दकोश

*शब्दकोश* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये पचासौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यहाँ कथालाई दुई खण्डमा विभाजन गरिएको छ । यस कथामा शब्दकोशभित्र कस्ता-कस्ता शब्द समावेश गर्नु उचित हुन्छ भनि देखाइएको छ । शब्दकोश अपार ज्ञानराशीको भण्डार भएकाले अन्याय, अत्याचार, क्षेप्यास्त्र, बमजस्ता नकारात्मक अर्थ दिने शब्दहरूलाई यसमा समावेश गरिएको छैन । वर्तमान विकृति, विसङ्गति युक्त समाजका मानिसहरू शब्दकोशभित्र रहेका लाखौं लाख सकारात्मक अर्थ दिने शब्दहरूप्रति ध्यान नदिई नकारात्मक अर्थ दिने सीमित शब्दसँग झुकाव राख्नुले आजको मान्छे स्वयम् अशान्ति, युद्ध, कलह, मारपिट चाहेको स्पष्ट भएको छ । यसरी कथामा वर्तमान समयको विकृति, विसङ्गति युक्त मान्छेको सङ्कुचित सोंचाइप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.४.५१ पलायन

*पलायन* **कालो उज्यालो** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये एकाउन्नौं क्रममा सङ्ग्रहित लघुत्तर आयामको कथा रचना हो । यस कथामा विश्वमा दिनप्रतिदिन लोकप्रिय बन्दै गएको बम, बारुद, क्षेप्यास्त्र, बन्दुक, एम्बुसजस्ता अत्याधुनिक हातहतियारको सस्तो प्रयोगका कारण बाल मस्तिष्कमा परेको नकारात्मक प्रभावलाई देखाइएको छ । बम, बारुद, एम्बुसजस्ता कुराहरूसँग अर्थात् युद्ध लडाईभन्दा बालबालिका टाढै हुनु पर्ने हो तर हाम्रो देशको राजनैतिक अस्थिरताका कारण सानो स्वार्थ पूरा गर्न पनि हातहतियार उठाउने परिपाटी कोमल बाल मस्तिष्कमा जकडिएको यथार्थलाई प्रस्तुत गरिएको छ । वर्तमान समयमा बम, बारुद, एम्बुसजस्ता डरलाग्दा कुराहरू बालबालिकाहरूलाई समेत सामान्य लाग्नु वर्तमान विसङ्गत राजनीतिको उपज हो भन्दै हातहतियारको जथाभावी प्रयोगप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

पात्र लघुकथाको अनिवार्य तत्व हो । पात्रले नै कथालाई जीवन्तता प्रदान गर्दछ अर्थात् गतिप्रदान गर्दछ । लघुकथा सङ्क्षिप्त र सूत्रात्मक हुने हुँदा यसमा सीमित पात्रको प्रयोग हुन्छ । उनीहरू आ-आफ्नो भूमिका कुशलतापूर्वक निर्वाह गर्न सक्षम हुन्छन् । हरिहर पौडेलका कथामा पनि मानवीय र मानवेत्तर दुवै किसिमका पात्रहरूको प्रयोग गरिएका छन् । उनका लघुकथाहरूमा पौराणिक पात्रका अतिरिक्त हाम्रै समाजबाट टिपिएका पात्रहरूको प्रयोग गरिएको छ र सबै पात्रहरू आफ्नो भूमिका निर्वाह गर्न सक्षम छन् । उनका अघुकथामा सीमित पात्रको प्रयोग गरिएका छन् । उनका लघुकथामा विभिन्न वर्ग, ओहोदाका व्यक्तिहरू नै पात्रका रूपमा प्रयोग भएका पाइन्छन् । परिवेश लघुकथाको अर्को आवश्यक सर्त हो । हरिहर पौडेलका कथाहरू सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, प्रशासनिक, मानसिक परिवेशलाई आधार मानि लेखिएका छन् । यसका अतिरिक्त स्थानिक परिवेशका रूपमा ग्रामीण र सहरी परिवेशको प्रयोग पौडेलका लघुकथाहरूमा देख्न पाइन्छ । हरिहर पौडेलका लघुकथामा संवादको गौण भूमिका रहेको देखिन्छ । प्रस्तुतिलाई रोचक एवम् आकर्षक बनाउनका लागि आरम्भ र अन्त्यमा नाटकीय शैलीमा क्षीण संवादको प्रयोग पौडेलका लघुकथामा देख्न पाइन्छ । कथा लेखनको निश्चित उद्देश्य हुन्छ । हरिहर पौडेलका लघुकथाहरूमा धार्मिक, सामाजिक, आर्थिक, राजनैतिक, मानसिक, प्रशासनिक, शैक्षिक, विकृति, विसङ्गतिहरू केलाएर त्यसप्रति तिखो व्यङ्ग्य प्रहार गर्दै सुधारको उद्देश्य राखिएको छ । हरिहर पौडेलका कथामा प्रयोग भएको भाषा सरल, सहज, सम्प्रेष्य किसिमका छन् । ठेट नेपाली शब्दहरू, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको कुशल संयोजन उनका लघुकथाहरूमा देख्न पाइन्छ । उनका कथाहरूमा प्रतीकात्मक बिम्बात्मक भाषाको समेत सफल प्रयोग गरिएको छ । वर्णनात्मक, व्यङ्ग्यात्मक, संवादात्मक शैलीले गर्दा उनका लघुकथाहरू अनुपम रचनाका रूपमा स्थापित भएका छन् ।

## ५.५ निष्कर्ष

**कालो उज्यालो** वि.सं. २०६२ सालमा प्रकाशित लघुकथासङ्ग्रह हो । यो कथासङ्ग्रह वि.सं. २०४५-२०६१ सम्म रचना गरिएका र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका लघुकथाहरूको सङ्ग्रहित रूप हो । यस सङ्ग्रहका कथाहरू, सूत्रात्मक, प्रतीकात्मक व्यङ्ग्यात्मक साङ्केतिक छन् । यस सङ्ग्रहका कथाहरूमा अनुभूतिको तीव्रता पाइन्छ । यस सङ्ग्रहका कथामा आन्तरिक अन्तर्वस्तुको बनोट, बाह्यशैली शिल्पको नवीन प्रयोग पाइन्छ । उनका कथामा कथ्यको गम्भीरता, केन्द्र भ॰, दुःख, पीडा, अनैतिक सम्बन्ध, भ्रम, विद्रुपता, बिग्रदो परिस्थितिको चित्रण, मिथकको नवीन ढङ्गले प्रयोग आदि पाइन्छन् । समग्रमा यस सङ्ग्रहका कथा आजको मान्छेको जीवन, उसको भोगाइ र विविध सङ्गतिहीनतालाई देखाउँदै त्यसप्रति चोटिलो व्यङ्ग्य प्रहार गर्न सक्षम रहेका छन् ।

## ५.६ अनुभ्रम प्रतिभ्रम कथासङ्ग्रह (२०६६) को अध्ययन

### ५.६.१ पोखरी

*पोखरी* कथा **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको विज्ञान कथा रचना हो । कथाको शीर्षक पोखरी अभिधात्मक रूपमा नभई प्रतीकात्मक रूपमा सफल छ । त्यहाँ पोखरी यौना·को प्रतीकको रूपमा आएको छ । सरसर्ती हेर्दा कथाको विषयवस्तु पौराणिकजस्तो लागेतापनि वस्तुतः पोखरी कथा विज्ञान कथा हो । यसमा प्रयोग भएको विषयवस्तुमा नवीनता छ । कथामा कथाकारले वैज्ञानिकहरू विभिन्न रसायनको प्रयोग गरेर लि· परिवर्तनजस्तो जटिल विषयमा सफलता हात पार्न सफल भएको यथार्थलाई प्रस्तुत गर्दै धार्मिक मान्यता अनुरूप यौन प्रकृति प्रदत्त दैवी गुण भएको, प्राकृतिक शक्ति भएको हुँदा यसका अगाडि जस्तासुकै महर्षि, सन्त नतमस्तक हुन परेको यथार्थलाई प्रस्तुत गरेका छन् । यौन सृष्टिदेखिकै एक महत्वपूर्ण विषय र आदि सत्य भएको उल्लेख गर्दै कुवा अर्थात् यौन सम्बद्ध व्यवहारमा लीन भएपछि जत्तिसुकै कठोर पुरुषहरू पनि नरम स्वभावका हुने, उनीहरूको रिस आवेग सबै समाप्त हुने मनोवैज्ञानिक यथार्थलाई कथामा धार्मिक प्रसङ्गसँग जोडेर प्रस्तुत गरिएको छ । यौन जैविक आवश्यकता भएको हुँदा यौनशक्तिका अगाडि ऋषि, दुर्योधनजस्ता त्यागी धीर पुरुषसमेत परास्त भएको कुरा कथाको अन्तरवस्तु बनेको छ ।

कथामा ऋषि प्रमुख पात्रका रूपमा आएका छन् । उनी एक कामुक आफ्ना इन्द्रियहरूलाई वशमा राख्न असक्षम व्यक्तिका रूपमा उभिएका छन् । उनी एक गतिशील प्रतिकूल, मञ्चीय, वर्गीय, बद्ध पात्रका रूपमा कथामा आएका छन् । कथामा भैंसी, राँगोजस्ता मानवेत्तर पात्रको पनि प्रयोग गरिएको छ । दुर्योधन पौराणिक पात्रका रूपमा आएका छन् भने ग्रामीण युवती, युवक, भगवान आदि सहायक पात्रका रूपमा कथामा प्रयोग भएका छन् । तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरेर लेखिएको यस कथाको परिवेश पौराणिक र वैज्ञानिक खालको छ ।

विज्ञान प्रविधिले भित्र्याएको लि· परिवर्तनजस्तो जटिल विषयवस्तुलाई प्रस्तुत गर्दै यौन जैविक आवश्यकता भएको हुँदा यसबाट कोही टाढा भाग्न नसकेको यौन मनोवैज्ञानिक यथार्थलाई प्रस्तुत गर्ने उद्देश्यले पोखरी कथा लेखिएकोछ । पोखरी कथाको भाषाशैली प्रतीकात्मक भएको हुँदा जटिल बन्न पुगेको छ । पोखरी कथा पौराणिक कथाको विपठनात्मक कथा भएकाले यसले दिने अर्थ सामान्य किसिमको नभएर बौद्धिक पाठकका बौद्धिक खुराक बनेका छन् । कथाकारले संस्कृत भाषाका शब्दहरूको पनि सुहाउँदो प्रयोग गरेका छन् जसले गर्दा कथा आकर्षक बनेको छ ।

### ५.६.२ डट कम

*डट कम* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको विज्ञान कथा रचना हो । डट कम एउटा यस्तो वैज्ञानिक उपलब्धि हो जसभित्र पसेर संसारका यावत कुराहरू बारे जान्ने, बुझ्ने अवसर प्राप्त हुन्छ । कम्प्युटरको डट कम भित्रका परिदृश्य, घटनावलीलाई वर्तमान

विसङ्गत जीवन भोगाइका यथार्थसँग जोडेर प्रस्तुत गरिएको हुँदा कथाको शीर्षक डट कम प्रतीकात्मक रूपमा सफल छ ।

यस कथामा पाश्चात्य जगत्का वैज्ञानिकहरू जस्तै डार्बिन, न्युटन र ग्यालिलियो आदिका सिद्धान्तहरूलाई प्रयोग गर्दै पार्वती, सीता, राम, कृष्ण, राधा आदि हिन्दु धर्मका पौराणिक बिम्बहरूको समेत प्रयोग गरी वर्तमान समयका सूक्ष्मभन्दा सूक्ष्म कुराहरूलाई देखाउने प्रयास कथामा गरिएको छ । कथामा नेपालको सीमा समस्या, बेरोजगारी समस्या, राजनैतिक क्षेत्रमा देखिएको विकृति, विसङ्गति, हत्या, हिंसा, शिक्षा, स्वास्थ्य, सडक, सुरक्षाको बिग्रदो स्थिति, पानीको अभाव, मह`ी, शहिदको मूल्यहीनता, गाँस, बाँस र कपासको निम्ति क्रान्ति गर्नुपर्ने स्थिति, धार्मिक अन्धविश्वास, छल भएको, राजनीति कलहको बीज भएको प्रेममा स्वार्थ मिसिएको नेताहरूको प्रजातन्त्रप्रतिको देखावटी चिन्ता, देश हाँक्ने कर्णधारको नाजुक स्थिति, बोर्डिङ स्कुलमा देखिएको पैसा लिने सुविधा नदिने प्रचलन, देशको अर्थतन्त्र सीमित नेताहरूको हातमा रहेको त्यसैले गरिब निमुखा जनताले आश्वासन मात्र पाएको, गरिबलाई राज्यले केही गर्न नसकेको अझै राज्य धनीपट्टि नै केन्द्रीत रहेको, प्राकृतिक सङ्कट, गीत सङ्गीतप्रतिको लोकप्रियता, गुणस्तरीयताभन्दा विज्ञापनमुखी प्रवृत्ति, फिल्मी दुनियाँमा देखिएको सस्तो लोकप्रियताप्रतिको आकर्षण, वैज्ञानिक उपलब्धिले ल्याएको परिवर्तन, विज्ञानका आविष्कारले साँगुरिदै गएको संसार देशको चौतर्फी विकास गर्ने कुरा कागजे योजनामा मात्र सीमित रहेको यथार्थलाई कथाकारले कथावस्तुका रूपमा कथामा प्रस्तुत गरेका छन् । यसरी प्रजातन्त्रको प्राप्तिपछि देशमा ठूलै परिवर्तन हुन्छ भन्ने जनताको सोंचाइ, विश्वास, प्रजातन्त्र प्राप्तिपछि फेरि टुक्रिएको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ ।

प्रथम पुरुष परिधीय दृष्टिबिन्दुमा लेखिएको यस कथामा पौराणिक पात्रहरू जस्तै : राम, राधा, सीता, कृष्ण आदि वैज्ञानिक पात्रहरू डार्बिन, आइन्स्टाइन, न्युटन, ग्यालिलियो आदि र सर्वसाधारण पात्रहरूमा माइली, अङ्किता, म, हजुरबा, नातिनी, काले, वैरागी कवि आदि आएका छन् र यी सबै आ-आफ्नो भूमिकामा सफल छन् । यसरी कम्प्युटरको डट कम भित्र हामीले संसारभरका सूक्ष्म कुरादेखि लिएर ठूला-ठूला वैज्ञानिक आविष्कारका बारेमा समेत जानकारी लिन सक्छौ भन्ने जानकारी दिने उद्देश्यले लेखिएको यस कथामा वैज्ञानिक परिवेशको प्रयोग गरिएको छ । कथा प्रविधि र संस्कृति दुवैको दोसाँधबाट बगेको हुँदा भाषा सरल, सहज लागेतापनि त्यसले दिने अर्थ गम्भीर किसिमको छ । डिजिटल शैलीको प्रयोग कथामा भएको छ । अन्ततः कथा प्रस्तुत गर्ने कला नवीन किसिमको छ ।

### ५.६.३ फेहरिस्त

*फेहरिस्त* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको कथा रचना हो । फेहरिस्त भन्नाले कुनै विषयवस्तुको क्रमबद्ध नामाङ्कन, सूची तालिका भन्ने हुन्छ । प्रस्तुत कथामा नेपाली समाजमा रहेको शोषण, अन्याय, अत्याचार, गरिबी, अभाव, शैक्षिक बेरोजगारी,

लुटाहा र फटाहाको चलखेललाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको हुँदा फेहरिस्त शीर्षक सार्थक छ । यस कथामा नेपाली समाजमा व्याप्त विकृति, विसङ्गतिको फेहरिस्त प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा हाम्रो समाजमा रहेको वर्गीय असमानतालाई देखाउँदै शोषकवर्गले अर्काकै दाम पसिनाबाट रातारात धनी हुन पुगेको र शोषित वर्गले जतिसुकै श्रम, पसिना बगाएतापनि झन्-झन् कङ्गाल बन्दै गएको यथार्थ, आफू शिक्षित भएर पनि बेरोजगार हुँदा काम र मामको लागि भौतारिनु पर्ने बाध्यता, निम्नवर्गका व्यक्तिहरू आफ्नो लाजसम्म ढाक्न नसक्ने अवस्थामा रहेको यथार्थता, महिलाहरूलाई ललाइफकाइ गरी वेश्यालयमा बेचविखन गर्ने पशुतावृत्ती, खानेकुराको अभावमा आफ्नो कङ्गाल जस्तो शरीर लिएर बाँच्नुपरेको यथार्थता, उपचार गर्न नसकेर अकालमै मृत्युवरण गर्नुपर्ने बाध्यता, स्वार्थी, लुटाहा र फटाहको चलखेललाई कथावस्तुको रूपमा प्रस्तुत गर्दै देशमा बढ्दै गएको अराजकता, मान्छे-मान्छे बीचको दूषित सम्बन्ध, अविश्वास त्रासलाई कथामा देखाइएको छ । साथै कथामा हाम्रो देशका प्राकृतिक सम्पदाको सही सदुपयोग हुन नसकेको प्रति चिन्ता व्यक्त गरिएको छ । यसरी हाम्रो देशको वास्तविक मुहारलाई देखाउनु नै यस कथाको उद्देश्य रहेको देखिन्छ । यस कथाको प्रमुख पात्र म हो सर कथामा आएका आइमाईहरू, केटी आदि गौंण पात्र हुन् । म पात्रले समाजमा आफूले देखेका भोगेका यथार्थलाई जस्ताको तस्तै रूपमा वर्णन गरेको । कथामा मूलतः पिछडिएको ग्रामीण परिवेश स्थानिक परिवेशका रूपमा आएका छन् भने व्यापक परिवेशका रूपमा सामाजिक यथार्थ नै रहेको छ ।

यस कथामा प्रयुक्त भाषा सरल, सहज छ । वर्णनात्मक रूपमा कथा अगाडि बढेको छ । विज्ञानका अणु, परमाणु, अम्ल, क्षारजस्ता शब्दहरूको प्रयोग गरेर कथामा विज्ञान र साहित्यको कुशल संयोजन गरिएको छ । यसरी समाजका विकृति, विसङ्गतिका साथै सामाजिक यथार्थलाई प्रस्तुत गर्न कथाकार सफल देखिएका छन् ।

### ५.६.४ ऋतुकाल

*ऋतुकाल* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको नारी यौन मनोवैज्ञानिक कथा हो । यस कथामा प्रतीकात्मक रूपमा नारीका अचेतनमा रहेका अतृप्त कामवासनालाई देखाइएको छ । ऋतुकाल शीर्षक प्रतीकात्मक छ । अभिधा अर्थमा ऋतुकाल भन्नाले प्राकृतिक अवस्था अनुसार वर्ष भरिको दुई-दुई महिनाका दरले फेरिने समय भन्ने अर्थ लाग्छ तर यहाँ ऋतुकालले गर्भधारण गर्न योग्य उमेर भन्ने अर्थ दिन्छ । यस कथामा पनि संभोग क्रियाका लागि तयार अठार वर्षे केटीको यौन तृप्तिको चाहनालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको हुँदा शीर्षक सार्थक छ ।

यस कथामा यौन मानव आवश्यकता र जैविक आवश्यकता भएकाले उमेर बढ्दै जाँदा त्यसको चाहना हुने र यदि त्यो पूरा हुन नपाएको खण्डमा स्वप्नका माध्यमबाट वा अन्य व्यक्तिको यौनिक क्रियाकलाप हेरेर पनि आफ्नो भोगेच्छा पूरा गर्ने यौन मनोवैज्ञिक यथार्थलाई कथामा

मुख्य कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । यस कथाकी प्रमुख पात्र ऊ का अतृप्त यौनेच्छा स्वप्नका रूपमा प्रकट हुनु, आफ्नै संवेदनशील अङ्ग चलाएर यौन आनन्द प्राप्त गर्न खोज्नु र भर्खर विवाहिता दाजु भाउजुको यौनिक क्रियाकलाप हेरेर आफ्नो यौन चाहनालाई शान्त पार्नु अतृप्त यौनेच्छाको निकास खोज्नु हो । ऊ पात्रले सपनामा लोहोराजस्ता लाम्चा ढुङा देख्नु, सपनामै कट्टु मात्रै लगाएको लोग्नेमान्छे पौडेको देख्नु, सानो प्वाल परेको रातो कट्टु देख्नु, कट्टुभित्र तातो बाफ उठेको अनुभव गर्नु भनेको उसका अतृप्त कामवासना स्वप्न बिम्बका रूपमा आउनु हो, त्यस्तै मुसलप्रति आकर्षण हुनु, कापमा दुवै हात राखेर अचेट्नु भनेको आफ्नो यौनको प्यास मेटाउन प्रयास गर्नु हो । मूलतः यही कथावस्तुलाई कथाकारले प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् ।

तृतीय पुरुष केन्द्रीय दृष्टिबिन्दु प्रयोग गरी संरचित यस कथा मूलतः एउटी अठार वर्षे यौवनको अतृप्त कामवासनालाई देखाइएको हुँदा सीमित पात्रहरू मात्र प्रयोग भएका छन् । यौन मनोविश्लेषणात्मक कथामा आन्तरिक जगत्का इच्छा, चाहना, उहापोह छटपटीलाई प्रस्तुत गरिने हुँदा व्यक्तिको मानसिक जगत् नै परिवेशको रूपमा आएको हुन्छ र बाह्य परिवेश नगन्य रूपमा रहन्छ । यस कथाको भाषा प्रतीकात्मक भएको हुँदा सामान्य पाठकका लागि दुर्वोध्य नै लाग्छन् । यसमा मुसल, लोहोरो जस्तो लाम्चो ढुङ्गा आदि पुरुष लिङको प्रतीकका रूपमा र पहाड, नारी स्तनको प्रतीकका रूपमा आएर कथामा यौन मनोविज्ञानलाई पनि संयमित रूपमा प्रस्तुत गर्न कथाकार सफल भएका छन् ।

### ५.६.५ नायक

*नायक* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको उत्कृष्ट कथा हो । यस कथालाई नायक १, नायक २, नायक ३ गरी तीन खण्डमा विभाजन गरिएको छ । नायक भन्नाले कुनै कार्य गर्न नेतृत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्ति भन्ने बुझिन्छ । सामान्यतया नायकको जीवनले सर्वसाधारण व्यक्तिलाई मार्गदर्शन प्रदान गर्दछ । नायकलाई अगुवा नेता मानिन्छ र यिनीहरूबाट सर्वसाधारण व्यक्तिले सकारात्मक सन्देश लिन्छन् । उनीहरूको जीवन अनुकरणीय मानिन्छ । यस कथामा प्रयोग भएका नायकहरू हाम्रै वास्तविक जीवनबाट लिइएका निकम्बा, लाचार, निरीह व्यक्तिहरू भएकाले शीर्षक र रचनाको बीचमा पूर्णतः विपरित सम्बन्ध देखिन्छ । यसरी यस कथाको शीर्षक नामकरण र विषयवस्तुका बीच व्यतिरेक सम्बन्ध रहेको देखिन्छ ।

यस कथामा मूलतः हाम्रो समाजमा रहेका आम बेरोजगार व्यक्तिहरूको दैनिकीलाई विषयवस्तुका रूपमा लिइएको छ । हाम्रो समाजमा विद्यमान समस्याका रूपमा रहेको बेरोजगारी समस्यालाई प्रमुख रूपमा प्रस्तुत गरिएको छ । यस कथामा मध्यम वर्गीय व्यक्तिहरूको बेरोजगार हुनुपर्दा खेप्नु परेको सास्ती र उनीहरूको कृतिम जीवन भोगाइलाई प्रस्तुत गर्दै आजका मान्छेको एक्लोपनलाई समेत प्रस्तुत गरेका छन् । कथाकारले मूलतः सहरी क्षेत्रमा बेरोजगार हुनुपर्दा

खेप्नुपरेको कष्टलाई कथामा प्रस्तुत गरेका छन् । साथै अस्तित्ववादी जीवनदृष्टि कथामा प्रस्तुत भएको छ ।

यस कथामा प्रयोग भएका अधिकांश पात्रहरू वर्गीय छन् । उनीहरू आर्थिक समस्याले पिरोलिएका छन् । उनीहरू गतिहीन पात्रका रूपमा आएक छन् । यस कथामा सहरीया परिवेशको चित्रण गरिएको छ । व्यापक रूपमा आर्थिक परिवेशलाई प्रस्तुत गरिएको यस कथामा स्थानिक परिवेशका रूपमा असनको गल्ली, रत्नपार्क, बागबजार, धरहरा आदिलाई लिइएको छ ।

### ५.६.६ तेस्रो दृश्य

*तेस्रो दृश्य* कथा हरिहर पौडेलको **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको कथा रचना हो । तेस्रो दृश्य कथामा हाम्रो आँखको प्रत्यक्ष सम्पर्कमा नआएका दृश्यहरूलाई खोतल्ने प्रयास भएको छ । वर्तमान समयमा देखिएका हत्या, हिंसा, डकैति, विकृति, विसङ्गति, आतङ्क आदि भन्दा धेरै पर अदृश्य रूपमा रहेका दर्दनाक विभत्स र गम्भीर दृश्य जुन आम जनताको पहुँचभन्दा माथि छन्, त्यसैलाई कथामा समेटि कथाको शीर्षक तेस्रो दृश्य राखिएको छ जुन सार्थक र औचित्यपूर्ण रहेको छ ।

यस कथामा मूलतः राजनीतिक पार्टीका नेताहरूको भनाइ र गराइमा तालमेल नखाने जुन स्थिति छ अर्थात् सिद्धान्त र व्यवहारमा मेल नखाने तीतो यथार्थ छ त्यसलाई कथाले आफ्नो विषयवस्तु बनाएको छ । आजका नेताहरू लोकप्रियताका लागि मीठा-मीठा भाषण गर्ने तर तद्अनुरूपको व्यवहार नगर्ने जुन परिपाटी छ, त्यसलाई कथामा प्रस्तुत गरिएको छ अर्थात् नेताहरूको द्वैध चरित्रलाई कथामा देखाइएको छ । कथाको प्रमुख पात्र ऊ नारी स्वतन्त्रता, नारी हकहित, बालहित, बाल अधिकार हननजस्ता बारेमा कलात्मक भाषण गर्छ तर उसको आफ्नै घरमा चरम नारीमाथि दमन, अन्याय, अत्याचार र बालअधिकार हननजस्ता अपराध भइरहेको वास्तविकतालाई कथाले आफ्नो विषयवस्तु बनाएको छ ।

कथाको सम्पूर्ण विषयवस्तु ऊ पात्रको केन्द्रीयतामा अडेकाले ऊ कथाको प्रमुख पात्र हो । ऊ एक गतिशील बद्ध, वर्गीय र चुतर रूपमा कथामा देखिएको छ । अन्य पात्रहरू जस्तै म, गीता, ऊ पात्रको श्रीमती आदि सहायक पात्रका रूपमा कथामा आएका छन् । प्रथम पुरुष परिधिय दृष्टिबिन्दु प्रयोग गरेर लेखिएको यस कथाको व्यापक परिवेश राजनीतिक परिवेशलाई लिइएको छ । स्थानिक परिवेशका रूपमा कुनै एउटा सहरको एउटा कोठा आएको छ । यस कथाको प्रमुख उद्देश्य नारी स्वतन्त्रता, बाल अधिकार आदि क्षेत्रमा विशिष्ट योगदान दिनुपर्ने, उनीहरूको अधिकार सुनिश्चित गरिदिनु पर्ने व्यक्तिबाट नै नारी शोषित, पीडित, दमित हुनुपरेको, बाल अधिकार हनन भएको दर्दनाक स्थितिलाई देखाउनु नै हो । आधा आकाश मानिने नारी र भविष्यको कर्णधार भनिने बालबालिकाको कारुणीक, विभत्स, दर्दनाक स्थिति देखाउँदै यसबाट भविष्यमा आइपर्ने खतरातर्फ सङ्केत गर्नु हो ।

यस कथाको भाषा सरल, सहज, बोधगम्य किसिमको छ । अङ्ग्रेजी भाषाका केही शब्दहरू र तद्भव शब्दहरूको भरपूर प्रयोगले कथा संम्प्रेषणीय किसिमको बनेको छ । छोटा-छोटा सरल वाक्यको अधिक प्रयोग कथामा भएको छ ।

**५.६.७ अकूत**

*अकूत* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आयामको कथा रचना हो । अकूतको अभिधा अर्थ प्रशस्त भन्ने भए तापनि यहाँ राजनीतिका साम, दाम, दण्ड, भेद प्रयोग गरी अवैध तरिकाले रातारात प्रशस्त धन-दौलत, मान-प्रतिष्ठा, कमाउने भ्रष्टाचारी, स्वार्थी, विवेकशून्य नेताहरूलाई अकूत मानि कथाको शीर्षक अकूत राखिएको छ ।

नवयुगीन प्रवृत्तिमा आबद्ध यस कथाले मानव जीवनका सङ्कट, जटिलता, निराशा, सन्त्रास र रुढीवादी संस्कारका चपेटामा परेर मृत्युको भयले पीडित मनोदशाको चित्रण गरेको छ । यस्ता विचार वा अनुभूतिलाई व्यक्त गर्न भविष्यवाणी गर्ने ज्योतिषको प्रसङ्ग ल्याइएको छ । भविष्यवाणी गर्ने ज्योतिषका विभिन्न तह र तप्काका मानिसहरू आएका छन् उनीहरू मध्ये ज्ञानप्रसादका पिताले रामप्रसाद र अर्का एक धनी व्यक्तिका पुत्रको ज्योतिषीले मर्ने तिथि, मिति घोषणा गरिदिए । उनीहरू ज्योतिषको भविष्यवाणी पुग्छ भने अन्धविश्वासमा विश्वस्त छन् र परम्परागत विश्वासमा परेर भयभित हुँदै असामान्य मनोदशामा छट्पटाइरहेका छन् र रुढीवादी संस्कारको ज्वालाले सबै सन्त्रासपूर्ण अवस्थामा जलिरहेका छन् । उनीहरू मृत्यु हुने घोषणा हुने व्यक्ति कुन बेला मर्ने हो त्यसको प्रतीक्षा गरिरहेका छन् । आखिरमा रामप्रसाद विनाकारण र अर्को व्यक्ति बाथरुममा चिप्लेर कमोडमा ठोक्किएर मरे । ज्ञानप्रसादका पिताको मृत्युपछि ज्ञानप्रसादले पनि आफ्नो पिताको ज्ञान आफूमा सरेको भन्दै अर्का व्यक्तिको मृत्यु घोषणा गरे जुन पुनः सत्य सावित भयो र अन्धविश्वासले अझ मौलाउने अवसर पायो । यी घोषित समयमा ती व्यक्तिहरूको मृत्यु भएको घटनाले गाउँलेहरूलाई ज्योतिषीको भविष्यवाणी सार्वभौम सत्यजस्तो लाग्न थाल्यो ।

यस कथाले परम्परागत रुढीवादी संस्कारले मान्छेमा विकसित मृत्युको सन्त्रासलाई देखाएको छ । यी मर्ने व्यक्तिहरू ज्योतिषको भविष्यवाणी साँचो हुने विश्वासले आतङ्कित र विरक्त भई  असामान्य मनस्थितिमा पुगेका छन् । यी व्यक्तिहरूको मृत्युले परम्परागत रुढिले मानव जीवनलाई तीव्र पीडा, सन्त्रास, आतङ्क, भय र निराशामा पारेको रहस्योद्घाटन भएको छ । त्यसैले ज्योतिषले भविष्यवाणी गर्ने परम्परागत विश्वासका रूपमा रहेका यस्ता सांस्कृतिक मूल्य मान्यता, आदर्श आदिले वर्तमान जीवनलाई जटिल, सङ्घर्षपूर्ण, सन्त्रासमय निराश बनाएको छ । यस्तो रहस्यमयी खोक्रो आदर्शका पछि लागेर जीवनलाई मृत्युको मुखमा धकेल्नु हुन्न भन्ने निष्कर्षतर्फ कथा लागेको छ । यसरी परम्परागत विश्वासको दुष्परिणमी, स्वरूलाई देखाउँदै त्यसको विरोध गर्दै वैज्ञानिक जीवनमूल्यको स्थापना गर्ने दृष्टिकोण कथाकारले प्रस्तुत गरेका छन् । साथै यस्तो भ्रम हल्ला चटक वा आडम्बरको पछि लागेर आउने शिक्षित भएर पनि विवेकशून्य व्यक्तिहरू नेताहरूलाई कथाकारले अकूत भनेका छन् ।

यस कथामा कथाकारले नवीन विषयका साथै नवीन संरचना र रूप विन्यासलाई अँगालेका छन् । कथामा आएको घटना वा प्रसङ्ग कथानकहीनता, संवादहीनताजस्ता विशेषता देख्न सकिन्छ । सरल, सहज भाषामा लेखिएको अकूत कथाले मान्छेलाई मृत्युको छाँयाले उत्पन्न गर्ने सन्त्रास एवम् सङ्कटलाई देखाउँदै यस्ता भविष्यवाणी कर्ताको भविष्यवाणी मिल्ने परम्परागत जीवनमूल्यको विरोध र नवीन वैज्ञानिक जीवनमूल्यको स्वीकार गर्नेतर्फ प्रेरित गर्न कथा सफल रहेको छ ।

### ५.६.८ शृङ्खलाहीन

*शृङ्खलाहीन* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको कथा रचना हो । यस कथामा पुरातनपन्थी विचारहरू र नवीन विचारका दोसाँधबाट गुज्रिएको आजको मान्छेको विशृङ्खलित जीवनको चित्रण शृङ्खलाहीन कथामा गरिएको छ । यसरी यस कथामा मानवजीवनलाई शृङ्खलित रूपमा प्रस्तुत नगरी कतै टुक्रिएको, चोइटिएको देखाएर जीवनका आरोह-अवरोह, विकृति, विसङ्गतिलाई विशृङ्खलित रूपमा नियाल्ने प्रयास कथामा गरिएकोले शृङ्खलाहीन शीर्षक औचित्यपूर्ण छ ।

यस कथाको मूल कथावस्तु भनेको दुई पुस्ता बीचको जीवनलाई हेर्ने दृष्टिकोण नै हो । कथामा हामीले बाँचेको जिन्दगी धार्मिक अन्धविश्वास रुढीवादी संस्कार आदि भ्रम नै भ्रममा बाँचेकोले निरीह, जटिल दुरुह भएको यथार्थलाई प्रस्तुत गरिएको छ । आजका मान्छेले ठूलै वैज्ञानिक उपलब्धि गरेतापनि ऊ कताकता पुरातन विचार, संस्कारमा रुमलिएको छ । आजको मान्छे न यताको न उताको स्थितिमा छ । आजको मान्छेले पुरातन विचारलाई पूर्णतः त्याग्न र नवीन विचार मान्यतालाई पूर्णतः अँगाल्न सक्ने स्थिति नभएको कुरा कथामा व्यक्त गरिएको छ । जसका कारण मानव जीवन जटिलतातर्फ उन्मुख भएको छ । कथाकारले कथामा वर्तमान समाजका विसङ्गतिहरू जस्तै धनी र गरिब बीचको खाडल, धनीहरूले गरिब निमुखा वर्गमाथि गरेको शोषण, राजनीतिक खिचातानी, सामाजिक चालचलनका कारण अविवाहित आमाका सन्तानले भोग्नुपर्ने घृणाको सङ्केत, नारी अस्मिता असुरक्षित बन्दै गएको यथार्थता, नारीलाई मनोरञ्जनको साधनका रूपमा मात्र लिने पुरुषप्रधान सोंच, नैराश्यता, पलायनता, वासनात्मक प्रेम, न्यायका हिमायतीमाथि नै हुने गरेको दुर्व्यवहार, हत्या, अपहरण, लुटपाट, बलात्कार आदिलाई कथामा प्रस्तुत गरिएको छ । यसरी कथाकार स्वयम् विज्ञानका विद्वान् भएको हुँदा उनले हामीले गर्ने संस्कार, चालचलन, रितीरिवाज एउटा भ्रम हो जसले हाम्रो जीवनलाई विशृङ्खलित बनाएको छ भनेका छन् ।

शृङ्खलाहीन नवीनतम् विचार र पुरातन विचार दुवैको अन्तर्मिश्रणबाट अगाडि बढेको कथा भएको हुँदा कथामा पौराणिक, वैज्ञानिक र सर्वसाधारण सबै पात्रलाई प्रयोग गरी लेखिएको उत्कृष्ट कथा हो । यस कथा विनोदबाबु, कथाकार, निलआर्मस्ट्रङ्ग, द्रोणाचार्य, शकुनी आदि पात्रहरू प्रयोग भएका छन् । प्रथम पुरुष परिधीय दृष्टिबिन्दुलाई प्रयोग गरी लेखिएको यस कथाको परिवेश वर्तमान समयको स्वाभाविक परिवेश हो । यसरी दुई पुस्ता अर्थात् पुरातन सोंच र

नवीनतम् विचारले गाँजिएको वर्तमान मान्छेको विसङ्गत मनस्थितिलाई देखाउँदै मानव जीवनको विशृङ्खलतालाई देखाउने उद्देश्यले लेखिएको यस कथाको भाषा पनि दुरुह प्रकारको नै छ । निलआर्मस्ट्रङ्ग, पाइथागोरस, आर्किमिडिज, नार्सिससजस्ता वैज्ञानिकहरू र द्रोणाचार्य, शकुनी, युधिष्ठिरजस्ता पौराणिक पात्रहरूको एकैसाथ प्रयोगले कथामा जटिलता उत्पन्न भएको छ । संस्कृत शब्दका प्रयोग उनका कथामा प्रशस्त मात्रामा प्रयोग हुनाका साथै अङ्ग्रेजी भाषाको पनि भरपुर मात्रामा प्रयोग भएको पाइन्छ ।

### ५.६.९ यात्रान्त

*यात्रान्त* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित एक्काइस कथाहरू मध्ये नवौं क्रममा सङ्ग्रहित मझौला आकारको कथा रचना मानिन्छ । यात्रान्त कथामा जीवनलाई अनन्त यात्रा मानिएको छ । अनादि कालदेखि मान्छेले यो यात्रा गरिरहेको छ । अनन्त यात्राका क्रममा आइपर्ने हाँसो, खुसी, सुख, दुःख, लोभ इर्ष्या, माया, प्रेम, मोह, घात-प्रतिघात, अनिश्चितता, षड्यन्त्र, भ्रान्ति, पुरातनवादी सोंच, एकाकीयना, चम्चागिरी, द्विविधाग्रस्त मनस्थिति, सङ्घर्ष, उतार-चढाव, प्रतिस्पर्धा, अस्तित्वको खोजी, बेरोजगारी, विसङ्गति, विश्रृङ्खलता, नियतिलाई कथामा प्रस्तुत गरिएको छ । जीवनरूपी यात्रा कतिले पूरा गरिसकेको र कतिले भर्खर प्रारम्भ गरेको कुरालाई प्रस्तुत गरिएको छ । प्रेम, घात-प्रतिघात, सुख, दुःख, मोह, माया जीवनरूपी यात्राका विविध रूप भएका र यस्ता विविध एकाइहरू पार गरेर मान्छेले आफ्नो यात्रा पूरा गर्ने यथार्थलाई प्रस्तुत गरिएको छ । यात्राका क्रममा मान्छेले दिन बिताउने, रात कटाउने, सबै देख्ने, भोग्ने गरेतापनि जीवन नटुंिने यो चलिरहने र कहाँ पुग्ने, कहाँ टुंिने थाहा नहुने भन्दै कथाकारले जीवनलाई सडकसँग समीकरण गरेका छन् । प्रस्तुत कथामा पात्रको न्यूनता रहेको पाइन्छ । यस कथाले विश्व रंमञ्चलाई आफ्नो परिवेश बनाएको छ भने कथामा आन्तरिक द्वन्द्वलाई समेत सचेत रूपमा प्रस्तुत गरिएको छ । शीर्षक यात्रान्त भएतापनि कथामा जीवनलाई अन्त नहुने यात्रा मानिएको हुँदा शीर्षक विरोधाभाषपूर्ण छ । यस कथाको मुख्य उद्देश्य मान्छेको जीवनमा जस्तासुकै परिस्थिति, उतार-चढाव आएतापनि यी सबैलाई नियति मानि आफ्नो यात्रालाई अगाडि बढाउनु पर्छ भन्ने सन्देश दिइएको छ । कथामा सरल, सरस, सहज भाषाको प्रयोग हुनुका साथै वर्णनात्मक शैलीमा कथालाई प्रस्तुत गरिएको छ ।

### ५.६.१० आत्महत्याको प्रश्न

*आत्महत्याको प्रश्न* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको कथा रचना हो । यस कथामा जब मान्छे जीवनबाट हतास, उदास, निराश हुन्छ, प्रेममा असफलता हात लाग्छ, कुनै उपलब्धिमूलक कार्य गर्न असक्षम हुन्छ तब उसले आफ्नो सम्पूर्ण जीवनलाई असफल, निरर्थक ठानी जीवनलीला नै समाप्त पार्ने धुनमा लाग्छ । उसमा विभिन्न किसिमका

विसङ्गत विचारहरूले डेरा जमाउँछ भन्ने कुरालाई ऊ पात्रका माध्यमबाट देखाइएको छ । ऊ पात्रमा पनि बेचैनी बढेको छ उसले जीवनका सबै आशतित ढोकाहरू बन्द भएको महसुस गरी आत्महत्या गर्ने सोंचमा पुगेको छ र आत्महत्याको प्रयास पनि जीवन जस्तै असफल हुने डरले कुन प्रविधिले आत्महत्या गर्दा उपयुक्त होला भनि निर्णय गर्न नसक्दा आत्महत्या उसका लागि एउटा जटिल प्रश्न बनेको छ । यसरी यसको शीर्षक अभिधात्मक रूपमा सफल छ ।

यस कथामा कथाकारले मूलतः आजका युवापिढिका विसङ्गत मनस्थितिलाई चिरफार गर्ने प्रयास गरेका छन् । यस कथामा कथाकारले विसङ्गतिवादी जीवन दर्शन प्रस्तुत गरेका छन् । विसङ्गतिवादी जीवन दर्शनका आधारमा जीवनका शून्यता निस्सारतालाई देखाउने प्रयास कथामा गरिएको छ । कथामा ऊ पात्र जीवनलाई निस्सार, निरर्थक शून्य, मूल्यहीन त्रासद ठानी जीवनदेखि बेचैन हुँदै जीवनलाई नै मेटाइदिउँ भन्ने इच्छा लिएर अगाडि बढ्छ जुन विसङ्गतिकै उत्कृष्ट नमुना हो । मानिसले आफ्नो स्वतन्त्रता र अस्तित्वका लागि अगाडि बढ्नु पर्छ तर कथाको प्रमुख पात्र ऊ जीवनलाई माया गर्न छोडेर जन्मदै उपहारका रूपमा पाएको मृत्युलाई माया गर्न खोजेको छ । उसले जीवनलाई पलायनको बाटो हिडाउँदै बारम्बार मृत्युको बारेमा मात्र सोचेको छ । यसरी कथामा जब मान्छेम पीडा, अपमान बोध हुन्छ, प्रेम सम्पर्क चुडिन पुग्छ, आफ्ना आफन्तको साथ छुट्छ, जीवन सोचेभन्दा भिन्न तरिकाले अगाडि बढ्छ तब मान्छेका मस्तिष्कमा विभिन्न नकारात्मक विचारहरूले डेरा जमाउँछन् भन्ने मनोवैज्ञानिक यथार्थलाई कथाले आफ्नो विषयवस्तु बनाएको छ । यसरी कथामा मानसिकतालाई प्रधानता दिंदै घटनाक्रमको झीनो सूत्र अघि बढेको छ ।

कथाको प्रमुख पात्र ऊ हो । ऊ पात्रको केन्द्रीयतामा कथाको सम्पूर्ण घटनाक्रम अगाडि बढेको छ । ऊ एक मृत्युमुखी प्रवृत्ति भएको पात्र हो जसले गर्दा उसले केवल मृत्युको बारेमा मात्र सोच्न पुगेको छ । उसमा अहम् प्रवृत्ति पनि देख्न सकन्छ जसले गर्दा उसले आफ्नो मृत्युमा अरुले व्यङ्ग्य गर्न नपाउन् र उसको मृत्यु एउटा आदर्श मृत्यु होस् भन्ने चाहेको छ । यसरी ऊ पात्रको मानसिक धरातललाई परिवेश बनाएर लेखिएको यस कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

कथाको भाषा सरल, सहज, बोधगम्य भएतापनि कथाको संरचनामा भने केही नवीनता देख्न सकिन्छ । यसरी  मनोविश्लेषणात्मक शैलीमा लेखिएको यस कथामा अङ्ग्रेजी भाषाका आगन्तुक शब्दका साथै संस्कृतबाट आएका शब्दहरूको पनि भरपुर प्रयोग गरिएको छ ।

### ५.६.११ फिर्ता

*फिर्ता* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको कथा रचना हो । यस कथाको प्रमुख पात्र म आकाङ्क्षारहित र निर्णयशून्य बनेर उद्देश्यविहीन यात्रामा हराएर धेरै वर्षपछि पुनः गृह प्रवेश गरेको छ । उसलाई पैसाले सङ्कुचित बन्दै गएको आफन्तहरूको व्यवहार देखेर दुःख लागेको छ । दाजुभाइ बीच हुनुपर्ने मायाममता, प्रेम, स्नेह र हार्दिकतालाई घर, व्यापार

र पैसासँग साटेको देख्दा ऊ रनभुल्लमा परेको छ । ऊ घर फिर्ता आएर कुनै पनि निर्णायक गन्तव्य प्राप्त नगर्दै अन्योलमा कथाको अन्त्य भएको छ । यसरी उसको पुनः घर आगमनलाई सङ्केत गर्दै कथाको शीर्षक फिर्ता राखिएकोले कथाको शीर्षक सार्थक र औचित्यपूर्ण रहेको छ ।

यस कथाको कथावस्तु मूलतः पन्ध्र वर्षअघि घर छोडेर गएको भाइ पुनः आफ्नो घर र आफन्तलाई सम्झेर फिर्ता आउँदा दाजुभाइ र उनीहरूका छोराछोरीले देखाएको कटुतापूर्ण व्यवहार देखेर ऊ भित्र पलाएका विचार र अनुभूतिलाई बनाइएको छ । यस कथामा रुपैयाँ पैसाप्रतिको मोहमा साँघुरिदै गएको संसारमा भावनात्मक वस्तुको अवमूल्यन भएको र नातामा दाजुभाइ बीच पनि पैसाले दुरी उत्पन्न भएको महसुस ऊ पात्रले गरेको छ र उसका यिनै विचार भावनाले कथामा मूर्त रूप प्राप्त गरेको छ । आफ्ना आफन्त सम्झेर पन्ध्र वर्षपछि घर आएको भाइलाई दाजुहरूले जस्तो माया, ममता र स्नेहपूर्ण व्यवहार गर्नु पर्ने हो त्यो गर्न नसकेको देखाएर कथाको अन्त्य भएको छ ।

यस कथामा प्रमुख पात्रको रूपमा म आएको छ । म पात्रका दाजुभाउजु र उनीहरूका छोराछोरी गौंण पात्रका रूपमा आएका छन् । कथाको प्रमुख पात्र म गतिहीन, मञ्चीय, व्यक्तिगत पात्रका रूपमा आएको छ । कथा प्रारम्भदेखि अन्त्यसम्म म पात्रमा केन्द्रीत छ । प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको यस कथाले पिछडिएको ग्रामीण क्षेत्रलाई आफ्नो कार्यथलो बनाएको छ । फिर्ता कथाको उद्देश्य पैसाले मानिसमाथि आधिपत्य जमाउँदै गएको र मानिस पैसाको दास बन्दै गएको देखाउँदै आफन्त बीच हुनुपर्ने अपनत्व, माया, प्रेम, स्नेह ओभ्फेलमा परेको देखाउन रहेको छ ।

प्रस्तुत कथाको भाषाशैली स्वाभाविक र बोलिचालीमा प्रयोग हुने स्तरको छ । केही अङ्ग्रेजी र संस्कृत भाषाको प्रयोगले कथा रोचक र प्रभावकारी बनेको छ । छोटा र सरल वाक्यहरूको प्रयोगले कथामा मिठास थपेको छ । सोझो भाषाका माध्यमबाट नै पैसामुखी बन्दै गएको आजको विसङ्गत समाजको चित्रण गर्न सक्ने खुबी लेखकमा पाइन्छ ।

### ५.६.१२ सुनसान बस्तीका विध्वस्त सपना

*सुनसान बस्तीका विध्वस्त सपना* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको उत्कृष्ट कथा रचना हो । यस कथामा सामान्य विषयलाई टिपेर राष्ट्रकै विकृति, विसङ्गतिमाथि सूक्ष्म अवलोकन गरिएको छ । सुनसान बस्तीका विध्वस्त सपना कथाले २०५१ सालदेखि वर्तमानसम्म सरकार र माओवादी (विद्रोही) बीचमा राजनीतिक विषयलाई लिएर भएको हत्या, हिंसा, आतङ्क, युद्ध, द्वन्द्व आदिलाई कथा लेखनको आधार बनाएको स्पष्ट हुन्छ । यस कथामा प्रमुख पात्र ऊ का माध्यमबाट सरकार र माओवादी द्वन्द्वका समयमा सोझासाझा निरीह जनताको स्वतन्त्रता, अधिकार अस्तित्वसमेत ओझेलमा परेको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । द्वन्द्वकालीन समयमा जनताको बाँच्ने अधिकार, बोल्ने अधिकार सबै हनन भएको छ र उनीहरूको कुरा सुन्न दुवै पक्ष असक्षम छ । जसले गर्दा दिनानुदिन गाउँमा डर, त्रास, फिजिएको

छ । मानिसहरूको आफ्नो गाउँमा आफ्नो परिवारसँग दुःख, सुख बाँडेर सँगै रमाउने इच्छामाथि तुषारापात भएको छ र उनीहरू गाउँलाई शून्य बनाएर गाउँ छोड्न बाध्य छन् त्यसैले कथाको शीर्षक सुनसा बस्तीका विध्वस्त सपना राखिएको छ । यस कथामा राजनैतिक क्षेत्रका अस्तव्यस्तता र अराजक स्थितिलाई पनि देखाइएको छ ।

कथामा ऊ लगायतका कयौं पात्रहरू क्रान्तिको वास्तविक मर्म नबुझिकन पनि डर, त्रास र धम्कीका भरमा युद्धमा होमिनु पर्ने बाध्यात्मक स्थितिको चित्रण कथामा गरिएको छ । कथामा सरकार र विद्रोही पक्षको आ-आफ्नै डम्फू बजाउने प्रवृत्तिले हत्या, हिंसा, शोषणको ताण्डवनृत्य बढेपछि सर्वसाधारण आफ्नो थलोलाई छोड्न बाध्य भएर यथार्थ घटनालाई कथामा प्रस्तुत गरिएको छ । द्वन्द्वका समयमा सामान्य जनताले पाएको दुःख, कष्ट सास्तिलाई कथामा देखाइएको छ । यस कथामा मूलतः मानवता, शान्ति, विश्वबन्धुता, हार्दिकता हराउँदै गएको, देश झन्-झन् युद्धको खाडलमा फस्दै गएको, युद्धले देशका शिक्षा, स्वास्थ्य, सडक, सञ्चार आदि अत्यावश्यक कुराहरू क्षतविक्षत भएको यथार्थलाई देखाउँदै कुनै पनि समस्याको समाधान युद्धले नभई शान्तिपूर्वक गरिएको वार्ताबाट हुन्छ भनि देखाउनु र युद्धले केवल विनास हुने यथार्थलाई देखाउँदै शान्तिको सन्देश प्रक्षेपण गर्नु यस कथाको प्रमुख उद्देश्य हो ।

वि.सं. २०५१ बाट सुरु भएको सरकार माओवादी बीचको सशस्त्र द्वन्द्वग्रस्त अवस्थाको चित्रण गरिएको यस कथाले पहाडीया ग्रामीण परिवेशलाई आफ्नो कार्यथलो बनाएको छ । प्रथमपुरुष परिधीय दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको यस कथाको भाषाशैली सरल, सहज, बोधगम्य नै छ । यसको भाषा प्रायः सरल छ । अधिकांश वाक्य विन्यास छोटा, छरिता र सरल वाक्य गठनद्वारा भरिएको छ । अर्काथरीले थाहा पाएर आक्रमण गर्ला भन्ने डरले प्रत्येक दिन नयाँ ठाउँ सरेर बस्नु पर्ने बाध्यताजस्ता वाक्यमा क्रियापदको अभाव देखिन्छ अर्थात् क्रियापदहीन वाक्य प्रयोग भएका छन् ।

### ५.६.१३ गिद्ध

*गिद्ध* कथाको शीर्षक चयनमा प्रतीकात्मकता अँगालिएको छ । प्रस्तुत कथाले गिद्धको आतङ्कलाई देखाएर बर्बरतायुक्त वर्तमान विसङ्गतिको सजीव चित्रण गरेको छ । अभिधात्मक रूपमा गिद्धले मानव बस्तीमामा मच्चाएको आतङ्क प्रस्तुत गरेको यस कथाले प्रतीकात्मक रूपमा अरुलाई पीडा दिने परपीडक मानवीय प्रवृत्ति तथा मानवतामाथि भएको पाशविकताको अतिक्रमणलाई सङ्केत गरेको छ । घटना, प्रसङ्ग र पात्रलाई सामाजिक विसङ्गतिसँग साट्दै प्रस्तुत कथाको शीर्षक गिद्ध राखिएको छ ।

निकै कौतुहलता पाइने यो कथाको कथावस्तु नवीन किसिमको छ । गिद्धले मानव बस्तीमा आएर आतङ्क मच्चाउने क्रममा खेतीबाली नष्ट गर्ने, वृद्ध, बालक, युवा केही नभनि हत्या गर्ने, जनावरहरू मार्नेजस्ता क्रियाकलाप गरेके छ । अत्यन्त असह्य भएपछि गिद्धलाई धपाउन सफल गाउँलेले शान्तिको लामो सास फेर्न नपाउँदै रूप र· बदलिएको उस्तै गिद्धको उपस्थितिले कथा

बर्बर र दुःखलाग्दो बनेको छ । यहाँ कथाकारले हाम्रा नेताहरूले आफ्नो पार्टी बदली-बदली आफू सधैँ सत्तामा टिकिरहने यथार्थलाई पनि सङ्केत गरिएको छ । प्रस्तुत कथा कथापरम्पराभन्दा भिन्न नवीन शैलीशिल्पमा संरचित छ । यस कथामा प्रमुख पात्र मानव नभएर मानवेत्तर प्राणी गिद्ध छ । गिद्ध संहार गर्ने हत्या हिंसाको प्रतीकको रूपमा आएको छ । छाडा नकच्चरो बन्ने आजको मान्छेको प्रतीकको रूपमा कथाकारले कथामा प्रवेश गराएका छन्, जसका आतङ्क कथाभरि व्याप्त छ ।

प्रस्तुत कथामा आजको मान्छे निकै बर्बर र हिंस्रक बन्दै गएको यथार्थ प्रस्तुत गरिएको छ । आजको मान्छे आफ्नो सानो स्वार्थका लागि अर्को मान्छेमाथि हाकाहाकी निःसङ्कोच हमला गर्छ । मानवतावादीहरू भने निरीह बनेर अन्याय र अत्यचार सहन बाध्य छन् । अन्ततः हिम्मत बटुलेर त्यसको प्रतिकार गर्न सक्षम भएतापनि पुनः त्यहि मान्छे रूप मात्र फेरेर गाउँलेहरू माथि अत्याचार र निरङ्कुशता लाद्ने सङ्केतलाई प्रतीकात्मक र व्यङ्ग्यात्मक रूपमा व्यक्त गर्न कथाकार सफल भएका छन् ।

स्थानिक परिवेशलाई खासै महत्त्व नदिएको यस कथामा मान्छेले मान्छेमाथि गरेको हिंस्रक, पाशविक व्यवहार, सामान्य जनजीवनमा व्याप्त भय र सन्त्रासलाई प्रस्तुत कथाले प्रतीकात्मक रूपमा आफ्नो परिवेश बनाएको प्रस्तुत कथाको भाषा निकै सरल, सहज र बोधगम्य छ ।

### ५.६.१४ खिया

*खिया* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको कथा रचना हो । खिया शीर्षक प्रतीकात्मक छ । खिया शब्दको अभिधात्मक अर्थ धातुमा लाग्ने कस भन्ने भएतापनि यहाँ खिया शब्दले काम गर्न असक्षम, शक्तिहीन भन्ने अर्थ दिएको छ । यस कथाको प्रमुख पात्र रामप्रसाद भिनाजु सत्तामा हुँदासम्म शक्तिशाली भएको र भिनाजु सत्ताच्यूत भई जेलचलान हुँदा ऊ पनि केही गर्न नसक्ने अपा· जातै असक्षम भएको हुँदा उसको परिवर्तित अवस्थालाई खियासँग तुलना गरी कथाको शीर्षक खिया राखिएको छ जुन सार्थक र औचित्यपूर्ण रहेको छ ।

खिया कथामा राजनैतिक क्षेत्रमा देखिएको विकृति विसङ्गतिलाई कथाको मूल विषयवस्तु बनाइएको छ । कथामा नैतिकवान, इमान्दार व्यक्तिलाई पछाडि पार्दै अवसरवादी नेताहरू हावी हुँदै गएको यथार्थलाई प्रस्तुत गरिएको छ । नेपाली राजनैतिक र·मञ्चमा देखिएका अनेकौं विकृतिहरूको चित्रण कथामा प्रस्तुत गरिएको छ । राजनैतिक अस्थिरताका कारण विगत डेढदशक यता नेपाली समाज कुहिरोको कागझैँ दिशाहीन बनेको यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ । अहिलेका नेताहरू विवेकशून्य भएर पनि शक्तिका भरमा उच्चपदमा पुगेको तर त्यसको सही सदुपयोग गर्न नसकि उनीहरूको राजनैतिक जीवन दुर्घटित भएको देखाउँदै आजका नाम मात्रका नेताहरूलाई सचेत बनाउने प्रयास कथामा गरिएको छ । साथै अरुको शक्तिको आडमा आफूलाई शक्तिशाली भएको महसुस गर्नु भनेको तासको महल बनाउने सपना देख्नु जस्तै हो, जुन वास्तविक जीवनमा पूर्ण हुन सक्दैन । अरुको पतनसँगसँगै आफू पनि स्वतः निकम्बा, बकम्फुसे

भइने हुँदा अरुको आडमा नभएर आफ्नो छुट्टै पहिचान बनाउनु पर्ने सन्देश कथाले दिएको छ । सामान्य नेता त भए भए बाह्र-बाह्र वर्षसम्म भूमिगत रही देशमा परिवर्तन ल्याउन सङ्घर्ष गर्ने पार्टीका नेताहरूसमेत सत्तामा पुगेपछि आफ्नो सानो स्वार्थका लागि पतित र नीच कार्य गर्न पछि नपरेको यथार्थलाई पनि कथामा प्रस्तुत गर्नु लेखकको उद्देश्य रहेको देखिन्छ ।

यस कथाको प्रमुख पात्र रामप्रसाद हो । रामनाथ भिनाजु आदि गौंण पात्रका रूपमा आएका छन् । राजनैतिक परिवेशलाई आधार लिएर तयार गरिएको यस कथामा राजनैतिक विकृति, विसङ्गतिलाई देखाइएको छ । यस कथामा प्रयुक्त भाषा सरल, सहज भएतापनि अर्थमा भने गम्भीरता रहेको देखिन्छ । यस कथामा पौराणिक प्रतीकको पनि सफल प्रयोग देखिन्छ । जस्तै : दुर्वासाको बञ्चरो, भीमको गदा, हरिशचन्द्रको भाषण आदि ।

### ५.६.१५ शब्द

*शब्द* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये पन्ध्रौं क्रममा सङ्कलित मझौला आकारको कथा रचना हो । यस कथाको विषयवस्तु ज्यादै झिनो र नवीन प्रकृतिको छ । शब्दलाई शब्दब्रह्म भनिने शब्दबाट नै मान्छेले आफ्ना भावनाको आदान प्रदान गर्ने हुँदा कथाको शीर्षक शब्द सान्दर्भिक छ । शब्द भन्नु ज्ञानको प्रतीक हो, जुन अविनाशी छ । संसारमा सबै प्राणीमध्ये उत्कृष्ठ रचना मान्छेले मात्रै शब्दका माध्यमबाट आफ्ना विचार, खुशी, परिस्थिति, हर्ष, विस्मात, चिन्ता अरूलाई अभिव्यक्त गर्न सक्छ । शब्दका माध्यमबाट नै राष्ट्रिय भावनाको अभिव्यक्ति हुन्छ । यस्तो महत्वपूर्ण मानिने शब्दहरू वर्तमान परिस्थितिमा घटना, परिघटनाको वर्णनमा खर्चिएइको छ, शब्दको व्यापकता दिनदिनै साँगुरिदै गएको छ । शब्दहरू गतिशील हुन्छन् र पानीझैं बग्छन् यस्ता शब्दको जन्मदाता को हाला भन्ने भाव कथामा कथाकारले प्रस्तुत गरेका छन्, साथै यस कथामा शब्दको महत्व र उपयोगितालाई पनि दर्शाइएको छ ।

कथामा ऊ प्रमुख पात्रका रूपमा र उसकी पत्नी, पिता, आमा, छोराछोरी, पाहुना गौंण पात्रका रूपमा आएका छन् । यस कथामा प्रयुक्त सबै पात्रहरूमा अकर्मण्यता, गतिहीनता देखिन्छ । कथामा पात्रको भूमिका न्युन र कथाकारको विचारको पोखाइ अधिक देखिन्छ । यस कथामा आलङ्करिक भाषाको प्रयोग पनि देखिन्छ । जस्तै :

क. महङ्गी बाँसझैं बढिरहेछ ।

ख. सडकभरि समय लम्पसार परेर शब्दको बाटो छेकिरहन्छ ।

ग. प्राकृतिक सत्यले पेटभित्र कराउँदैछ ।

प्रस्तुत कथामा कथाकारले हामीले शब्दका माध्यमबाट नेपाली समाजका विकृति, विसङ्गति, घात-प्रतिघात, द्वन्द्वलाई कलात्मकताका साथ प्रस्तुत गर्न सकिन्छ भन्दै शब्दको महत्व र गरिमालाई दर्शाएका छन् ।

### ५.६.१६ सहिद र सत्ता

*सहिद र सत्ता* शीर्षकको कथामा सहिदको सपना, साटफेर, सहिद र सत्ता, घुस, प्रमोसन, सस्तो मन्त्रीको सपना लगायतका सातवटा लघुकथा (उपकथा) समेटिएका छन् । सहिदको सपनामा राजनीति पार्टीका नेताको चतुऱ्याइलाई देखाइएको छ । साटफेरमा सहिद परिवारले पाउनु पर्ने सेवा सुविधा विभिन्न वाहना बनाएर आफ्नो लागि प्रयोग गर्ने नेताहरूको प्रवृत्तिलाई देखाइएको छ । सहिद  सत्तामा देशका निम्ति ज्यान दिने सहिदलाई भन्दा सत्तालाई बढी महत्व दिई सहिदको उपहास गरिएको छ । घुसमा आजका नेताहरूको घुस्याहा प्रवृत्ति र इमान्दार नैतिकवान व्यक्तिले मृत्यु पर्यन्तसम्म यस्ता विकृतिलाई हटाउन गरेको प्रयासलाइए देखाइएको छ । साथै नेताहरूको वास्तविक रूप र उनीहरूले इमान्दार नैतिकवान व्यक्तिलाई हेर्ने दृष्टिकोणलाई कथामा प्रस्तुत गरिएको छ । प्रमोसनमा जतिसुकै नैतिकवान, इमान्दार, कर्तव्यनिष्ठ व्यक्ति पनि सत्तामा पुगेपछि नैतिकता, इमान्दारितालाई पैसासँग साटिदिने प्रवृत्तिलाई देखाउँदै राजनीतिमा यस्तै व्यक्तिलाई हौसला स्वरूप प्रमोसन दिने आजको राजनीतिक क्षेत्रमा देखिएको यथार्थलाई देखाइएको छ । यस कथामा देशका लागि आफ्नो अमूल्य जीवन आहुति दिनेको कुनै मूल्य नभएको र बाँचुञ्जेल तिरस्कार र मरेपछि नमस्कार गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । सहिदको सपना कथामा राजनीति पार्टीका नेताले देशमा चौतर्फी विकास, शान्ति सुरक्षा, अमनचयन कायम होस् भन्ने हेतुले आफ्नो राष्ट्रका खातिर जीवन अर्पण गर्नेको सपना साकार पार्नुलाई आफ्नो दायित्व नठानेर आफ्नो परिवारको सपनालाई महत्व दिने प्रवृत्तिप्रति व्यङ्ग्य छ ।

राजनैतिक परिवेशलाई आधार मानेर लेखिएको यस कथामा मूलतः वर्तमान राजनैतिक पार्टीका नेताहरूको स्वार्थी, विवेकशून्य, व्यवहारप्रति व्यङ्ग्य प्रहार गरिएको छ । देश र जनताको खातिर आफ्नो ज्यू-ज्यान अर्पण गर्ने सहिद र सहिद परिवारप्रति सहानुभूति प्रकट गरिएको छ । समग्रमा राजनैतिक क्षेत्रमा देखिएका विकृति, विसङ्गतिको सजीव चित्रण कथामा देख्न सकिन्छ ।

### ५.६.१७ ढु·ाको सहर

*ढु·ाको सहर* कथाको शीर्षक प्रतीकात्मक छ । प्रस्तुत कथाले मानवता, संवेदनशीलता, आत्मीयता, हराउँदै गएको मानवको स्वार्थी कुटील, विवेकशून्य व्यवहारलाई देखाएर विकृति र विसङ्गतिले युक्त वर्तमान सहरीया समाजको सजीव चित्रण गरिएको छ । अभिधात्मक रूपमा चट्टानको सहर भन्ने अर्थ प्रक्षेपण गरे तापनि प्रतीकात्मक रूपमा सहरी क्षेत्रमा बसोबास गर्ने कठोर हृदयहीन, स्वार्थी, संवेदनाहीन मान्छेलाई ढु·ाजस्तै ठानी कथाको शीर्षक ढु·ाको सहर राखिएको छ ।

प्रस्तुत कथाको कथावस्तु नवीन किसिमको छ । जसमा मान्छेका व्यवहारलाई ढु·ासँग तुलना गरिएको छ । मान्छे-मान्छे बीच देखिएको विश्वासको सङ्कट, पुरुषले नारीमाथि गरेको यौन शोषण, धनीहरूले गरिबको अस्तित्वको उपेक्षा गरी उपहास गर्ने स्थिति, हराउँदै गएको हार्दिकता, आत्मीयता, संवेदनशीलता, सहानुभूति, मानिसको स्वार्थी कठोर व्यवहार, मान्छे-मान्छे

बीचको द्वन्द्वलाई कथाले आफ्नो कथावस्तु बनाएको छ । ढुङ्गाको सहर कथामा सजीव र निर्जीव दुवै किसिमका पात्रको प्रयोग छ । ढुङ्गालाई पनि मानवको प्रतीक बनाएर प्रयोग गरिएको छ जसमा प्रशस्त नवीनता देख्न पाइन्छ । यस कथामा तीन ठाउँमा छोटा-छोटा संवाद प्रयोग भएका छन् । कथामा प्रयोग भएका संवादको भाषा कठोर किसिमको छ ।

सहरिया परिवेशलाई प्रयोग गरिएको प्रस्तुत कथामा मान्छेको हिंस्रक पाशविक व्यवहारलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत कथाको भाषा सरल, सहज भएतापनि त्यसबाट निस्कने अर्थ जटिल किसिमको छ ।

### ५.६.१८ प्रतीक्षा

*प्रतीक्षा* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आयामको कथा रचना हो । यस कथामा एउटा नेता ठीक समयमा नआउँदा त्यसको मारमा परेर पुषको जाडोमा आफ्नो गन्तव्यसम्म पुग्न नसकेका विभिन्न क्षेत्र, पेशा, वर्गका मानिसले भोग्नु परेको सास्तीलाई कथामा देखाइएको छ । नेताको आगमनलाई मध्यनजर राखेर सरकारले ट्राफिक जाम गरेको छ, साँझसम्म नेता आएका छैनन्, जनताहरू भने कुनै चोकमा बसेर नेताको आगमनको प्रतीक्षा गरिरहेका छन् साथै आ-आफ्नो समस्या कसरी समाधान हुन्छ भनि गम्भीर बनेका छन् । मान्छेहरूको भीडमा पनि मान्छे एक्लो छ, उसलाई उसका समस्याले पिरोलेको छ, उसभित्र कसरी आफ्ना व्यापार, पेशालाई अग्रगति दिने भन्ने भुटभुटि छ । अर्कातिर कथामा नेपालमा सबैभन्दा जटिल समस्या बन्न पुगेको विद्युत, पानीको अभाव र त्यसको अभावमा अँध्यारो जीवन बाँच्न विवश सर्वसाधारणको कहालिलाग्दो जीवनको चित्रण कथामा छ । साथै यहाँको अव्यवस्थित यातायाको कारण जनताले भोग्नु परेको सास्तिलाई पनि देखाइएको छ ।

यस कथामा नेतादेखि लिएर पत्रिका बेच्ने केटोसम्मका विभिन्न तहका पात्रहरूको प्रयोग गरिएको छ । पात्रहरू सकारात्मक र नकारात्मक दुवै किसिमका पात्रहरूको प्रयोग कथामा छ । यस कथामा बसको प्रतीक्षामा बसेका पात्रहरूको मानसिक स्थितिलाई चियाउने प्रयास पनि कथामा भएको छ । यस कथामा विभिन्न समस्याबाट सताइएका पात्रहरूले मानसिक धरातललाई परिवेश बनाएको छ साथै सहरी क्षेत्रम बसोबास गर्ने मानिसले विद्युत, पानी, यातायातको असुविधाले भोग्नु परेको समस्याग्रस्त जीवनको दुःखद स्थिति नै कथाको व्यापक परिवेश हो । स्थानिक परिवेशको रूपमा एउटा सहरको व्यस्त चोक र त्यस वरपरका क्रियाकलापलाई लिइएको छ ।

नेताहरूको गैर जिम्मेवारीपूर्ण व्यवहार, त्यसले गर्दा सर्वसाधारणले भोग्नु परेको सास्तीलाई देखाउँदै विभिन्न समस्याबाट पिरोलिएका यात्रुहरूको मानसिक धरातल देखाउनुका साथै यातायात, विद्युत, पानीको अभावका कारणले सर्वसाधारण जनताले कष्टपूर्ण जीवन बाँच्न बाध्य हुनु परेको यथार्थलाई कथामा देखाउनु कथाकारको उद्देश्य देखिन्छ । मानिसले बाँच्नका लागि गर्नु परेको

सङ्घर्षलाई पनि कथामा देखाइएको छ । यस कथामा कोरस आवाजहरू र ‘मायालु तिम्रो अधरमा...’ जस्ता गीतहरूको प्रयोगले कथाको भाषा साङ्गीतिक बन्न पुगेको छ । कथाको भाषा सरल, सहज, बोधगम्य नै छ । अङ्ग्रेजी, हिन्दी भाषाका आगन्तुक शब्दको प्रयोगले कथा अझ प्रभावकारी बन्नुका साथै ढ्याम्मै, प्याच्चजस्ता ठेट नेपाली शब्द प्रयोगले कथा आकर्षक बनेको छ । वर्णनात्मक शैलीको प्रयोग कथामा गरिएको छ ।

### ५.६.१९ युद्ध

*युद्ध* कथामा पैसाका कारणले सङ्कुचित बन्दै गइरहेको आजको दुनियाँमा बाँच्नका लागि सङ्घर्ष गर्दा आफ्नो अस्तित्वलाई समेत लिलामी गर्नुपर्दा भोलानाथको अहम् वृत्तिमा ठेस लाग्नु र हीनताबोध भई विक्षिप्त बन्नु, इमान्दारिता र बेइमानी मध्ये कुन बाटो रोज्दा जीवन सुरक्षित हुन्छ भन्ने भोलानाथको मानसिक द्वन्द्व यस कथामा देखाइएकोले युद्ध शीर्षक सार्थक छ ।

कथामा भोलानाथको विचार र अनुभूतिलाई कथाको अन्तर्वस्तु बनाइएको छ । कथामा परिवारका इच्छा आकाङ्क्षालाई पूरा गर्न नसक्ने भोलानाथजस्ता निम्न वैतनिक कर्मचारीका घरमा पैसाका कारणले उत्पन्न अभाव, कलह, झै-झगडा, पैसाले मानिसमाथि आधिपत्य जमाउँदै गएको यथार्थ, संवेग, निराशा, स्वाभिमान, अस्तित्वबोधजस्ता भावनाको चित्रण, पथभ्रष्ट कर्मचारीहरू, भ्रष्टाचार घुसखोरीबाट नवधनाढ्य बन्दै गएको यथार्थ, इमान्दार कर्मचारीहरूले न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न नसकेको तीतो यथार्थ, मानिस पैसाको दास बन्दै गएको यथार्थ, शक्तिको बर्बर दुरुपयोग गर्ने व्यक्तिहरूले सोझा इमान्दारहरूलाई उनीहरूको परिस्थितिको फाइदा उठाउँदै षड्यन्त्रको दुष्चक्रमा पारि दुःख कटु यथार्थ र इमान्दार स्वाभिमान व्यक्तिले अहम्मा ठेस लाग्दा उत्पन्न हुने मानसिक खेलाबैला नै यस कथाका कथावस्तु हुन् ।

यस कथाको प्रमुख पात्र भोलानाथ नै हो । जो गतिशील, वर्गीय, मञ्चीय, बद्ध प्रौढ पात्र हो । प्रस्तुत कथामा भोलानाथको कोठा वरिपरिका दृश्यहरू नै परिवेशका रूपमा आएका छन् । कथामा बाह्य द्वन्द्व नभई भोलानाथको मानसिक द्वन्द्व सशक्त पाइन्छ । प्रस्तुत कथाका उद्देश्य वर्तमान समयमा मौलाउँदै गएको घुसखोरी, भ्रष्टाचारी, कर्मचारीतन्त्रप्रति व्यङ्ग्य प्रहार गर्दै, भोलानाथलाई पश्चाताप गर्न लगाएर जीवनजगत् सम्बन्धी आफ्नो धारणा प्रस्तुत गर्नु रहेको छ । कथाको भाषा सरल, सहज, हुनुका साथै व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको छ ।

### ५.६.२० जहाँजहाँ नारायणीले चुमेको छ

*जहाँजहाँ नारायणीले चुमेका छ* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आयामको कथा रचना हो । यहाँ प्राकृतिक क्रूरता, विद्रूपताको चित्रण गरिएतापनि शीर्षक जहाँजहाँ नारायणीले चुमेको छ भनेर राखिएकोले शीर्षक चयनमा अर्थातात्विक विचलन देखिन्छ । चुम्नु कोमलताको प्रतीक हो तर यस कथामा प्रकृतिको कठोर ताण्डव नृत्यलाई देखाइएको छ ।

यस कथामा मूलतः बर्सात्को समयमा नारायणीमा आउने भेलले गर्दा त्यस आसपासका क्षेत्रमा पार्ने प्रभावलाई देखाइएको छ । नारायणीको किनारमा बस्नेहरूको जीवन सधैं डर, त्रासमा बितेको यथार्थ उदाहरणीय जीवन व्यतित गर्नुपर्ने व्यक्ति स्वयम् रक्सी खाने कुलतमा फसेको यथार्थ, जङ्गली जनावरबाट किसानको मेहनतमाथि हुने गरेको आक्रमण, त्यहाँको बौद्धिक दरिद्रता, त्यहाँको गरिबी, नसामा डुब्न रमाउने कामचोर, बकम्फुसे अल्लारे प्रवृत्तिका युवाहरूको संसारलाई पनि कथाले आफ्नो विषयवस्तु बनाएको छ । माछा मारेर आफ्नो जीवन गुजारा गर्नुपरेको कुरालाई पनि कथामा प्रस्तुत गरिएको छ ।

यस कथामा प्रमुख पात्रका रूपमा कथाकार स्वयम् आएका छन् । शिक्षक, बोटेहरू, पसले आदि गौंण पात्रका रूपमा आएका छन् । स्वभावका आधारमा गतिहीन पात्रको प्रयोग पाइन्छ । जीवनचेतनाका आधारमा वर्गीय पात्रहरूको प्रयोग छ । नारायणी नदी र यसका आसपासका क्षेत्रलाई परिवेशका रूपमा प्रस्तुत गरिएको यस कथाको उद्देश्य नारायणीको उपयोगिताका साथै यसले गर्ने विनाशलाई देखाउँदै यसबाट पीडित जनताको यथार्थ स्थितिलाई प्रस्तुत गर्नु रहेको छ ।

सरल, सहज, बोधगम्य भाषामा लेखिएको यस कथामा छोटा-छोटा सरल वाक्यको अधिक प्रयोग हुनुका साथै क्रियापदहीन वाक्यको समेत प्रयोग भएको पाइन्छ । सडकसीताराम, जलुवा, पट्ठो जस्ता झर्रा नेपाली शब्दको प्रयोगले कथा प्रभावकारी बनेको छ ।

### ५.६.२१ माइक्रोबोट्स

*माइक्रोबोट्स* **अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रहमा सङ्ग्रहित मझौला आकारको कथा रचना हो । माइक्रोबोट्स विज्ञानका नवीन विषयवस्तुलाई लिएर लेखिएको उत्कृष्ट विज्ञान कथा हो । वर्तमान समयसम्ममा विज्ञानका क्षेत्रमा विभिन्न किसिमका नया"-नयाँ चमत्कारहरू भएका छन् । विज्ञान प्रविधिका क्षेत्रमा हात लागेका सफलताले मानव जीवनमा नै उथुलपुथुल ल्याइदिएको छ । यसका सहायताबाट निर्मित उत्पादन साधनहरू मानव जीवनका अभिन्न साथीजस्तै भएका छन् जसले गर्दा मानिसको श्रम र समयको वचत हुन पुगेको छ । यस कथामा विज्ञानको महत्वपूर्ण उपलब्धि माइक्रोबोट्सले मानव जीवनमा पुऱ्याएका सुविधाहरू र भविष्यमा पनि यसलाई अझ भिन्न रूपमा प्रयोग गरी अझ बढी सेवा लिन सकिने आदि प्रसङ्गहरू आएकाले कथाको शीर्षक माइक्रोबोट्स औचित्यपूर्ण छ ।

यस कथाको विषयवस्तु मूलतः विज्ञानसँग सम्बन्धित छ । हाल विज्ञानका क्षेत्रमा नवीनतम आविष्कारहरू भइरहेको छ । विज्ञानका उपलब्धिले मानव जीवन सहज र फुर्सदिलो हुन पुगेको छ । विज्ञानले विभिन्न किसिमका यन्त्रमानव (रोबोट) हरूको आविष्कार गरेको र रोबोटहरू मानवका इसाराका आधारमा काम गर्ने खालका छन् । यस कथामा यस्ता माइक्रोबोट्सलाई कसरी चिकित्साको क्षेत्रमा प्रयोग गरी मानव जीवनलाई स्वस्थ्य बनाउन सकिन्छ भनि मुसा बाँदरमा परीक्षण गरिएको छ । उक्त परीक्षण सफ भएपछि मानवमा उक्त माइक्रोबोट्सको प्रयोग गरी सजिलैसँग रोग निर्मूल

पार्ने आशावादी स्वर प्रकट भएको छ । यहाँ रोबोटहरू खाना लैजाने, गाडी चलाउने, भान्छा व्यवस्थित गर्ने, खाना वितरण गर्ने, कार्यालय सहायकका रूपमा कार्य गर्ने आदि कुराहरूलाई कथामा कलात्मक पाराले प्रस्तुत गरिएको छ ।

यस कथामा मानवीय, मानवेत्तर, निर्जीव आदि पात्रहरूको प्रयोग गरिएको छ । यहाँ माइक्रोबोट्स, रोबोट आदि निर्जीव पात्रका रूपमा आएका छन् भने बादर, मुसा आदि मानवेत्तर पात्रका रूपमा आएका छन् । यस कथाको प्रमुख केन्द्रीय पात्र प्रोफेसर पाण्डे हुन् । उनी गतिशील, बद्ध, व्यक्तिगत, अनुकूल, मञ्चीय, प्रौढ पात्रका रूपमा कथामा देखिएका छन् । विशेषतः वैज्ञानिक प्रयोगशालीय परिवेशलाई आधार लिएर तयार पारिएको यस कथाको स्थानिक परिवेश भने नेपाल रोबोट लिमिटेडको गोप्य बैठक कक्षलाई लिइएको छ । विज्ञानका क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धिको जानकारी गराउने उद्देश्यले लेखिएको यो कथा विज्ञान र साहित्यको सङ्गम बन्न पुगेको छ ।

अन्य कथाको तुलनामा यस कथाको भाषा नितान्त फरक किसिमको छ । विज्ञान सम्मत् पारिभाषिक र प्राविधिक शब्दको प्रशस्त प्रयोग कथामा भएको छ । अङ्ग्रेजी भाषाका शब्दको समेत प्रयोग भएको हुँदा यो कथा सामान्य पाठकका लागि नभई बौद्धिक पाठकका बौद्धिक खुराक सावित भएको छ । कथामा डिजिटल शैलीको प्रयोग गरिएको छ ।

## ५.७ निष्कर्ष

**अनुभ्रम प्रतिभ्रम** कथासङ्ग्रह वि.सं. २०६६ सालमा प्रकाशित कथासङ्ग्रह हो । यस सङ्ग्रहका कथाहरूमा उत्तरआधुनिक चेत पाइन्छ । यस सङ्ग्रहका कथाहरूमा निम्न विषयवस्तु प्रस्तुत भएका छन् । यौनवृत्ति, प्रविधि संस्कृति, युद्धजन्य विभिषिका, मानवीय कठोरता, मानसिक जटिलता, शक्तिकेन्द्री प्रवृत्ति, प्रयोगात्मक राजनीतिको प्रस्तुति, मान्छेका बहुलवादी प्रवृत्ति, शृङ्खलाहीन जीवन भोगाइ, मान्छेका हतास, उदास मनस्थितिको चित्रण आदिको प्रस्तुति अनुभ्रम प्रतिभ्रमका कथाहरूमा पाइन्छ । बौद्धिक, सान्दर्भिक विषयचयन, परिस्कृत परिमार्जित एवम् आलङ्कारिक लेखन कथामा प्रस्तुत छ । कथामा प्रशस्तै बिम्ब, प्रतीक मिथकको प्रयोग छ । मिथकको प्रयोगमा आधुनिकीकरण छ । शैलीमा निजत्व अनौपचारिक भाषा प्रयोग यस सङ्ग्रहका कथाहरूमा पाइन्छ ।

# परिच्छेद : छ
# उपसंहार तथा निष्कर्ष

## ६.१ परिचय

उपसंहार भन्नाले कुनै विषयको समाप्ति तथा अन्त्य निचोड भन्ने बुझिन्छ । उपसंहार हेर्नासाथ माथि कुन-कुन विषयमा चर्चा, परिचर्चा, व्याख्या गरिएको छ त्यसको स्पष्ट खाका हाम्रो सामु छर्लङ्ग हुन्छ । उपसंहार एक महत्त्वपूर्ण शीर्षक भएकाले यसमा मुख्य र महत्त्वपूर्ण विषयलाई 'गागरमा सागर' भनेझैँ छोटो मिठो रूपमा प्रस्तुत गर्नु पर्दछ । यस परिच्छेदमा **साहित्यकार हरिहर पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक शोधकार्यका लागि विगतका परिच्छेदहरूमा गरिएका अध्ययन र विश्लेषणको परिच्छेदगत सारांशका साथै समग्र निष्कर्ष प्रस्तुत गरिएको छ :

## ६.२ परिच्छेद : एकको निष्कर्ष

यस परिच्छेदमा शोधकार्यको परिचय दिइएको छ । यसमा शोधविषयको परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

## ६.३ परिच्छेद : दुईको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार हरिहर पौडेलको जीवनीको सर्वाङ्गपूर्ण अध्ययन गरिएको छ । जीवनीअन्तर्गत जन्म, बाल्यकाल र शिक्षादीक्षा, वैवाहिक र पारिवारिक स्थिति, आर्थिक अवस्था र पेशा, कार्यक्षेत्र प्रवेश र निरन्तरता, सामाजिक क्षेत्रमा संलग्नता, रुचि र भ्रमण, सम्मान तथा पुरस्कार प्राप्ति बारेका सूचनाहरू सङ्कलन गरिएको छ ।

## ६.४ परिच्छेद : तीनको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार हरिहर पौडेलको व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा वर्गीकरण गरिएको छ भने आन्तरिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी विभिन्न उपशीर्षकमा अध्ययन गरिएको छ ।

## ६.५ परिच्छेद : चारको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार हरिहर पौडेलको साहित्ययात्राका क्रममा देखिएका प्रमुख प्रवृत्ति र चरणलाई प्रस्तुत गरिएको छ । जसअन्तर्गत प्रेरणा र प्रभाव, आगमन र लेखनको

विकासक्रम प्रस्तुत गर्नुका साथै उनले गरेको साहित्यिक यात्रालाई पूर्वाद्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरी अध्ययन गरिनुका साथै चरणगत प्रवृत्तिहरू बारे टिप्पणी गरिएको छ ।

## ६.६ परिच्छेद : पाँचको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार हरिहर पौडेलका कथाको कथा सिद्धान्तका आधारमा विश्लेषणात्मक अध्ययन गरिएको छ । यसमा **इतिवृत्त** र **अनुभ्रम प्रतिभ्रम** कथाहरूको क्रमशः संरचना, शीर्षक, कथावस्तु, पात्र, संवाद, परिवेश, उद्देश्य, भाषाशैली र दृष्टिबिन्दुका आधारमा विश्लेषण गरिएको छ । साथै **कालो उज्यालो** लघुकथासङ्ग्रहका कथाहरूको सङ्क्षिप्त विश्लेषण गरिएको छ । यसै परिच्छेदमा **नोबेल पुरस्कार विजेता साहित्यकारहरूको जीवनी, व्यक्तित्व र कृतित्व**का प्रवृतिहरू प्रस्तुत गरिएको छ ।

## ६.७ समग्र निष्कर्ष तथा उपसंहार

विगत करिब दुई दशकदेखि साहित्यसाधनारत हरिहर पौडेल **इतिवृत्त, कालो उज्यालो, अनुभ्रम प्रतिभ्रम** आदि साहित्यिक कृतिमार्फत् नेपाली वाङ्मयका अध्येताहरू बीच परिचित छन् ।

भारत राज्यको असमको डिब्रुगढ जिल्ला स्थित तीनसुकियामा वि.सं. २०२५ श्रावण बाइस गते पिता मोतीप्रसाद र माता इमाकुमारीको कोखबाट जन्मिएका हरिहर पौडेलको बाल्यकाल सुखपूर्ण तरिकाले रमाइलोसँग बित्यो । उनको प्राथमिक शिक्षाको प्रारम्भ पाँचवर्षको उमेरमा सवापत्थरको स्थानीय प्राथमिक विद्यालयबाट सुरु भयो । अक्षरारम्भको केही समय पश्चात नै बुबासँगै बसाइसराइँका क्रममा चितवनको आनन्दपुरमा प्राथमिक शिक्षा र विश्वप्रकाश माध्यमिक विद्यालय मङ्गलपुरबाट प्रवेशिकासम्मको अध्ययन पूरा गरेका उनले प्रथम श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेपछि भरतपुर स्थित वीरेन्द्र बहुमुखी क्याम्पसबाट आइ.एस्सीसम्मको शिक्षा पूरा गरेको देखिन्छ । उनले काठमाडौँको त्रिचन्द्र कलेजबाट बी.एस्सी र भौतिक शास्त्र केन्द्रीय शिक्षण विभाग कीर्तिपुरबाट वि.सं. २०५१ मा एम.एस्सीसम्मको अध्ययन पूरा गरेका छन् । उनले यत्तिमा मात्र आफ्नो अध्ययनलाई सीमित नराखी भारतको बनारस हिन्दू विश्वविद्यालय वारणसीको भू-भौतिकशास्त्र विभागबाट *नेपाल र यस वरिपरिको क्षेत्रको भूकम्पीय बनोट र जोखिम* शीर्षकमा वि.सं. २०६५ मा विद्यावारिधि गरेका छन् ।

वि.सं. २०५१ सालमा स्नातकोत्तर उत्तीर्ण गरी सोही वर्ष वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा चार महिना आंशिक शिक्षकका रूपमा र त्यसपछि सहायक प्राध्यापकका रूपमा उनको प्रध्यापकीय पेसा सुरु भएको पाइन्छ । २०५४ सालमा पदन्नोति भई उपप्राध्यापक भएका पौडेल हाल सह-प्राध्यापक पदमा कार्यरत छन् । आफ्नो अध्ययन-अनुसन्धानको क्रममा थुप्रै विकसित राष्ट्रहरूको भ्रमण गरेका उनले ती स्थान, परिवेश, संस्कार, भौगोलिक बनोट, रीतिरिवाजको व्याख्या आफ्ना संस्मरणहरूमा गरेका छन् ।

हरिहर पौडेल बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । उनलाई साहित्यकार व्यक्तित्वका रूपमा कवि, कथाकार, मुक्तककार, गजलकार, जीवनीलेखक, नियात्राकार, समीक्षक, अनुवादक, कोशकार, वार्ताकार अनि साहित्येतर, कुशल प्राध्यापक, समाजसेवी एवम् राजनैतिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । साहित्यिक व्यक्तित्वका सन्दर्भमा उनको कथाकार व्यक्तित्व सबैभन्दा उच्च रहेको छ ।

उनले साहित्यका क्षेत्रमा गरेको योगदानको समुचित कदर गर्दै उनको पहिलो कथासङ्ग्रह **इतिवृत्त** (२०५१) लाई नारायणी वाङ्मय पुरस्कार (विरगञ्ज) प्रदान गरिएको छ । यसका अतिरिक्त पौडेलले आधुनिक नेपाली कथा, कविता र राष्ट्रिय अन्तर्राष्ट्रिय जीवनीका माध्यमबाट नेपाली साहित्यको निरन्तर सेवा गरेवापत **राष्ट्रिय साप्ताहिक** चितवनले **सम्मानपत्र** प्रदान गरेको छ । यसै गरी सन् २००८ मा बनारस हिन्दू विश्वविद्यालय भारतबाट जियोफिजिक्स विषयमा पी.एचडी. गरे वापत महामहिम राष्ट्रपतिबाट २०६६ साल भाद्र २३ मा ‘क’ श्रेणीको नेपाल विद्याभूषणबाट विभूषित गरिएको छ ।

वि.सं. २०४३ चैत्रमा **राष्ट्रपुकार** साप्ताहिक पत्रिकामा *चिसो पेटीमा समय र वर्तमान युद्ध एक टिप्पणी* जस्ता दुईवटा फुटकर कविता प्रकाशित भएपछि औपचारिक रूपमा साहित्यमा पाइला टेकेका पौडेलका कविताहरूमा अस्तित्ववादी, विसङ्गतिवादी, शून्यवादी चेतना पाइन्छ । यसका अतिरिक्त समाजमा व्याप्त आर्थिक, सामाजिक, राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । गद्यलयमा कविता लेख्ने पौडेलका कविताहरूमा नेपाली जनजीवनका कष्टपूर्ण भोगाइ, विद्रोहात्मक प्रवृत्ति पाइन्छन् । यिनका कविता **नवकविता, सूर्यमुखी, मधुपर्क, बिन्दु, बगर, युगाधार, हाम्रो मझेरी, चितवन पोष्ट** आदि पत्रिकाहरूमा प्रकाशित भए तापनि यी सिर्जनाहरू असङ्ग्रहित नै छन् । यिनले पुस्तकको रूप ग्रहण गर्न सकेका छैनन् ।

वि.सं. २०४४ भदौमा **समष्टि** पत्रिकामा प्रकाशित *कारण* शीर्षकको कथाबाट औपचारिक कथालेखनको यात्रा सुरु गरेका हरिहर पौडेलका कथामा सूक्ष्म विषयवस्तु र न्यून पात्रको उपस्थिति पाइन्छ । वर्तमान समयमा देशमा व्याप्त राजनैतिक अस्थिरता र अन्यौलको कारण सन्त्रस्त जनजीवन, सरकारी सेवामा कार्यरत जागिरेको नियति, शक्तिकेन्द्री प्रवृत्ति, मानसिक जटिलता, समलिङ्गी चेतना, मान्छेको हतास र निराश मनस्थितिको चित्रण, अनैतिक सम्बन्ध, भ्रम, बिग्रदो परिस्थिति, बहुदलवादी प्रवृत्ति, शृङ्खलाहीन जीवनको भोगाइ, युद्धजन्य विभीषिका, यौनवृत्ति, मानवीय कठोरता, प्रविधि संस्कृति, नागरसभ्यताको विकृति, एकाकीपनको मनोविश्लेषण, अन्यविश्वास, घात-प्रतिघात, बौद्धिक पलायनता आदिलाई सबल, सटिक र प्रवाहमय शैलीमा आफ्ना कथाहरूमा प्रस्तुत गरेका छन् ।

समग्रमा भन्नुपर्दा उनका पूर्वार्द्धका कथाहरूले यथार्थवादी प्रवृत्ति बोकेको भए तापनि उत्तरार्द्धका कथाहरू उत्तर आधुनिक प्रवृत्तिका देखिन्छन् । उनका उत्तरार्द्धका कथाहरूमा विज्ञान र साहित्यको मेल, बहुलवादी जीवनशैलीका विविध आयाम, केन्द्र भङ्गता, मुक्तकीय शैली, बिम्ब

प्रतीकको आधुनिकीकरण आदि देख्न सकिन्छ । पौडेलका हालसम्म **इतिवृत्त** (२०५१), **कालो उज्यालो** (२०६२), **अनुभ्रम प्रतिभ्रम** (२०६६) गरी तीनवटा कथासङ्ग्रह प्रकाशित छन् । उनी पाश्चात्य र नेपाली साहित्यका अध्येता हुनुका साथै नेपाली कथाका क्षेत्रमा सुनौलो भविष्य भएका कथाकार हुन् । उनका रचनामा समाजका विकृति, विसङ्गति, मानवता, नैतिकता, इमान्दारिताको चित्रण पाइन्छ । सरल र सरस भाषाबाट व्यङ्ग्यात्मकता, चमत्कारिता, प्रवाह गर्नु उनको खुबी हो । नेपाली हिन्दी, अरबी, अनुकरणात्मक, अङ्ग्रेजी शब्द र सरल शैलीको प्रयोगले भाषालाई सिँगार्न खप्पिस हरिहर पौडेलका कथामा शैलीगत नवीनता पाइन्छ । यसरी साहित्यको उत्थानमा लागेका पौडेलको योगदान अतुलनीय छ । यिनका कथा लघुप्रायः छन् । भाषाशैली गतिशील छ । यिनले एकसय चार जना नोबेल पुरस्कार विजेता साहित्यकारहरूको साहित्यिक योगदानको समेत चित्रण गरेका छन्, जुन सशक्त र आधिकारी देखिन्छ । विज्ञान शब्दकोशका साथै भौतिक शास्त्रका नोबेल पुरस्कार प्राप्त प्रतिभाहरूको जीवनीका गायक साहित्यिकार हरिहर पौडेल आफैमा एउटा सशक्त साहित्यिक संस्थाका रूपमा स्थापित छन् । यिनको कलम अझै गतिशील छ ।

# सन्दर्भसामग्रीसूची

## क. प्रमुख सन्दर्भग्रन्थसूची

पौडेल, हरिहर, **इतिवृत्त,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान), २०५१ ।

)))))))), **कालो उज्यालो,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान), २०६२ ।

)))))))), **अनुभ्रम प्रतिभ्रम,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान), २०६६ ।

## ख. सहायक सन्दर्भपुस्तकसूची

अधिकारी, पूर्णप्रसाद शर्मा, *साहित्यमा लाग्नु कुमार्गमा लाग्नु होइन,* **वर्णपट,** (वर्ष १, अङ्क १), २०६२ ।

अज्ञात, कपिल, **स्रष्टा बिम्ब : व्यक्तित्व र आरेख,** (चितवन : चितवन साहित्य परिषद्), २०६७ ।

अश्क, गोपाल, **लघुकथा प्रक्रिया र पाठ,** ( ललितपुर : साझा प्रकाशन), २०६५ ।

कोइराला, सीताराम, **संवादमा स्रष्टाहरू,** (काठमाडौं : नारी साहित्य प्रतिष्ठान), २०६४ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान), २०५२ ।

))))))))), **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना,** (काठमाडौँ : ओरिएन्टल पब्लिकेशन हाउस प्रा.लि.), २०६६ ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मिठो नेपाली,** बीसौं आवृत्ति, (काठमाडौं : सहयोगी प्रेस), २०५४ ।

पोखरेल, बालकृष्ण (नि.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र.), २०५८ ।

पौडेल, गोपाल, *चितवनमा गजल लेखन : विगतदेखि वर्तमानसम्म,* **गजलपथका यात्रीहरू,** ( संम्पा.) बालकृष्ण थपलिया, (अभिव्यञ्जना साहित्य प्रतिष्ठान), २०६१ ।

मरहट्टा, मिलन, **उज्यालो हुनुअघि उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६५ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा,** (भाग-४), (ललितपुरं : साझा प्रकाशन), २०५७ ।

## ग. सन्दर्भपत्रिकासूची

कोइराला, सीताराम (सम्पा.), *लेख्नु त आफूलाई अभिव्यक्त गर्नु हो,* **संवादमा स्रष्टाहरू,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६४ ।

खनाल, हरिहर, *चितवनको साहित्य एक विहङ्गम दृष्टि,* **चितवन महोत्सव स्मारिका,** उद्योग वाणिज्य सङ्घ, चितवन २०५५ ।

गौतम, कृष्ण, *साहित्यमा विज्ञानका दुई भाइ आफ्नै विधा, आफ्नै अवाज,* **गरिमा,** वर्ष १४, अङ्क ६, पूर्णाङ्क १६१, २०५३ ।

ढकाल, शालिकराम, *समसामयिकताको फोटोग्राफी कालो उज्यालो,* **मधूलिका,** वर्ष १३, पूर्णाङ्क १० चितवन वाङ्मय प्रतिष्ठान २०६५ ।

परिश्रमी, नन्दु, *इतिवृत्तको वृतान्त,* **मिर्मिरे,** वर्ष २४, अङ्क ५, पूर्णाङ्क १२०, काठमाडौं : नेपाल राष्ट्र बैंक २०५२ ।

# परिशिष्ट ‘क’

**शोधनायकका सम्बन्धमा जानकारी राख्ने विभिन्न व्यक्तिहरूसँग सोधिएका प्रश्नावली**

१. हरिहर पौडेललाई तपाईं कहिलेदेखि चिन्नुहुन्छ ?
२. हरिहर पौडेलको रुचि र स्वाभाव के-कस्तो रहेको छ ?
३. हरिहर पौडेलका कुन-कुन साहित्यिक कृतिहरू पढ्नु भएको छ ?
४. हरिहर पौडेल साहित्यका कुन विचारधाराका अधीनमा रहेर लेखन गर्ने कस्ता साहित्यकार हुन् भन्ने ठान्नुहुन्छ ?
५. हरिहर पौडेललाई के-कस्तो भाषाशैलीको साहित्यकार मान्नुहुन्छ ?
६. विशेष गरी उनका कथामा के-कस्ता विषयले स्थान पाएका छन् ?
७. हरिहर पौडेलका साहित्यिक रचनाहरूको मूल्याङ्कन कुन रूपमा गर्नुभएको छ ?
८. हरिहर पौडेलका कथाका बारेमा तपाईंको विचारमा अन्य केही भए बताइदिनुस् न ?

# परिशिष्ट ‘ख’

**हरिहर पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षक शोधपत्र सम्पन्न गर्नका लागि शोधार्थीबाट अन्तर्वार्ता लिइएका विशिष्ट व्यक्तित्वहरूको नामावली :**

कपिल अज्ञात (सह-प्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस तथा समकालीन साहित्यकार)

नारायणप्रसाद खनाल (प्रा. डा. वीरेन्द्र बहुमुखी क्याम्पस, विभागीय प्रमुख तथा वरिष्ठ समालोचक)

लक्ष्मणप्रसाद गौतम (डा.सह-प्राध्यापक नेपाली केन्द्रीय शिक्षण विभाग, कीर्तिपुर तथा वरिष्ठ समालोचक)

विष्णुप्रसाद सापकोटा (उप-प्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस, समालोचक)

पुष्पा पौडेल (शोधनायककी श्रीमती) भ.न.पा. १०, चितवन ।